सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष १५ ● अंक ३० ● काठमाडौं, शुक्रबार, मंसिर २६, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Dec 11, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-




# अब काठमाडौंमै उपलब्ध छ

● विदुर खतिवडा





काठमाडौं– एक जना नेपाली पत्रकार बैंककबाट नेपाल फर्कने हतारमा थिए, त्यसै बेला सडक किनारमा अचम्मको पसल देखेपछि उनी अडिए । विभिन्न स्वरूपमा वयष्क कृत्रिम यौनांग बिक्रीका लागि राखिएका देखेपछि उनको ध्यान त्यसतर्फ खिचिएको थियो । 'सबैभन्दा बढी महिलाको नक्कली नांगो शरीरले मलाई खिचेको थियो ।' शारीरिक सम्पर्कका लागि उपयुक्त त्यो 'भर्च्युअल डमी' किन्ने सोच बनाएका ती अविवाहित पत्रकारले कुराकानीका क्रममा भने- 'त्यो कृत्रिम साधनलाई घर ल्याएर लुकाउन सम्भव नहुने देखेपछि नकिनी फर्किएँ ।'

पत्रकारले बैंककबाट युवतीको कृत्रिम शरीर ल्याउन नपाए पनि अब नेपालमै यो सेवा सबैले पाउने भएका छन् । प्राकृतिक यौनसम्पर्कबाट वञ्चित वा आकांक्षाबमोजिमको चरम सुख नपाएकाहरूले अब नेपाली बजारमै कृत्रिम यौनांग खरिद गरेर यौन आनन्द लिन सक्छन् ।

नेपाली उपभोक्तालाई लक्षित गरेर द कन्डम हाउसले सुन्धारा, खिचापोखरीस्थित आउटलेटबाट कृत्रिम यौनांगहरू बिक्री-वितरणमा ल्याएको छ । विश्वबजारमा पाइने आधुनिक यौनसामग्री नेपाल भित्र्याउने योजना बनाएको उक्त हाउसले त्यसका लागि सबै तयारी पूरा गरिसकेको छ । 'हामीले यो विषयमा नेपालीहरूको चासोका बारेमा लामो अध्ययन गरेपछि हात हालेका हौं,' द कन्डम हाउसका अध्यक्ष राजु भुजेलले साप्ताहिकसँग भने- 'कृत्रिम यौनांग अनुभूत गर्ने चाहना राखेका नेपालीले अब यस्ता सामग्री खरिद गर्न अन्तर्राष्ट्रिय बजारमा जानु पर्दैन ।'

यौनसम्पर्कका लागि उपलब्ध हुने खेलौनाको व्यावसायिक कारोबार प्रारम्भ गर्ने यो पहिलो नेपाली संस्था हो । 'कम्पन (भाइब्रेटिङ) सहितको महिलाको यौनांग र महिलाको नक्कली नांगो खेलौना शरीर ल्याएका छौं,' द कन्डम हाउसका निर्देशक युवराज न्यौपाने भन्छन्- 'त्यसैगरी कम्पनसहितको पुरुष लिंग पनि छ ।' भाइब्रेटिङ पुरुष यौनांग, पुसिज टोय र डल पुसी टोयका विभिन्न मोडललाई हाउसले बिक्री-वितरणमा ल्याएको छ, जसको प्रयोगबाट उपभोक्ताले यौनप्यास मेटाउन सक्छन् ।

गोप्य रहन रुचाउने नेपाली समाज यस विषयमा कुरा गर्नुलाई विकृति मान्ने भएकाले यसको बजार कसरी अघि बढ्छ भन्ने अन्यौल नै छ । विक्रेताहरू भने बजारको प्रारम्भिक अनुमान हेर्दा उत्साहित भएको उल्लेख गर्छन् ।


बाँकी पृष्ठ ३ मा






## ● क्यासेट ●

### उमंग



गायक रूपक डोटेलका आधुनिक गीतहरूको नयाँ संग्रह ‘उमंग’ बजारमा आएको छ। आलोकश्रीद्वारा संगीतबद्ध यो संग्रहमा आठवटा गीत छन्। म्युजिक नेपालको यो संग्रहका गीतहरू आलोकश्री, दयाराम पाण्डे, एस्पी कोइराला, किरण घिमिरे, नवराज लम्साल, नरेश भट्टराई, बेणीमाधव भट्टराई तथा दिनेश अधिकारीले रचना गरेका हुन्।

### तिम्रो मन



गगन सरगमका आधुनिक तथा पप गीतहरूको संग्रह ‘तिम्रो मन’ श्रोतामाझ आएको छ। निम संगीतद्वारा संगीतबद्ध गीतहरू समावेश गरिएको यो संग्रहलाई अमर प्रेम म्युजिकले बजारमा ल्याएको हो। संग्रहका गीतहरू कैलाश गुरुङ, योगज्योति क्रियाशील, सञ्जीवनी तथा निम संगीतले रचना गरेका हुन्।

### माइक



साउथ एसियन स्टार-नेपालको उपाधि पाएका गायक आशुषोन लामाका पप गीतहरूको संग्रह ‘माइक’ बजारमा आएको छ। म्युजिक डटकमको यो संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। संग्रहका सबै गीत गायक लामाले नै रचना गरेका हुन् भने संगीत पनि उनैले तयार पारेका हुन्।

## ● रंगमञ्च ●

### पाल्पामा सडक नाटक



स्थानीय तहमा लोकतन्त्र निर्माणका लागि सामाजिक स्रोत विकास केन्द्र नेपाल पाल्पाले सडकनाटक कचहरीलाई प्राथमिकता दिँदै अभियान थालेको छ। ‘हाम्रो अभियान, लोकतान्त्रिक ज्ञान’ भन्ने नारासहित केन्द्रले पिछडिएको गाविसका बासिन्दासँग हातेमालो गर्दै लोकतन्त्र निर्माणका लागि कचहरी सडक नाटक अभियान थालेको हो। सहभागिता, जिम्मेवारिता, जवाफदेहिता र पारदर्शितालाई पिछडिएको कुमाल, माझी, आदिवासी, दलित बस्तीमा पुगेर सडक नाटक, पर्चा, पम्पलेट, अन्तर्क्रियाको माध्यमबाट जानकारी गराइएको केन्द्रका टिम लिडर चोपलाल गिरीले बताए। पूर्वी पाल्पाको दर्छा, रामपुर, खालीवन, गेझा, हुंगी, कसेनी, रूप्से, पोखराथोक आदि गाविसमा अभियान सकिएको छ। योबाहेक पश्चिमका ख्याहा, सिद्धेश्वर, भुवनपोखरी, बौघागुम्हा, यम्घा आदि गाविसमा पनि यो अभियान पुग्नेछ। सडक नाटक कचहरीमार्फत धेरैलाई बुझाउन सकिएको अभियानमा सहभागी लक्ष्मी पुरीले बताइन्। कचहरीमार्फत समाधानको उपाय खोज्ने गरिएको छ। आरोहण गुरुकुलले सडकनाटक कचहरीका लागि सहयोग गरेको छ भने सामाजिक स्रोत विकास केन्द्र नेपालका कर्मचारीहरू नै सडक नाटकका कलाकार छन्।

### दृष्टिविहीनको कथा नाटकमा

गतसाता धरानमा आयोजित एउटा सांगीतिक समारोहमा एक दर्जन दृष्टिविहीन बालबालिकाले एउटा नाटकमा अभिनय गरेका छन्। पूर्वाञ्चल ज्ञान चक्षु विद्यालयका दृष्टिविहीन बालबालिकाले उक्त नाटकमा अभिनय गरेर उपस्थित दर्शकलाई मनोरञ्जन मात्र दिएनन्, दृष्टिविहीन भएर पनि सशक्त अभिनय गर्न सफल भए। विश्व अपाङ्ग दिवसको अवसरमा हेभन्ली पाथ युवा जिल्ला शाखा सुनसरीले गत साता यो नाटक मञ्चन गरेको हो। धरानको भानुचौकस्थित ट्याक्सी स्ट्यान्डमा आयोजित सांगीतिक कार्यक्रमको क्रममा दृष्टिविहीन कलाकारहरूले ‘के यो ठीक हो ?’ शीर्षकको नाटक मञ्चन गरेका हुन्। नाटकमा १२ जना दृष्टिविहीन बालबालिकाहरूले अभिनय गरेका थिए। नाटकका लेखक तथा निर्देशक जीवन बिष्टका अनुसार उक्त नाटक धरानमा पहिलो पटक मञ्चन गरिएको हो।

## ● ग्यालरी ●

### पातमा भाव खोज्दै विधाता

कलाकारको हेराइ हरेक वस्तुप्रति कलात्मक हुन्छ भन्ने कुरालाई पुष्टी गर्न विधाता केसीकै सिर्जना हेरे पुग्छ। उनले विभिन्न आकृति र सज्जामा पातलाई सजाएकी छिन्। पातको आकृतिले क्यानभास रङ्ग्याएकी विधाताले आफ्नो प्रदर्शनीलाई क्यालिडेस्केप शीर्षक दिएकी छिन्।

पातले जीवनको भावनाको प्रतिनिधित्व गर्ने उनको तर्क छ। हावा चल्दाको चञ्चल पातले मानिसको खुसी, आनन्द र यौवन देखाउँछ। त्यस्तै, पातमा कक्रिएका स्पष्ट देखिने रेशाले मानिसको आक्रोश, असन्तुष्टि र कुण्ठालाई देखाउँछ। ‘एउटै पातलाई फरक-फरक रूपमा देखाउने मेरो ध्येय हो’ पाँचौ एकल चित्र प्रदर्शनीका क्रममा भेटिएकी विधाता भन्छिन्। प्रारम्भमा फूलको आकृति कोर्न रुचाउने उनी अहिले पाततिर आकर्षित भएको बताउँछिन्। मंगलबार सुरु भएको उनको प्रदर्शनी पुस २ गतेसम्म चल्नेछ।

### कावासोतीमा युद्धपछि जनता

युद्धमा जनता चित्रकला लिएर देश यात्रामा निस्केको नेपाललयले अहिले फरक चित्रकला लिएर यात्रा थालेको छ। जनयुद्धपछिको तस्बिरको यो प्रदर्शनीलाई नाम दिइएको छ-युद्धपछिका जनता। यो प्रदर्शनी यात्रा अहिले नवलपरासीको कावासोतीमा पुगको छ जहाँ चित्र अवलोकन गर्न नेपाली कांग्रेसका उपसभापति रामचन्द्र पौडेल पुगेका थिए।

### विद्यार्थीहरूको कला प्रदर्शनी

‘बीएफए तेस्रो वर्ष ग्राजुएसन सो’ ललितकला कलेज बीएफए तेस्रो वर्षका विद्यार्थीहरूले यही शीर्षकमा आफ्ना शिल्पी पस्केका छन् एक प्रदर्शनी मार्फत। विभिन्न कलाकृतिलाई क्यानभासमा सजाएका उनीहरूले यो कला प्रदर्शनी संयुक्त रूपमा आयोजना गरेका हुन्। नेपाल कला परिषद् बबरमहलमा उनीहरूले आफ्नो कलाकृति सजाएका छन्। प्रदर्शनी भोलि शनिबारसम्म सञ्चालन हुनेछ।

## ● लाइभ ●

### भोलि कलेज एम्बेसडर छानिँदै

उपत्यकाभित्रका तीनवटै सहर काठमाडौं, पाटन र भक्तपुरका विभिन्न ४० वटा कलेजमा अध्ययनरत २२ जना छात्राबीच हुने प्रतिस्पर्धा कलेज एम्बेसडर २००९ भोलि दिउँसो जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न हुने भएको छ। ग्रीन आर्ट्स मिडियाको आयोजनामा सञ्चालन हुने तेस्रो संस्करणको यो प्रतियोगिताका सहभागीहरूले आधारभूत तालिमका साथै वाइनिङ र डाइनिङसम्बन्धी ज्ञान लिएका थिए। प्रतिस्पर्धीहरूलाई सामाजिक क्रियाकलापमा संलग्न गराई समाजिक उत्तरदायित्व बोध गराउने उद्देश्यले बालमन्दिर र वृद्धाश्रमको भ्रमणमा संलग्न गराइएको थियो। भोलि हुने प्रतिस्पर्धामा कलेज एम्बेसडर विजेताका अतिरिक्त फस्ट तथा सेकेन्ड रनर्सअप विजेतालगायत विभिन्न विधामा विजेता छनौट गरिने बताइएको छ।

### धरानमा खोजी प्रतिभाको अडिसन

धरानलगायत पूर्वाञ्चलका संगीत, नृत्य, अभिनय तथा गायनका नवोदित कलाकारहरूलाई खुसीको खबर ! नेपाल टेलिभिजनबाट प्रसारणका क्रममा रहेको रियालिटी शो ‘खोजी प्रतिभाको’ को धरान अडिसन भोलि शनिबार सम्पन्न हुँदैछ। धरान अडिसनका लागि कार्यक्रम निर्माण समूह आज शुक्रबार नै धरान पुगिसकेको छ। धरान अडिसनमा कार्यक्रमका उद्घोषक तथा निर्देशन दिनेश डिसी, कोरियोग्राफर रिनाशा राई, संगीतकार सुरेश अधिकारी आदि निर्णायकका रूपमा सहभागी हुँदैछन्। अडिसन धरानको अमरहाटस्थित सुनगाभा स्कुलको प्रांगणमा बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म जारी रहनेछ।

### मिस लिटिल पोखरा

पोखराका स-साना बालिकाहरूलाई सहभागिता गराउँदै आगामी पुस १८ गते पोखरामा ‘मिस लिटल पोखरा २००९’ शीर्षकको प्रतियोगिता आयोजना गरिनेछ। द लुक्स फेसन होम्सले पोखरामा पहिलो पटक मिस लिटिल पोखराको आयोजना गर्न लागेको हो। रवीन्द्र बज्राचार्य र सुरक्षा गुरुङले उनीहरूलाई ऱ्याम्पमा हिँड्न सिकाइरहेका छन्। प्रतियोगितामा ७ देखि १२ वर्षसम्मका बालिकाहरू सहभागी हुनेछन्। प्रतियोगितामा सहभागी हुने अधिकांश बालिकाले जित्नका लागिभन्दा पनि आफ्नो क्षमता अभिवृद्धिका लागि प्रतियोगितामा भाग लिन लागेको बताएका छन्।

## ● पुस्तक ●

### नेपाली कांग्रेसको इतिहासको प्रारूप

नेपाली कांग्रेसका कार्यकर्ताका रूपमा परिचित पुरुषोत्तम बस्नेतले नेपाली कांग्रेसको इतिहासलाई यो पुस्तकमार्फत् सांगोपाङ्गो अध्ययन गरेका छन्। इतिहास त्यसै पनि जटिल र विवादास्पद विषय हो। सम्भवतः आजसम्म पनि इतिहासकारहरू विवादबाट अछुतो छैन। प्रस्तुत पुस्तकमा बस्नेतले उल्लेख गरेका घटनाहरू र त्यसलाई हेर्ने तथा अध्ययन गर्ने दृष्टिकोण व्यक्तिको राजनैतिक आग्रहअनुरूप बेग्लाबेग्लै हुन सक्छ। त्यो दृष्टिकोणबाट यो पुस्तक पनि विवादास्पद हुन सक्छ। लेखक स्वयं प्रकाशक रहेको यो पुस्तकको मूल्य ७ सय रुपैयाँ छ।

### विघटनको तयारीमा

गजलकार राजेश्वर रेग्मीका ४८ वटा गजलको संग्रह ‘विघटनको तयारीमा’ सौगात प्रकाशन विराटनगरले प्रकाशन गरेको हो। समकालीन नेपाली साहित्यमा एउटा बेग्लै स्थान बनाएको गजलविधाको यो पुस्तकले गजल पारखीहरूको तृष्णालाई सम्बोधन गरेको छ। संस्थागत १ सय रुपैयाँ र व्यक्तिगत ५० रुपैयाँ मूल्य राखिएको यो पुस्तक पठनीय छ।

### साथीलाई कविता

कवि बालक गुरुङ आफ्नो नवीनतम कृति ‘साथीलाई कविता’ मार्फत् देखा परेका छन्। प्रवासमा रहेका कवि गुरुङले रचना गरेका कविताहरूको यो संग्रह बिदेसिनुको पीडामा केन्द्रित छ। कुवेतमा रहेका कवि बालक गुरुङले यो पुस्तकलाई कुवेतमै सार्वजनिक गरेका हुन्। ९६ पृष्ठको यो पुस्तकमा ४१ वटा कविता समेटिएका छन्। पुस्तकको मूल्य १ कुवेती दिनार छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

कामगा सफलता मिल्नुका साथै धन आर्जन हुने योग छ। व्यवसायमा सफलता मिल्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ। अरूको मन जित्न सफल हुनुहोला। प्रेम गर्ने अवसर मिल्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### मिथुन

घरेलु समस्याले सताउनेछ। कामकाजमा अवरोध आउनाले मनोबल घट्नेछ। आलस्यता बढ्नेछ भने विश्वास गरेकाले धोका दिनेछन्।प्रेमको बन्धन खुकुलो हुनुका साथै पति-पत्नीबीच मतभेद बढ्नसक्छ। कुरा काट्नेहरूले प्रतिष्ठा गिराउने प्रयास गर्नेछन्। अरूलाई विश्वास दिलाउन सकिनेछ।

### सिंह

विवादको सामना गर्नुपर्नेछ। तपाईंका राम्रै कुरालाई पनि बंग्याउने प्रयत्न हुनेछ। परिवारजनहरू तपाईंको विपक्षमा हुनेछन्। झूटा मुद्दा लाग्ने सम्भावना छ। धार्मिक कार्यमा रुचि बढ्नेछैन। अध्ययनमा रुचि बढ्ने देखिँदैन। समयमा निर्णय नहुँदा तपाईंको काममा अरूले अधिकार जमाउनेछन्।

### तुला

विश्वास गरेकाले धोका दिनेछन्। मित्रहरूको भरोसा गर्नु उचित नहोला। अध्ययनमा अझै अवरोधको सामना गर्नुपर्नेछ। समयमा निर्णय नहुँदा तपाईंको काममा अरूले अधिकार जमाउन सक्छ। धैर्यता अपनाउनुपर्ला। शनिबार, आइतबार र बिहीबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ।

### धनु

मान-सम्मान मिल्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तको उचित सहयोग मिल्नेछ। व्यवसायमा उन्नति हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। सामबार, मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध आउने योग छ।

### कुम्भ

चिन्ता एवं आलस्यताले मनमा डेरा जमाउनेछ। गरेको काममा पनि सफलता पाउन गाह्रो पर्नेछ। खर्च एवं विवादको डटेर सामना गर्नुपर्नेछ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। साताभरि नै गोपनियता अपनाउनुपर्ला। सोमबारदेखि मान-सम्मान, काममा सफलता एवं प्रसन्नता बढ्ने योग छ।

### वृष

गलत विचार बढ्नेछ। समयमा निर्णय नहुँदा तपाईंको काममा अरूले अधिकार जमाउनेछन् ।सफलताका लागि सजग रहनुपर्ला। शनिबारदेखि काममा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूलाई विश्वास दिलाउन सफल हुनुहोला। ठूला व्यक्तिले भरोसा गर्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी हात लाग्नेछ। प्रेम गर्ने अवसर जुट्नेछ।

### कर्कट

पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पनि प्राप्त हुनेछ। भेटघाटले मन प्रसन्न गराउनेछ। धार्मिक कार्यमा रुचि बढ्ने तथा धन आर्जन हुने योग छ। अध्ययनमा सफलता पाउन अलि प्रयत्न गर्नुपर्ला। परिवारको गुनासो बढ्नेछ। गलत विचार बढ्ने हुँदा धैर्यता अपनाउनुपर्नेछ।

### कन्या

मानसम्मान मिल्नेछ। मन प्रसन्न रहनेछ। पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले ठूलो काममा सफलता मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। भेटघाटमा रमाउने अवसर जुट्नेछ। व्यवसायमा पाइने सफलता कायमै रहनेछ। तपाईंको लगनशीलता र इमानदारीताका कारण ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्।

### वृश्चिक

सोच्ने शक्ति बढ्नुका साथै धन आर्जन हुने योग छ। आफन्तहरूबाट उचित सहयोग पाइनेछ। ठूला व्यक्तिसितको अन्तरक्रियाले मनको बोझ हलुका हुनेछ। व्यवसायमा सफलता मिल्ने योग छ। जिम्मेवारीपूर्ण यात्रा गर्ने अवसर मिल्नेछ। अध्ययनमा पाइने सफलता कायमै रहनेछ। दात-मुखमा पीडा हुन सक्छ, खानपानमा विचार पुऱ्याउनुहोला।

### मकर

निराशा एवं उदासीनता बढ्नेछ। काममा अवरोधको सामना गर्नुपर्नेछ। मनमा दुविधाले दरिलो डेरा जमाउनेछ। खर्च एवं चिन्ता बढ्ने सम्भावना छ। शनिबारदेखि बुधबारसम्म मान-सम्मान मिल्ने, काममा सुधार आउने तथा धन आर्जन हुने योग छ। अध्ययन एवं व्यवसायमा सफलता मिल्नेछ। यात्रा रमाइलो हुनेछ।

### मीन

रमाइलो यात्रा हुनुका साथै भेटघाटमा रमाउने अवसर जुट्नेछ। अरूको विश्वास जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाा काम पाइने योग छ। व्यवसायमा राम्रै सफलता हात लाग्नेछ। विश्वास गरेकाले धोका दिनेछन् गलत विचार बढ्नेछ। अध्ययनमा मन लाग्नेछैन। सन्तानको समस्याले सताउन सक्छ।

## यो साताको पञ्चाङ्ग

**मंसिर २६ गते : अन्तर्राष्ट्रिय पर्वत दिवस, २७ गते : सफला एकादशी, पुस १ गते : गया श्राद्ध, विष्णुपादुका श्राद्ध, मौनी औंसी, २ गते : तोल ल्होछार ।**

# अब काठमाडौंमै उपलब्ध छ




**पृष्ठ १ बाट जारी**

'कृत्रिम यौनांगको प्रयोगलाई सौखका रूपमा होइन, बाध्यताका रूपमा उपभोक्ताले लिनेछन् भन्ने हाम्रो बुझाइ छ,' द कन्डम हाउसकै बजार प्रबन्धक दीपक पौडेल भन्छन्- 'प्राकृतिक यौनसम्बन्धको अभावमा बलात्कारजस्तो जघन्य अपराधतर्फ उन्मुख हुने युवा जमातलाई नियन्त्रणमा ल्याउन होस् वा असुरक्षित यौनसम्बन्धका कारण जीवनलाई जोखिममा पारिरहेकाहरूलाई पनि यौनसन्तुष्टि दिलाउन कृत्रिम यौनांग उपयोगी हुनेछन् ।' पौडेलका अनुसार यौनसन्तुष्टि हासिल गर्न नसकिरहेका दम्पतीहरूको हकमा पनि यस्ता यौनसामग्रीको प्रयोग त्यत्तिकै लाभदायी हुनसक्छ । बजार प्रबन्धक पौडेल भन्छन्- 'जीवनसाथी विदेशमा भएकाहरूलाई त 'सेक्सुअल रिलेसन मेन्टेन' गर्न बाहिर अनैतिक सम्बन्ध राख्नुको सट्टा यस्तो यौन खेलौना अझ प्रभावकारी हुन्छ ।'

'खिचापोखरीमा पसल खुलेकै दिन एक दम्पती यौनसामग्रीका बारेमा जानकारी लिन आएका थिए,' द कन्डम हाउसका अध्यक्ष भुजेलले भने- 'उनीहरूले यौनका विषयमा चरम सन्तुष्टि हासिल गर्न सामग्री खरिद गर्न आएको बताए ।' यसका आधारमा नेपाली बजारमा पनि यस्ता सामग्रीले छिट्टै गति लिने विश्वास यसका विक्रेताहरूले लिएका छन् ।

विदेश बसेर आएका नेपालीहरू यस्ता यौनसामग्रीमा अभ्यस्त भैसकेको व्यवसायीहरू बताउँछन् । खासगरी सम्भ्रान्त परिवारका नेपालीहरू यस्ता सामग्रीको प्रयोगलाई सामान्य मान्छन् । उच्च आयस्रोतका परिवारका सदस्यहरूले विदेशबाटै आयात गरेर भए पनि सेक्स टोयको आनन्द लिने गरेका छन् । 'मैले पनि युरोपमा रहँदा यस्ता सामग्रीको प्रयोग सबैका निम्ति सामान्य बनेको देखेको थिएँ,' पौडेलले भने- 'त्यसैले पनि नेपाल फर्किएर यो व्यवसाय गर्ने मन बनाएको हुँ । नेपालमै यस्ता सामग्री उपलब्ध भएपछि सर्वसाधारण नेपालीले पनि यसको उपयोग गर्न सक्ने हाम्रो विश्वास छ ।'

यौनसाथी नभएका युवायुवतीलाई यौनआनन्द हासिल गर्न पनि यस प्रकारका यौनखेलौना महत्त्वपूर्ण सावित हुने यौन तथा प्रजनन विज्ञ डा. खेम कार्की बताउँछन् । डा. कार्की भन्छन्- 'तर प्रयोगमा ध्यान दिनु आवश्यक छ ।'

'जर्मनीमा उमेर वर्ग समूहअनुसार उपयुक्त युवा-युवती यस्ता कृत्रिम यौनांग प्रयोगलाई सामान्य रूपमा लिन्छन्,' विगत सात वर्षयता जर्मनीमा बस्दै आएका नेपाली विश्वेश्वर देवकोटा भन्छन्- 'वयष्क यौनसामग्रीले रेडलाइट क्षेत्रमा जानुपर्ने बाध्यताको अन्त्य गर्ने भएकाले पनि यसको प्रयोगमा युवा-युवतीदेखि अभिभावकसम्ममा समझदारी पाइन्छ ।' देवकोटाका अनुसार यस्ता कृत्रिम यौनांग बिक्री गर्ने पसल जान पनि यहाँ कुनै हिचकिचाहट हुँदैन, किनभने त्यहाँ यौनसम्बन्धलाई गाँस-बास-कपासजस्तै आवश्यक मानिन्छ ।

द कन्डम हाउस कृत्रिम यौनांग, यौनांगका आकार बढाउने सामग्री तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरका विभिन्न ब्रान्डका कन्डम बिक्री गर्ने अनुमति लिएर सञ्चालनमा आएको छ । 'हामी हचुवाको भरमा उपभोक्तालाई यौनसामग्री बिक्री गर्दैनौं,' हाउसका बजार प्रबन्धक पौडेल भन्छन्- 'उपभोक्ताको समस्या बुझेर चिकित्सकको परामर्शअनुरूप कृत्रिम यौनांग तथा यौनांगको आकार बढाउने सामग्री बिक्री-वितरण गरिनेछ ।' हाउसका अध्यक्ष भुजेलका अनुसार यौनसाथी नभएकाहरू, विदेशमा रहेका श्रीमान् श्रीमतीका नेपालमा बस्ने जीवनसाथीहरू, असुरक्षित यौनसम्बन्ध राख्न नचाहनेहरू, विवाहेत्तर यौनसम्बन्ध राख्न नचाहनेहरूलाई यस्ता सामग्रीको लक्षित उपभोक्ताका रूपमा लिइएको छ । त्यस्तै यौनलाई अनावश्यक महत्त्व दिएर जंगली प्रवृत्तिले बलात्कार गर्न खोज्नेहरूलाई पनि सेक्स टोयको प्रयोगले नियन्त्रणमा ल्याउँछ ।

विश्वव्यापी रूपमा उत्कृष्ट कम्पनीहरूको मात्र यौनांग आयात गरिने बजार प्रबन्धक पौडेल बताउँछन् । जापान, हङकङ, सिंगापुरका कम्पनीले उत्पादन गरेका

**बाँकी पृष्ठ २४ मा**

# कृत्रिम यौनांगहरू र स्वास्थ्य

**डा. खेमबहादुर कार्की**

यौन आनन्द प्राप्तिका लागि प्रयोग गरिने कृत्रिम यौनाङ्ग संसारका सबैजसो सहरमा पाइन्छन् । नेपालमा पनि यसको बजार विस्तार हुँदैछ । यस्ता साधनले असुरक्षित यौनसम्पर्कका कारण सर्ने एचआईभीलगायत यौनजन्य संक्रमण रोकथामका लागि सहयोग पुऱ्याउँछन् । बजारमा खासगरी कृत्रिम लिङ्ग र योनि पाइन्छन् । कुनै कृत्रिम लिङ्गमा भाइब्रेटर जडान गरिएको हुन्छ त कुनैमा हुँदैन । भाइब्रेटरले यौन उत्तेजना ल्याउनमा सहयोग गर्ने भएकाले यसको प्रयोग बढ्दै गएको पाइन्छ । भाइब्रेटर पनि विभिन्न प्रकारका हुन्छन् । गुद्धारमा प्रयोग हुने, योनिमा प्रयोग हुने आदि विविधता त छँदैछ ।

यस्ता साधन सिलिकोन, रबर वा ल्याटेक्स, ग्लास आदिबाट बन्छन् । बोरोसिलिकेटबाट बनेका यौनाङ्ग सबैभन्दा सुरक्षित मानिन्छन् । रबर वा ल्याटेक्सबाट बनेका यौनाङ्गहरू मानव स्वास्थ्यका लागि राम्रो मानिँदैनन् ।

ग्राहकहरूले ती साधन केबाट बनेको छ, यसको प्रयोगबाट शरीरमा के-कस्ता असर पर्न सक्छन् भन्ने कुरामा प्रस्ट हुनु आवश्यक छ । हाम्रो जस्तो बन्द समाजमा यस्ता साधनको प्रयोग अत्यधिक रूपमा हुनसक्छ तर साधन किन्दादेखि प्रयोग गर्दासम्म चाहिने आवश्यक ज्ञान र सीपको अभाव छ । यस्तो हुनुमा समाजमा कृत्रिम यौनाङ्गको प्रयोग र असरका बारेमा पर्याप्त छलफलको अभाव मुख्य कारण हो । यस्ता साधनको प्रयोग पनि नितान्त व्यक्तिगत हुनुपर्छ । एउटै यौनाङ्ग धेरैले प्रयोग गरे यौनजन्य संक्रमण बढ्ने वा एक व्यक्तिबाट अर्को व्यक्तिमा सजिलै सर्ने हुन सक्छ ।

सुरुमा समाजलाई पचाउन गाह्रो भए पनि अबको समाजमा यस्ता साधन रोकेर साध्य नलाग्ने गरी आउँछन् र यस्तो साधनको प्रयोगमा प्रोत्साहन गरिनु भनेको यौनजन्य संक्रमण, अनिच्छित गर्भधारण र त्यसबाट आउने दुष्परिणामलाई न्यूनीकरण गर्नु पनि हो । समाजले पनि यसलाई वैकल्पिक र सुरक्षित यौन व्यवहारका रूपमा लिनुपर्छ । हाम्रा संस्कार एवं धर्मग्रन्थहरू हेर्ने हो भने पनि आदिमकालदेखि नै यस्ता साधनको प्रयोग भएको पाइन्छ । यसलाई ठूलो र नौलो कुरो बनाउनुपर्ने आवश्यकता छैन ।

यो फस्टाउँदो यौन व्यवसायको विकल्प पनि हो। सहर-बजारमा विभिन्न ठाउँमा यौन व्यवसाय मौलाउँदै छ। यौन व्यवसायी र तिनका ग्राहकमा सुरक्षित यौनव्यवहारसम्बन्धी ज्ञान र सीप ज्यादै कम छ। उनीहरूलाई सशक्तीकरण गर्ने एचआईभी एड्स क्षेत्रको महत्त्वपूर्ण काम भए पनि सरकारी उदानसीनता र यौन व्यवसायलाई कानुनी मान्यता नदिनाले यौन व्यवसाय सुरक्षित छैन। त्यसैले यौन उत्तेजना र चाहनालाई बन्द कोठाभित्र पूरा गर्न चाहने ग्राहकहरूका लागि कृत्रिम यौनाङ्गले ठूलो मद्दत गर्न सक्छ।

नेपालको पहिलो तथा १ मात्र मान्यता प्राप्त
Maths/Science/Test नदिई SLC,
१ वर्षमा +2 (NIOS), ६ महिनामा गर्न सकिने
American +2 मा नयाँ भर्ना खुल्यो ।
Pratyus Bhandari
Nepal Top 2009
☛ कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने ☛ +2, A level फेल भएता पनि १ वर्षमै +2 पास गर्न सकिने ☛ कुनै ५ विषय पास गरे पुग्ने/पास गर्न सजिलो, विश्वभरी मान्यता भएको ☛ नेपाली/अंग्रेजी माध्यममा परीक्षा दिन पाईने ☛ Online पढ्न सकिने ☛ जागिरे तथा गृहिणीले घरमा पढेर परीक्षा दिन सकिने ☛ सरकारी जागिर खान मिल्ने
www.hwhitehouse.edu.np
नोटः भर्ना हुन अगावै सबै कुरा बुझि बुद्धिमानीको परिचय दिऊ ।
"Nepal's Largest Open School"
Himalayan White house Open School
Bagbazar- 4244499
Pulchowk- 5009200
Bhaktapur-2020758



+2/SLC एक बर्षमै
भारतको सरकारी NIOS Delhi Board मा
Math/Sci नदिई पाँच विषयमात्र दिई SLC
SLC पास भई १ बर्ष ग्याप भए एक बर्षमै +2
६ महिनामै American +2
KANTIPUR INTL OPEN EDUCATION
New Baneshwor KTM, Nepal
Ph:2044082, 2042831

३ ईन्च सम्म उचाई बढाउने
Height Plus
१०५० पर्ने Japani Yoko Free
मा अन्तर्राष्ट्रिय होलोग्राम प्राप्त ।
जाँड रक्सी र चुरोटको कुलत थाहै नदिई छुटाउने
यौन शक्ति उत्तेजना नहुने, शीघ्रपतन रोक्ने, लिङ्गको साईज बढाउने Herbal product को साथमा ।
Japani Oil
मोटोपना घटाउने तौल बढाउने १२ Kg सम्म
Breast बढाउने, घटाउने र टाईट गर्ने।
तुरुन्त केश झर्न रोकी उमार्ने ।
१००% ग्यारेन्टि ०% साईडइफेक्ट
फ्रि होम डेलिभरी
Gorkha Herbal
Hotline: 4282138, 9841079654
9851026391 चितवन: 9845279326

After +2 ?!
Admission Open
CA Foundation & Inter Level
Classes Start: December 1, 2009
HURRY UP
Seats are Limited
प्रिमियर CA
Be a CA with BBS
PREMIER COLLEGE
ESTD 2000
New Baneshwor, Kathmandu
Wing-1, Tel: 4785198, 4784738, 2040467
(Infront of BICC Southern Gate)
Wing-2, Tel: 4467468, 016207877
(Near to old Shivadarshan Cinema)



● सम्पादकीय ●

# कोपेनहेगनको मर्म

बढ्दो तापक्रम र पर्यावरणीय क्षतिबाट पृथ्वीलाई बचाउन यतिखेर विश्व नेताहरू डेनमार्कको राजधानी कोपेनहेगनमा भेला भएका छन् । खासगरी ठूला औद्योगिक मुलुकहरूले उत्सर्जन गरेका हरितगृह ग्याँसका कारण देखापरेको विश्वव्यापी पर्यावरणीय संकटबाट पृथ्वीलाई बचाउन कोपेनहेगन सम्मेलनले ठोस निर्णय गर्नेछ भन्ने आशा गरिएको छ । पछिल्लो केही वर्षयता पर्यावरणीय संकटको संकेतका रूपमा पृथ्वीको तापक्रम लगातार बढ्न थालेपछि देखिएका असरहरू अहिले आम मानिसले समेत अनुभव गर्न थालेका छन् । बढ्दो वन विनास, जैविक इन्धनको प्रयोग र पर्यावरणीय चेतनाको अभावका कारण सिर्जित समस्या कुनै एउटा मुलुक वा समुदायले व्यहोर्नु परेको नभै समग्र भूमण्डल नै त्यसको चपेटामा परेकाले कोपेनहेगन सम्मेलनमा विश्व नेताहरू जुटेका हुन् । उनीहरूले कोपेनहेगनबाट पृथ्वीले व्यहोर्दै गएको पर्यावरणीय संकटको निवारण गर्न ठोस कदम चाल्नेछन् भन्ने आशा यतिखेर विश्वव्यापीरूपमा देखापरेको छ ।

अहिले पृथ्वीमा देखिएको पर्यावरणीय समस्याको जड विकसित तथा ठूला औद्योगिक मुलुकहरू नै हुन् भन्ने कुरालाई प्रमाणित गर्न सकियो भने अहिलेको पर्यावरणीय संकट हल गर्नका लागि पनि उनीहरूले नै मुख्य भूमिका निर्वाह गर्नुपर्छ भन्ने कुरालाई कोपेनहेगन सम्मेलनले जोड दिनेछ भन्ने आशा अहिले विश्वभरि नै गरिएको छ । अहिले विश्वव्यापीरूपमा देखापरेको पर्यावरणीय संकटका कारण ध्रुवीय क्षेत्रको हिउँ पग्लेर समुद्रको सतह लगातार बढिरहेको छ भने त्यसको प्रभाव पृथ्वीको मौसम चक्रमा समेत परेको छ । जसका कारण अतिवृष्टि र अनावृष्टिका घटनाहरू लगातार दोहोरिन थालेको छन् जसको प्रभाव कृषि उत्पादन र त्यसको ओसार पसारमा समेत परेको छ । जसले गरिब मुलुकहरूमा खाद्य संकट र भोकमरीको समस्या बल्झिँदै गएको छ । यी र यस्ता समस्याहरूको निराकरण गर्न समेत कोपेनहेगन सम्मेलन प्रभावकारी हुनेछ भन्ने आशा गरिनु स्वाभाविक हो । हामी आशा गरौं, हाम्रो साझा पृथ्वीलाई सुरक्षित गर्ने उपायहरू अवलम्बन गर्न कोपेनहेगन सम्मेलनले ठूला र औद्योगिक राष्ट्रहरूलाई झक्झक्याउनेछ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आहवान।

● चिठीपत्र ●




## राजनीति जनताको धरोहर हो, जतन गर

आमाबाबुको सम्पत्तिमाथि छोराछोरीको नजर पर्नु अर्थात् उनीहरूले त्यो सम्पत्तिको आशा गर्नु स्वाभाविक हो । किनकि आमाबाबुले दुःख-कष्ट गरी कमाएको सम्पत्तिमा सबै छोराछोरीको बराबर हक लाग्छ । सकिन्छ भने आमाबाबुले जोडेको सम्पत्तिमा थप्दै जानु र नसकिए त्यसको जतन गर्नु सम्पत्ति खाने छोराछोरीको दायित्व हो । आमाबाबुको सम्पत्ति फुक्ने र बर्बाद गर्ने अधिकार कुनै पनि छोराछोरीमा हुँदैन । आमाबाबुले पेटमा पटुकी बाँधेर जोडेको सम्पत्तिलाई मामाको धन फुपूको श्राद्ध मान्ने प्रवृत्ति मुलुकको राजनीतिमा समेत हावी भैरहेको देखिन्छ । आखिर, सम्पत्ति त सम्पत्ति नै हो, चाहे त्यो व्यक्ति, जनता वा राष्ट्र, जोसुकैको किन नहोस् । त्यसको जतन गर्नु छोराछोरी, नागरिक वा नेता सबैको समान कर्तव्य होइन र ? के जनताको, राष्ट्रको सम्पत्तिको जतन गरिएको छ ?

सत्ता सञ्चालनमा डिग्री लिएका पुराना प्रतिगामी र यथास्थितिवादी तत्त्वहरू अहिले पनि मुलुकको संक्रमणकालीन राजनीतिमा अग्रगामी एवं क्रान्तिकारीको जामा पहिरेर लाखेनाच नाचिरहेका छन् । उनीहरू जान्दछन्– जुन नाच आज उनीहरूद्वारा नाचिँदैछ, त्यो नाच राजतन्त्रको कालखण्डमा पनि उनीहरूद्वारा नै नाचिएको थियो र मानिएको थियो कि उनीहरूको त्यो नाच टिक्नेछ, बहुत टिक्नेछ । अहिले पनि उनीहरू त्यही नाच नाचिरहेका छन् र अझै पनि मानिरहेका छन् कि यो नाच टिक्छ, बहुत टिक्छ । उनीहरूलाई थाहा छ, विषालु करेतको न्यूरो टक्सिन रगतमा घुलिसकेपछि बिरामी धेरै बेर बाँच्न सक्दैन ।

मुलुकमा आज पनि अन्याय, अत्याचार, भ्रष्टाचार, बलात्कार, व्यभिचारका कर्मकाण्डीहरू हावी छन् । मुलुकको अर्थ र राजनीतिमा आज पनि उनीहरूकै बिगबिगी छ । जनमानसमा के भैरहेको छ, आममानिस उनीहरूका बारेमा के सोच्छन्, राजधानीको चौकाचौँधमा रमाइरहेका यी महाशयहरू जान्दैनन् । उनीहरू न केवल अनभिज्ञ छन्, अपितु यही अनभिज्ञता नै एक दिन उनीहरूलाई भारी पर्नेवाला छ भन्नेसमेत उनीहरू जान्दैनन् । महानिर्वाचनबाट अनुमोदित भएर सत्तामा आएपछि माओवादीहरूमा पनि यही मानसिकता संक्रमित भैसकेको थियो ।

सत्ताप्राप्तिका निम्ति जुनसुकै र जस्तोसुकै हत्कण्डा अपनाउन पछि नपर्ने राजनैतिक संस्कार, रक्तरञ्जित इतिहास र लहुलुहान आमनागरिक मुलुकको भूत, वर्तमान र भविष्य बनेका छन् । फोस्रा नारा, उत्तेजक-आकर्षक कुरा र भाषणले देशको कायापलट गर्न खोज्नु, अग्रगमनको सस्तो नारा बाँडिनुजस्ता आत्मरति नेपाली राजनीतिमा व्याप्त छ । जुनसुकै दलका केन्द्रीय कमान्ड तथा पार्टी कार्यकर्ताहरूको घैँटोमा बेला छँदै घाम लागेन र तीमध्ये कसैले पनि बेलैमा चेतेनन् भने यहाँका कुनै पनि दल, दलका नेता तथा कार्यकर्ता शेष रहनेछैनन् ।

सहिदपत्नीहरूद्वारा श्रापित एउटा यस्तो देश, जहाँ अहिलेसम्म सहिदहरूको बलिदानलाई बेकार बनाउने प्रपञ्च गरिँदैछ, जहाँ अहिलेसम्म बेपत्ता हुनेहरूको खोजी हुन सकिरहेको छैन र जहाँ जहिल्यै पनि लोभीपापीहरूकै वर्चस्व रहने गरेको छ । तनाव कम गर्ने अनि शिशु लोकतन्त्रलाई संस्थागत गर्ने कैयन् आधार छँदाछँदै जहाँका नेता-कार्यकर्ताहरू केवल झन्डा र डन्डाकै राजनीतिमा व्यस्त रहन्छन् भने त्यस्तो भूमिमा विस्तारवादी गिद्धहरूको वक्रदृष्टि पर्नु के आश्चर्य भो र ? तैपनि, जनताको छाती यति विशाल छ कि अझै पनि उनीहरू आफ्ना नेताहरूकै मुख ताकिरहेका छन् र उनीहरूलाई नै विश्वास गर्दैछन् । जुन राजनीति नेताहरू गर्दैछन्, त्यो जनताको सम्पत्ति हो, त्यसलाई आफ्नो बपौती होइन, जनताको धरोहर मानेर जतन गर्नु आवश्यक छ ।

–अकेला

● तीतो सत्य ●

● सकारात्मक सोच, चिन्तन मानिसका असल मित्र हुन् भने नकारात्मक सोचाइ, चिन्तन मानिसका महाशत्रु हुन् ।

● सकारात्मक भावना र सकारात्मक चिन्तनले मानिसलाई प्रसन्न बनाउँछ भने नकारात्मक भावनाले दुःखी र चिन्तित बनाउँछ ।

● सकारात्मक सोच राखी सकारात्मक बानीको विकास गर्न सक्नु नै जीवनको ठूलो जित हो ।

● सही सत्य बाटोमा लाग्नु अरुलाई दुःख नदिनु नै ईश्वरलाई मान्नु हो ।

● नकारात्मक सोचले मनलाई कमजोर बनाउँछ भने सकारात्मक सोचले मनलाई दह्रो बनाउने काम गर्छ ।

**–पद्मा सिटौला, इटहरा, मोरङ**

● जसले आफ्नो मस्तिष्कको सक्दो उपयोग गर्छ उसैले सफलता प्राप्त गर्छ ।

● असफलताबाट डराउने मानिसले कहिल्यै प्रगति गर्न सक्दैन ।

● खानु छ भनेर क्वाप्प खानुहुँदैन, बोल्नु छ भनेर प्याच्च बोल्नुहुँदैन, बस्नु छ भनेर थ्याच्च बस्नु हुँदैन ।

**– नारायण कुँवर**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

● सहर चर्चा ●



## कलामा पोखियो कामुकता


उनका हरेक कलामा कामुकता झल्कन्छ । कतिपयले त उनका चित्र छाडा छन् समेत भन्छन्, तर यो कुरा पोखरेली कलाकार यादवचन्द्र भुर्तेल मान्न तयार छैनन् । 'मेरो कलामा कामुकता होइन भावुकता छ,' उनी भन्छन्, 'हेर्ने आँखा कामुक हुन्, मेरो कला होइन ।'

२०२५ सालदेखि चित्र कोर्न थालेका भुर्तेल घरपरिवारको आँखा छलेर चित्र कोर्थे । पोखराबाट पढ्न राजधानी गएका उनी उति बेलाको जुद्धकला महाविद्यालयमा पुगेर परिवारको आँखा छली कलाको अध्ययनमा जुटे । महाविद्यालयबाट स्नातक गर्ने उनी पहिलो समूहका विद्यार्थी हुन् । व्यावसायिक रूपमा कलामा होमिएपछि भने बल्ल परिवारले कुरा बुझ्यो र उनलाई सहयोग गर्न थाल्यो । कलाकार भुर्तेल एक्रेलिक र पानीरंग प्रयोग गर्छन् । उनका चित्रका विदेशी ग्राहक बढी छन् । ०५५ मा राष्ट्रिय प्रतिभा पुरस्कार पाएका भुर्तेललाई नाफा आर्ट ग्यालरीले पनि पुरस्कृत गरेको थियो ।

## सोनीको र्‍याम्प सपना

दुवाकोट, भक्तपुरमा स्थायी बसोबास गरिरहेकी सोनी तामाङले मोडलिङ यात्रा प्रारम्भ गरेको एक वर्ष मात्र भयो । नयाँ बानेश्वरस्थित एउटा कलेजमा कक्षा ११ मा अध्ययनरत सोनीले एउटा दोहोरी गीतको म्युजिक भिडियोमा अभिनय गर्दै मोडलिङ यात्रा प्रारम्भ गरेकी हुन् । एक वर्षको अवधिमा उनले आधा दर्जन म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन् । र्‍याम्प मोडलिङको अनुभव भने उनले केही समयअघि मात्र लिन पाएकी छिन् । राजधानीमा सम्पन्न मिस्टर एण्ड मिस काठमाडौं २००९ प्रतियोगितामार्फत पहिलो पटक र्‍याम्पमा गरिएको क्याटवाक पनि सोनीका लागि फलदायी भएको छ । एक्सपोज नेपाल डटकमले आयोजना गरेको प्रतियोगितामा उनले फस्ट रनर्स-अपसहित मिस क्याटवाकको उपाधि जित्न सफल भइन् । 'राम्रो क्याटवाक गर्ने भएकैले होला, सोनी भन्छिन्– 'मिस क्याटवाकको एवार्ड जितेपछि र्‍याम्प मोडलिङतर्फको झुकाव बढेको छ ।' सोनीले आगामी वर्ष आयोजना हुने मिस तामाङमा प्रतिस्पर्धामा सहभागी हुने तयारी पनि गरिरहेकी छिन् । 'यसैवर्ष लिने मन थियो, उनको दुःखेसो छ– 'पढाइले गर्दा भ्याउँदै भ्याइनँ ।' ५ फिट ३ इन्च अग्ली १८ वर्षीया सोनी आफूलाई सुहाउने पहिरन लगाउन रुचाउँछिन् ।

● मोडल वाच ●



● मुखाले ●

सबै मिलेर हिमालयको आयु बढाउन जुटौं ।

**गिरिजाप्रसाद कोइराला**

शान्ति सम्झौता विपरीत कार्य भएकाले बल प्रयोग गरेर अतिक्रमणकारीलाई हटाइएको हो । वनक्षेत्र अतिक्रमण गर्न उक्साउनेहरू नै यो घटनामा जिम्मेबार छन् ।

**भीम रावल**

स्वेच्छिक रूपमा गणराज्य घोषणा गर्नु शान्ति सम्झौता र अन्तरिम संविधानविपरीत हो ।

**शेरबहादुर देउवा**

संविधानसभामा जनताले भोट दिएर पठाएका दलका प्रतिनिधिले जनताको अभिमतको कदर गर्नुको सट्टा जनतामाथि खेलवाड गरिरहेका छन् ।

**कमल थापा**

संवैधानिक प्रक्रियाबाट आउँदा असफल भइन्छ भन्ने माओवादीलाई प्रष्ट थाहा छ ।

**सीपी मैनाली**

गणराज्य फिर्ता नभए सरकार कडा रूपमा जान्छ ।

**विजयकुमार गच्छेदार**

सरकार कमजोर देखिएको छ ।

**कृष्णप्रसाद सिटौला**

संयन्त्रमा कुर्सीको खेल भयो ।

**भरतमोहन अधिकारी**

आदिवासी भनेका मंगोलियन मात्रै होइनन् ।

**नारायण गुरुङ**

# पुरुषको पक्षमा बोल्ने कोही भएन

चितवनको माडी माओवादी द्वन्द्वकालमा चर्चामा आएको गाउँ हो। माडीसहित त्यस क्षेत्रका चारवटा गाविसका ५० हजारभन्दा बढी जनतालाई नारायणगढ बजार पुग्न दुईवटा तगारो काट्नुपर्छ, एउटा राप्ती नदी, अर्को राष्ट्रिय निकुञ्ज। माडी क्षेत्रका जनतालाई डुंगाबाट नदी तरेर राष्ट्रिय निकुञ्ज हुँदै नारायणगढ आउनुपर्थ्यो। नदीमा पुल हाल्न त्यहाँका जनताले लामो समय संघर्ष गर्नुपर्‍यो। बल्ल-बल्ल नदीमा पुल बन्यो, तर विश्वसम्पदा सूचीमा परेको भन्दै युनेस्कोले उक्त पुलबाट वारपार गर्न बन्देज लगाइदियो। फेरि धेरै वर्ष त्यहाँका जनता पुल हुँदाहुँदै डुंगाबाट नदी तर्न बाध्य भए। दुःख गरेर नदी पार गर्नेमा एक जना युवा अधिवक्ता पनि थिए। ती युवाले गाउँलेमाथि अन्याय भएको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरे। लामो बहसपछि २०६१ सालमा सर्वोच्च अदालतले माडीका जनताका पक्षमा फैसला गर्दै पुलबाट आवत-जावत गर्न पाउने व्यवस्था गरिदियो। अहिले तिनै युवा केशवराज अर्याल नेपालको कानुनले पुरुषमाथि भेदभाव गरेको भन्दै सर्वोच्च अदालतको शरणमा पुगेका छन्।



तस्बिर : नवराज वाग्ले

केशवराज अर्याल, अधिवक्ता

**पुरुषप्रधान समाजमा महिला अन्यायमा परेको कुरा सुनिँदै आइएको थियो, तर तपाईं पुरुषमाथि अन्याय पर्‍यो भन्दै अदालत पुग्नुभएको छ, कहाँ अन्याय भएछ ?**

नेपालको अन्तरिम संविधानको धारा १३ मा धर्म, वर्ण, लिङ्ग, जाति, वैचारिक आस्था आदि कुनै आधारमा कसैलाई भेदभाव गरिनेछैन भनिएको छ, तर मुलुकी ऐनले भने श्रीमतीले चाहेमा लोग्नेलाई छाड्न सक्ने र श्रीमान्ले चाहेमा छाड्न नसक्ने व्यवस्था गरेको छ। एउटै देशका जनता भएर पनि पुरुष र महिलाबीच किन भेदभाव ? त्यति मात्र कहाँ हो र ? श्रीमान्को सबै सम्पत्तिमा श्रीमतीको हक लाग्ने तर श्रीमतीले कमाएको, पेवा-उपाहार पाएको कुनै पनि कुरामा श्रीमान्को हक नलाग्ने व्यवस्था गरेको छ। महिलाले श्रीमान् छाड्छु भन्नेबित्तिकै अदालतले अंश दिलाइने व्यवस्था छ। लोग्नेमानिसले श्रीमती छाड्छु, अंश दिन्छु भन्दा पनि छाड्न नपाउने, यो भन्दा अन्याय के होला ?

**पुरुषले पारपाचुके गर्नै नपाउने कानुनी व्यवस्था छ भन्नुभयो, जबकि लोग्ने-स्वास्नी महलको १ 'क' मै पुरुषले पनि छोडपत्र गर्न सकिने व्यवस्था गरेको छ नि ?**

गरेको छ, तर यो व्यवस्था कानुनी रूपमा यसरी घुमेको छ कि कुनै पनि पुरुषले चाहँदैमा सजिलै छोत्रपत्र हुँदैन। पुरुषले श्रीमती छाड्नुपर्‍यो भने गाविस वा नगरपालिकामा निवेदन दिनुपर्छ। उसले उक्त निवेदनमाथि एक वर्ष छानबिन गर्छ। त्यसपछि पनि फैसला दिने अधिकार गाविस वा नगरपालिकालाई छैन। यदि गाविस वा नगरपालिकाले एक वर्षपछि पनि निवेदनमाथि कारबाही गरेन भने त्यसलाई ब्यूताउन पुरुषले सर्वोच्चमा रिट दिनुपर्छ। सर्वोच्चले त्यो निवेदन ब्यूताउन फेरि वर्षौं लगाउन सक्छ। यदि सर्वोच्चले गाविसलाई निवेदनमाथि कारबाही गर्ने आदेश दियो भने उसले त्यो निवेदन जिल्ला अदालत पठाइदिन्छ, आफैं फैसला गर्दैन। यसरी पुरुषले श्रीमतीसँग छोडपत्र गर्नुपर्‍यो भने वर्षौं गाविस-नगरपालिका, सर्वोच्च अदालत एवं जिल्ला अदालतको चक्कर काट्नुपर्छ। जबकि श्रीमतीले श्रीमान्लाई छाड्न चाहेको एक सातामै छोडपत्र हुने व्यवस्था छ। त्यसकारण पुरुषले पनि छोडपत्र दिन पाउने जुन व्यवस्था गरिएको छ, त्यो पुरुषलाई झुक्याउन राखेको बुँदा हो। यही बुँदाका कारण महिलाअधिकारवादीहरूले तत्कालीन संसद् सदस्यहरूलाई झुक्याउन सफल भए।

**अन्तरिम संविधानले महिला, दलित, पीडित, अल्पसंख्यकलाई न्याय दिन विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था प्रस्ट रूपमा राखेको छ, महिला पीडित नहुन् भन्नो अभिप्रायले छोडपत्रमा कडाइ गर्नु नराम्रो हो र ?**

महिलालाई किशोरी, बुढेसकाल लागेका महिला, एकल महिला अपांग महिला गरी विभिन्न भागमा विभाजन गर्न सकिन्छ। संविधानले महिलालाई विशेष अधिकार दिनुपर्छ भन्नुको अर्थ सूक्ष्म महिलालाई पनि अन्यसरह सुविधा दिनुपर्छ भन्ने अर्थ लाग्दैन। अर्को कुरा महिलालाई विशेष अधिकार दिनुको अर्थ पुरुषको अधिकार हेरेर महिलालाई मात्र अधिकार दिनु होइन। यसले समानताको सिद्धान्तलाई व्यङ्ग्य गरेको छ।

**तपाईंले कानुनमा भएको समान्य त्रुटिलाई समातेर चर्चित हुन रिट हाल्नुभएको हो ?**

सबैभन्दा पहिले सबै जना स्पष्ट हुनु आवश्यक छ, यो साधारण त्रुटि होइन। यो जानाजान पुरुषमाथि गरिएको अन्याय हो। महिला अधिकारकर्मीहरूले महिला पीडित छन् भनेर यति धेरै चर्चा चलाए कि विवाहमा पुरुषको पनि भूमिका हुन्छ, ऊ पनि अन्यायमा पर्छ भन्ने कुरा नै बिर्सिइयो। यो प्रसंगमा विदेशबाट धेरै पैसा आयो। यो पैसा यति प्रभावकारी रूपमा परिचालन भयो कि आममानिस पनि बहकिए। फलस्वरुप पीडित पुरुषको आवाज दबियो। पुरुषको पक्षमा बोल्ने कोही भएन। मैले यस्ता केही महिला पनि देखेको छु, जसले मन नमिले पनि श्रीमान्लाई दुःख दिन छोडपत्र दिन मानेका छैनन्।

**पुरुष पीडित भएको उदाहरण तपाईंसँग छ ?**

प्रशस्तै छ। म दुई वर्षयता पीडित पुरुषहरूको आवाज समेट्दै छु। लाखौं पुरुष अहिले आय आर्जनका लागि विदेशमा छन्। उनीहरू दुःख गर्दै पैसा पठाउँछन्। यहाँ केही श्रीमतीहरूले अरूसँग प्रेम गर्ने, पैसा उडाउने, अर्काका नाममा जग्गा किनिदिएका उदाहरण छन्। यो कुरा थाहा पाएपछि कतिपयले छोडपत्र गर्न खोज्दा उनीहरूले त्यो अधिकार पाएका छैनन्। मसँग यस्ता दर्जनौं उदाहरण छन्, जो भएभरको सम्पत्ति लिएर अरूसँग जीवन बिताउन हिँडे, श्रीमान्हरू अहिले फुटपाथमा छन्। उनीहरूले न्याय पाउन सकेका छैनन्। आफूले कमाएको सम्पत्ति दाजुभाइलाई बाँड्नुपर्ला भनेर श्रीमतीको नाममा सम्पत्ति राख्नेहरू पनि फुटपाथमा आएका उदाहरण छन्। यस्ता भयावह कथाहरू लेखिन बाँकी छन्।

**यत्रो वर्षको संघर्षपछि महिलाले बल्लअधिकार पाउन थालेका छन्। तपाईंले भनेजस्तै पुरुषलाई सजिलै छोत्रपत्र दिने व्यवस्था गर्दा फेरि महिला अन्यायमा पर्दैनन् ?**

पुरुषले पनि छोडपत्रका लागि सीधै अदालत जान पाउनुपर्छ भन्नुको अर्थ महिलालाई अन्याय पर्नु भएन, बरु पुरुषलाई यो अधिकार नदिँदा महिलाहरू थप घरेलु हिंसाको सिकार भएका छन्। केही महिनाअघि चितवनमा श्रीमान्ले श्रीमतीलाई बन्चरोले हानेर मार्‍यो। मन नमिले पनि सँगै बस्नुपर्ने बाध्यता भएपछि उसले श्रीमती मार्‍यो। यदि उसलाई सीधै अदालत जाने अधिकार भएको भए एउटी महिलाको ज्यान जोगिन्थ्यो। बिरालोलाई कोठामा थुनेर कुट्दा त्यो बिरालोले चिथोर्ने निश्चित छ। यदि कोही व्यक्ति श्रीमतीसँग बस्न चाहँदैन भने उसलाई जबरजस्ती किन बाध्य पार्ने ? घरेलु हिंसाको मुख्य पाटो पुरुष हो। जबसम्म दुईबीच मायाप्रीति हुन्छ, त्यो जीवन सुखमय हुन्छ। मायाप्रीति नहुँदा त्यहाँ हिंसा हुन्छ। हाम्रो कानुनले भने मायाप्रीति नभए पनि जबरजस्ती सँगै बस भनेको छ।

**नेपालजस्तो अति कम विकसित देशका अपठित एवं परनिर्भर महिलाका लागि अहिलेको व्यवस्थाले संरक्षण दिएको छ भन्ने लाग्दैन ?**

यसले महिलालाई झन् परनिर्भर बनाएको छ। आफ्नो पेट पाल्नैका लागि महिलाहरू श्रीमान्को हिंसा सहन बाध्य छन्। मन नमिल्नेबित्तिकै छोडपत्र दिन हाम्रो संस्कारका कारण महिलाहरू डराउँछन्, उनीहरूलाई श्रीमान् देवता हो, जन्म-जन्मान्तरको सम्बन्ध हो भन्ने सिकाइएको छ। पुरुषहरू यो कुरामा महिलाहरूजस्तो रूढ छैनन् तर उनीहरूलाई छोडपत्र गर्न बन्देज गरिएको छ। कतिपय अवस्थामा पुरुषहरू महिलामाथि हिंसा गरेर पनि छोडपत्र गराउन बाध्य हुन्छन्। यसले महिलालाई संरक्षण होइन, हिंसा बढाउन मद्दत गरेको छ। विश्वका सबैजसो विकसित मुलुकका वैवाहिक कानुन अध्ययन गर्दा के देखिन्छ भने आर्थिक पक्षमा महिलालाई सुदृढ गरे पनि छोडपत्र गर्ने हक दुवैलाई बराबर छ।

**पुरुषले श्रीमती छाड्नुपर्‍यो भने गाविस वा नगरपालिकामा निवेदन दिनुपर्छ। उसले उक्त निवेदनमाथि एक वर्ष छानबिन गर्छ। त्यसपछि पनि फैसला दिने अधिकार गाविस वा नगरपालिकालाई छैन। यदि गाविस वा नगरपालिकाले एक वर्षपछि पनि निवेदनमाथि कारबाही गरेन भने त्यसलाई ब्यूताउन पुरुषले सर्वोच्चमा रिट दिनुपर्छ। सर्वोच्चले त्यो निवेदन ब्यूताउन फेरि वर्षौं लगाउन सक्छ। यदि सर्वोच्चले गाविसलाई निवेदनमाथि कारबाही गर्ने आदेश दियो भने उसले त्यो निवेदन जिल्ला अदालत पठाइदिन्छ, आफैं फैसला गर्दैन। यसरी पुरुषले श्रीमतीसँग छोडपत्र गर्नुपर्‍यो भने वर्षौं गाविस-नगरपालिका, सर्वोच्च अदालत एवं जिल्ला अदालतको चक्कर काट्नुपर्छ। जबकि श्रीमतीले श्रीमान्लाई छाड्न चाहेको एक सातामै छोडपत्र हुने व्यवस्था छ।**

**तपाईंको इसारा महिला-अधिकारवादीहरूले व्यवस्थापिकालाई प्रभावमा पारेर गलत कानुन बनाइयो भन्नेमा छ, तर आदर्शवादी समाजमा सकेसम्म श्रीमान्-श्रीमतीलाई मिल्नु नै राम्रो हो, होइन र ?**

विवाह जन्म-जन्मान्तरको सम्बन्ध होइन। यो सम्झौता हो। यो सम्झौता तबसम्म दरिलो हुन्छ, जब दुवैबीच सम्बन्ध मजबुत हुन्छ। विवाह हृदयको सम्बन्ध हो। हृदय टुट्नेबित्तिकै विवाह सफल हुन सक्दैन। यदि हामी अग्रगामी कानुन र सामाजिक न्यायका पक्षमा छौं भने जबरजस्ती एवं करकापमा बस्नुपर्ने अवस्थाको अन्त्य गरिनुपर्छ।

**तपाईंको तर्क सुन्दा तपाईं आफैंले छोडपत्र गर्न नपाउनुभएको पीडा झल्केको पाइयो नि ?**

मैले भर्खरै विवाह गरेको छु। भर्खरै ३२ वर्षको भएँ। वैवाहिक आनन्द लिँदैछु। त्यसैले छोत्रपत्रको प्रसंग मसँग सम्बन्धित छैन। मैले आफू सुरक्षित हुन पनि यो मुद्दा दायर गरेको होइन। यद्यपि मन नमिले पनि सधैं जबरजस्ती बस्नुपर्छ भन्ने पक्षमा भने म छैन। मेरो रिटको अर्थ पुरुषले महिलालाई बिजोग बनाएर सजिलै छोडपत्र गर्न पाउनुपर्छ भन्ने होइन। पुरुषले पनि सीधै अदालत जान पाउनुपर्छ भन्ने मात्र हो।

**जहिले पनि नकारात्मक कुरा उठाउने कारणले कानुन व्यवसायीको छवि समाजमा राम्रो छैन, तपाईंको रिट निवेदन पनि परिवार भाँड्नमै केन्द्रित देखिन्छ भन्ने आरोप छ के भन्नुहुन्छ ?**

सबै पेसामा खराब मानिस छन्। पत्रकारिता कति गम्भीर र इज्जतिलो पेसा हो, तर दुई-चार जनाका कारण यो पनि बदनाम छ। कानुन व्यवसायमा पनि यही कुरा लागू हुन्छ। मेरो विचारमा कानुन व्यवसायी सामाजिक इन्जिनियर हुन्, उनीहरूले समाजलाई गति दिन्छन्। मेरो रिट अन्यायमा परेका सबै पुरुषको पक्षमा छ। बाहिरबाट हेर्दा यो परिवार भाँड्नेजस्तो देखिए पनि यसले समाजमा गलत तत्त्व हटाउन मद्दत गर्छ भन्ने लाग्छ

**महिलाका विपक्षमा अझै पनि झन्डै १ सयवटा कानुन विभेदकारी छन्, यसमा तपाईंको चिन्ता देखिएन नि ?**

कानुन एउटा होस् वा १ सय वटा, विभेदकारी हुनुहुँदैन। म सबैलाई के स्पष्ट गर्न चाहन्छु, म महिला विरोधी होइन, तर महिलालाई सपोर्ट गर्ने नाममा पुरुषमाथि अन्याय हुनुहुँदैन।

-अश्विनी कोइराला


## लगानीकर्ता र कामदारहरु चाहियो

यस सेपिङ्ग माइन्ड्स ग्रुपका विभिन्न प्रोजेक्टहरुमा लगानीकर्ता र कामदारहरु चाहियो।

Shaping Minds Group
CONTACT @ Putalisadak Branch
9803815440
2222605
4233478

1. Investors for Schools / Colleges:
सेपिङ्ग माइन्ड्स ग्रुपको संचालनमा आउन लागेको Schools / Colleges को लागी केही लगानीकर्ताहरु (Investors) चाहियो।

2. Staffs for Restaurant & Beauty Lounge:
सेपिङ्ग माइन्ड्स ग्रुपको UK र Canada मा संचालनमा आउन लागेको Restaurant र Beauty Lounge को लागी केही Cook, Waiter / Waiteress र Beauticians चाहियो।
सुविधाहरु: बस्न + आकर्षक तलब + कामको तालिम + अंग्रेजी र ब्यक्तित्व विकास

3.Staffs for Business Club & Education Consultancy:
सेपिङ्ग माइन्ड्स ग्रुप Business Club र Education Consultancy को लागी केही Foreign Language Instructors र Public Relation Officers चाहियो।

4. Consultancy Franchisee:
सेपिङ्ग माइन्ड्स ग्रुपको चलिरहेको Educational Consultancy को विभिन्न प्रमुख शहरहंरुमा Consultancy Franchisee चाहियो। विशेष Training र Profit Sharing



## ब्यूटीसियन तालिममा नि : शुल्क भर्ना खुल्यो



बिगत १३ बर्षदेखि देशभर १२ वटा शाखाहरुबाट बिदेशमा तालिम लिएका बरिष्ठ ब्युटिसियनहरुद्धारा आधुनिक र अन्तराष्ट्रियस्तरको कोर्षमा, Basic, Advance, Diploma, Beautician Teachers Training, Hair Dressing / Special Short Course र अन्य विविध कोर्षका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * *

नोट : यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप, तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष संचालन भईरहेका छन्।

ITC प्रशिक्षण केन्द्र : बुटवल ०७१-२०२३१३, जावलाखेल चोक २०८२६४१, नारायणगढ ०५६-५३२७५५, पोखरा ०६१-६२२०९५, नयाँबानेश्वर २०४२६५२, डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, कोटेश्वरचोक २०८१६७०, कलंकीचोक २१९०२१८, ठमेल चोक २१९०८००, गोंगबुचोक २०८११०९, चावहिल चोक ४४९३३६१, लगनखेल बसपार्क २१२२४४८



The pioneer Air Hostess Training Institute in Nepal




Be an Air Hostess
Be a Flight Steward

Admission OPEN

After successful training we provide Job Placement Assistant in Domcstic & International Airlines

FREE Facilities
- Swimming
- Airport Familiarization
- Stationery
- Uniform & Scarf

Highly experienced instructors
Licence holder from CAAN

Air Hostess Training Institute (P) Ltd.
NECO Complex (Opp. BICC hall, Main Gate) New Baneshwor KTM.
Ph# 4783564, 2042030 E-mail: ahti@wlink.com.np

# सम्भावना वेब डिजाइनमा



राजधानीका कलेजहरूका बारे कुनै पनि जानकारी लिनुपर्‍यो भने अब कम्प्युटरमा बसेर खोजे पुग्छ। धेरैजसो कलेजका आफ्नै वेबसाइट छन्। सरकारी, गैरसरकारी, निजी क्षेत्रबाट मात्र होइन, व्यक्तिगत रूपमा समेत वेबसाइट सञ्चालन गर्ने लहर चलेको छ। साइवरसंसार डटकमका दिपंकर कसजू भन्छन्- 'केही वर्षअघिसम्म ठूला होटल तथा ट्राभल एजेन्सीको मात्र वेबसाइट थियो, अहिले सबैले यसको प्रयोग गर्न थालेका छन्।'

सन् १९९७ मा रहरैरहरले साइवरनेपाल डटकम सञ्चालन गरेका कसजू दाजुभाइले अहिले यसैमा आफ्नो करियर बनाएका छन्। अहिले उनीहरू ड्रिम्स एन्ड आइडिआज नामक कम्पनी स्थापना गरेर साइवरसंसार, इ-नसा र मोडलसंसार डटकम सञ्चालन गरिरहेका छन्। यस क्षेत्रमा करियरको प्रशस्तै सम्भावना रहेको अभिनव बताउँछन्। खासगरी वेबडिजाइनरका रूपमा युवायुवतीहरूले काम गर्न सक्ने उनले बताए। 'वेबसाइट सञ्चालन गर्ने लहरले युवाहरूमा रोजगारीको अवसर खोलिदिएको हो,' दिपंकर भन्छन्- 'लगनशील र सिर्जनशील क्षमताका युवाहरूले यस क्षेत्रमा हात हाल्न सक्छन्।'

● **शिव मुखिया**

युगले फड्को मारेको छ। भनिन्छ, 'सूचना-प्रविधिको यो युगलाई पच्छ्याउन चाहनेहरू आफूलाई सूचना प्रविधिसँग जोड्न चाहन्छन्। समयसापेक्ष परिवर्तन हुन चाहने जो-कोही सूचना-प्रविधिबाट अलग हुन सक्दैनन्।

सूचना-प्रविधिको सशक्त माध्यम हो- वेबसाइट। सूचना एवं जानकारी निमेषभरमा सम्प्रेषण गर्न यो माध्यम विश्वभर अपनाउने गरिएको छ। कुनै पनि कम्पनीले आफ्नो उत्पादनका सम्बन्धमा जानकारी दिन होस् वा संघ-संस्थाले आफ्नो सेवासम्बन्धी सूचना प्रवाह गर्न, वेबसाइटको प्रयोग गर्न थालेका छन्। कमर्सियल रूपमा वेबसाइट सञ्चालन गर्नेहरू पनि कम छैनन्। यो लहरले नेपालजस्तो विकासोन्मुख मुलुकलाई पनि छोएको छ। नेपालमा सरकारी तहदेखि विभिन्न उद्योग तथा संघ-संस्थाहरूले आ-आफ्नै वेबसाइट सञ्चालन गरेका छन्। 'आफ्नो सेवा, सुविधा तथा उत्पादनका सम्बन्धमा जानकारी दिनुका साथै नयाँ घटनाक्रमको जानकारी दिन यो माध्यम अपनाउने क्रम बढ्दो छ,' लभ्ली पोखरा डटकमका वेब प्रोग्रामर गणेश खड्का भन्छन्।

यसरी वेबसाइट सञ्चालन गर्ने नयाँ ट्रेन्डले युवापुस्तालाई रोजगारीको अवसर दिएको छ। यही क्षेत्रमा रोजगारी गरेर जीवनयापन सहज बनाउन सकिने खड्का बताउँछन्। खासगरी वेब डिजाइनरका रूपमा काम गरेर मनग्गे आम्दानी लिन सकिने उनले बताए।

### के हो वेबडिजाइन ?

वेबसाइटको खाका तयार गर्नेदेखि त्यसलाई अनलाइनमा सञ्चालन गर्नेसम्मको काम गर्ने व्यक्ति नै वेबडिजाइनर हो। सामान्यत: वेबसाइट पनि पत्रपत्रिकाकै साजसज्जामा प्रस्तुत गरिन्छ। यसलाई विद्युतीय पत्रिका पनि भनिन्छ।

सर्भर साइट, स्क्रिप्टिङ र होस्टिङसम्मको काममा दक्षता हासिल गरेपछि वेबडिजाइनर वन्न सकिन्छ। वेबसाइटको डमी तयार गर्ने, आकर्षक साजसज्जा दिने, विभिन्न प्राविधिक फङ्सन मिलाउने र अनलाईनमा लाने काम वेबडिजाइनरले गर्नुपर्छ।

### कसरी बन्ने ?

कम्प्युटरमा आधारभूत ज्ञान लिएपछि एउटा छुट्टै प्याकेजअन्तर्गत वेब डिजाइनरको कोर्स गर्न सकिन्छ। राम्रो कम्प्युटर इन्स्टिच्युटबाट छोटो वा लामो अवधिको तालिम प्राप्त गरेर वेब डिजाइनसम्बन्धी ज्ञान हासिल गर्न सकिन्छ। त्यसो त एकेडेमिक कोर्सअन्तर्गत बीएस्सी कम्प्युटर साइन्स एवं बीसीए कोर्समा पनि वेबडिजाइन अध्ययन गर्न सकिन्छ। तालिम केन्द्रबाट यो कोर्स गर्दा न्यूनतम २० हजार रुपैयाँ खर्च लाग्छ। यति खर्चले वेबडिजाइनमा डिप्लोमा कोर्स गर्न सकिन्छ।

### के सिक्नुपर्छ ?

यो एउटा प्राविधिक कोर्स हो। यो कोर्स गर्नुअघि कम्प्युटरको आधारभूत ज्ञान लिएको हुनुपर्छ।

छुट्टै प्याकेजअन्तर्गत वेबडिजाइनको कोर्स सिकाइन्छ। सुरुमा पेज तयार गर्न विगिनर प्रोगामिङ सिक्नुपर्छ। यसमा एचटिएमएल कोडका सम्बन्धमा जानकारी दिइन्छ। त्यसपछि जाभा स्क्रिप्टमार्फत पेजलाई डाइनामिक वनाउन सिकाइन्छ।

जाभा स्क्रिप्ट सिकेपछि लेआउट तयार गर्न ग्राफिक्स कोर्स गर्नुपर्छ। त्यसैगरी सर्भर साइट स्क्रिप्टिङअन्तर्गत एएसपी, पिएचपी, जेएसपिमार्फत डाटाबेससँग सम्पर्क गराउने काम सिकाइन्छ। स्टोरेजका लागि डाटाबेस सिक्नुपर्छ। एसक्युएल, माइ एसक्युएलको कोर्स गरेपछि त्यसलाई सर्भरमा अपलोड गर्ने काम सिकाइन्छ।

कुनै पनि कम्प्युटर तालिम केन्द्रबाट यो कोर्स गर्न छ महिनादेखि दुई वर्षसम्म लाग्न सक्छ। वेबडिजाइनिङका सम्बन्धमा गहन अध्ययन पनि गर्न सकिन्छ।

वेबडिजाइनरमा धैर्यता एवं सिर्जनशील क्षमता हुनुपर्छ। अधैर्य व्यक्तिले वेबडिजाइन जस्तो झन्झटिलो काम गर्न सक्दैनन्। एउटा सानो काम गर्न पनि लामो समय लगाउनुपर्ने हुन्छ। त्यस्तै, उत्तिकै मेहनत पनि गर्नुपर्छ।

### कहाँ पाइन्छ रोजगार ?

आइटी क्षेत्र वेब डिजाइनरका लागि राम्रो प्लेटफर्म हो। त्यसैगरी सरकारी तथा गैरसरकारी संघ-संस्थामा पनि वेबसाइट विज्ञको माग हुन्छ। अहिले सरकारी संस्था, एनजीओ, आइएनजीओको अफिसियल वेबसाइट बनाउने गरिएको छ। त्यस्तै कुनै पनि उद्योगमा पनि वेब डिजाइनरको माग हुन्छ। कम्पनीले आफ्नो उत्पादनका सम्बन्धमा जानकारी दिन वेबसाइट सञ्चालन गर्ने भएकाले यस्ता क्षेत्रमा वेबडिजाइनरको आवश्यकता परेको हो। सञ्चारगृहदेखि कमर्सियल रूपमा वेबसाइट सञ्चालन गर्नेहरूमा पनि वेबडिजाइनरको माग हुन्छ। कुनै पनि संस्थामा आबद्ध भएर वा स्वतन्त्र रुपमा वेबडिजाइनरका रूपमा रोजगारी गर्ने थुप्रै अवसर यो पेसामा छ।



**गणेश खड्का**
**वेब प्रोगामर, लभ्ली पोखरा डटकम**

**वेब डिजाइनमा कस्तो सम्भावना देख्नुभएको छ ?**

नयाँ क्षेत्र एवं समयानुकूल पेसा अपनाउन चाहने युवायुवतीका लागि वेब डिजाइनिङ राम्रो क्षेत्र हो। नेपालमा अहिले वेबसाइट सञ्चालनमा तीव्रता आएको छ। यस्तो वेला यस क्षेत्रमा करियर बनाउन चाहनेहरूका लागि थुप्रै सम्भावना छ।

**वेब डिजाइनरले कुन-कुन क्षेत्रमा रोजगारी पाउन सक्छन् ?**

वेब डिजाइनरकै रूपमा कुनै पनि आइटी सम्बद्ध संस्थामा काम गर्न सक्छन्। त्यस्तै, व्यक्तिगत रूपमा वेब डिजाइनिङ गरेर पनि आम्दानी लिन सकिन्छ।

**कमाइ कति हुन्छ ?**

कमाइ यति नै हुन्छ भनेर तोक्न नसकिए पनि यसबाट प्रशस्तै आम्दानी लिइरहेका उदाहरण हाम्रै समाजमा भेटिन्छ। खासगरी उसले काम गर्ने क्षमतामा पनि कमाइ निर्भर हुन्छ। जेहोस्, तुलनात्मक रूपमा वेब डिजाइनरले आकर्षक कमाइ गर्न सक्छन्।

**वेब डिजाइनर कसरी बन्ने ?**

सामन्यत: कम्प्युटरसम्बन्धी ज्ञान भएका र नयाँ विषयप्रति रुचि भएका व्यक्तिले वेब डिजाइनरको कोर्स गर्न सक्छन्। यसमा धैर्यता र सिर्जनशीलता आवश्यक छ। यो कोर्स गर्न त्यति धैरै खर्च लाग्दैन।


ब्युटीसियन कोर्स
नि:शुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स।
• रोजगारीको ग्यारेण्टी।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

आवश्यकता
प्रतिस्थित मल्टी-नेश्नल कम्पनी पर्फेक्टी भ्यान मेले इण्डीया प्रा लि को उच्च ब्राण्डका चकलेट तथा चुइङ्गमहरु बिक्री बितरण गर्नको लागि निम्न उल्लेखित पदका लागि इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नु होला।
Sales Executives ( Girls )
योग्यता : +१२ वा सो सरह
तलब+कमिशन : कम्पनीको नियमानुसार
Cycle Salesman
तलब+कमिशन : कम्पनीको नियमानुसार
Target पूराएमा मासिक १२,०००/- सम्म
पत्राचार ठेगाना:
ग्लोबल म्याक्स प्रा. लि.
Email : intl.max@gmail.com, पोष्ट बक्स नं.: २३७५१
फोन नं. ०१-२००१२८४ (शानिबार बाहेक)

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरवोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

Learn to Speak English
★2 & 3 Months Packages
★Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel
4359170

51% Discount
Learn Computer
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Hardware & Networking
English Language
Basic to Advanced
Free: Books, CDs Internet & Email
Study In: UK, CANADA
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870

+2/SLC १ बर्ष मै
□ १ बर्ष मै +२ पास गर्न चाहानुहुन्छ ?
□ ८,९,१० पास नगरी SLC दिन चाहानुहुन्छ ?
□ Maths/Science साथै Sent up नदिई SLC पास गर्न चाहानुहुन्छ ?
□ SLC/+2 मा ५ विषय पढे पुग्ने।
□ जागिरे/गृहिणीहरुले घरमै बसी पढ्न सक्ने।
□ TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त।
□ Nepali/English भाषामा परीक्षा दिन सकिने।
पाथ-फाईन्डर ग्लोबल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोटर्स क्लबको अगाडि) 01-2005077

मुहार
बेदाग गोरो मुहारको लागि
रूपअमृत (Antipimple) -1650/-
चाउरीपना हटाउने Cream -1250/-
स्तन बढाउने Cream -1650/-
म्याग्निक ▶ ब्लडप्रेशर ▶ दम प्राउपचार
शरीरको उचाई बढाउने -1250/-
शरीरको तौल बढाउने -1000/-
मोटोपना घटाउने -2550/-
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, इटहरी 025-580944

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आ.अनुभवका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईने
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

निशुल्क होटलतालिम
वेटर/वेट्रेस
साथमा रु 3000/- भत्ता
उत्कृष्टलाई ७ देखि १० हजार सम्मको जागिरको व्यवस्था साथै विदेश जानेहरुको लागि स्पेशल कोर्षको व्यवस्था:- जस्तै ★Cook ★waiter/ss ★Bartender ★Coffee Making ★House Keeping ★साथै अन्य कोर्षहरु विशेष छुटमा धमाधम भर्ना
Wisdom Hotel Training Center
Kalimati Chowk
Phone N.: 01-6223587, 01-4277104, 9841032377

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

# सम्भव छ खाद्यसंकटको समाधान

कुलचन्द्र अर्याल



राष्ट्रसंघीय कृषि तथा खाद्य संगठन (एफएओ) ले हालै एक प्रतिवेदन जारी गर्दै बढ्दो जनसंख्याको मुखमा माड लगाउन सन् २०५० सम्ममा खाद्यान्न उत्पादन अहिलेको तुलनामा ७० प्रतिशतले बढाउनुपर्ने कुरा जनाएको छ। कृषिमा प्रयोग गरिँदै आएको अहिलेको जमिनमा वृद्धि नगरिए अबको ४० वर्षमा ३७ करोड मानिस भोकमरीमा पर्ने चेतावनी एफएओले दिएको छ। अबको ४० वर्षमा मौसम परिवर्तनले एसियामा २१ प्रतिशतले र अफ्रिकामा ३० प्रतिशतले खाद्यान्न उत्पादनमा कमी आउनेछ।

आउँदो ४० वर्षमा खानेकुराको मात्र होइन जमिन, पानी एवं जैविक विविधतामा पनि संकट देखिने डरलाग्दो चित्र एफएओले प्रस्तुत गरेको छ। 'संकटको समयका लागि खाद्यसुरक्षा' भन्ने नाराका साथ अक्टोबर १६ मा संसारका डेढ सयभन्दा बढी देशले विश्व खाद्य दिवस मनाउँदा राष्ट्रसंघीय संस्थाको यो चेतावनीयुक्त भनाइ बाहिर आएको हो। जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल मौसमका कारण खाद्यान्न उत्पादनमा आएको कमी तथा तीव्र जनसंख्या वृद्धिका कारण बढ्दै गएको खाद्यान्न अभावले विश्व समुदायमा निकै ठूलो चिन्ता उब्जाएको छ।

सन् ७० को दशकमा देखिएको आर्थिक मन्दीपछि जोडतोडका साथ उठ्न थालेको खाद्यसंकटको विषय पछिल्ला दिनहरूमा अझ चर्को बन्दै गएको छ। गएको महिना अक्सफाम नामक संस्थाले एक प्रतिवेदन जारी गर्दै जलवायु परिवर्तनका कारण नेपालमा लाखौं मानिस भोकमरीको चपेटामा पर्ने चेतावनी दियो। गएको वर्षको हिउँद ४० वर्षयताकै सबैभन्दा बढी सुख्खा सावित भएपछि नेपालमा हिउँदे बालीको उत्पादनसमेत ह्वात्तै घटेको थियो।

यो वर्ष बालीनाली लगाउने र फलाउने वर्षातको समयमा पर्याप्त पानी नपरेका कारण खाद्यान्न उत्पादन स्वतः घटेको छ। अझ धानबाली भित्र्याउने बेलामा परेको विनाशकारी बेमौसमी वर्षाले जेनतेन उब्जिएको खाद्यान्न पनि नष्ट गरेपछि यो वर्ष देशमा चरम खाद्यान्न संकट हुने अनुमान गर्न त्यति गाह्रो छैन। प्रतिकूल मौसमका कारण घटेको उब्जनी तथा खाद्यान्नको मूल्यमा आएको नाटकीय वृद्धिले यो वर्ष नेपालका ३४ लाख नागरिकलाई कुनै न कुनै किसिमले खाद्यान्न सहयोग चाहिने अक्सफामको निष्कर्ष छ।

विद्यमान पानी उपयोगको प्रणालीमा सुधार नगरे केही दशकपछि एसिया महादेशले खाद्यान्न संकटका कारण ठूलो मानवीय तथा राजनैतिक संकट बेहोर्नुपर्ने विश्व खाद्य कार्यक्रम तथा अन्तर्राष्ट्रिय पानी व्यवस्थापन संस्थाको चेतावनीयुक्त प्रतिवेदनले भयानक भविष्यको संकेत गरिरहेको छ।

विश्वको करिब ६० प्रतिशत जनसंख्या बसोबास गर्ने एसियाली क्षेत्रमा अबको ५० वर्षमा खाद्यान्न मागमा ५० प्रतिशतले वृद्धि हुनेछ, जसका कारण बढेको जनसंख्याको मुखमा माड लगाउन सिंचाइमा अहिलेको भन्दा ६५ प्रतिशत बढी पानी खर्च गर्नुपर्नेछ। जलवायु परिवर्तनका कारण उत्पन्न खडेरी तथा तापक्रम वृद्धिले पानीको संकट उत्पन्न भैरहेको बेला सिंचाइका लागि चाहिने आवश्यक पानी आपूर्ति गर्नु असम्भव भएको वैज्ञानिकहरू बताउँछन्।


विश्वमा हरेक दिन २ लाखभन्दा बढी मानिस थपिइरहेका छन्। १ दशमलव १४ प्रतिशतको वर्तमान विश्वको जनसंख्या वृद्धिदरलाई आधार मान्ने हो भने सन् २०५० सम्ममा जनसंख्या साढे ९ अरब पुग्नेछ। विश्वभरको खाद्यान्न उत्पादनको औसत वार्षिक वृद्धिदर करिब २ दशमलव ६ प्रतिशत छ, जुन जनसंख्याको वृद्धिदरभन्दा बढी हो, तर पनि खाद्यान्न उत्पादनमा असमानता एवं गरिब देशहरूमा खाद्यान्न उत्पादनलाई माथ गर्ने गरी भैरहेको जनसंख्या वृद्धिले खाद्यसंकटको समस्या जटिल भएको छ।

'८० को दशकसम्म खाद्यान्न निर्यात गर्ने देशको सूचीमा रहेको नेपालले अहिले करोडौंको खाद्यान्न आयात गर्नुपरिरहेको छ। करिब २ करोड ८० लाख जनसंख्या बसोबास गर्ने नेपालमा अधिकांश किसान ग्रामीण क्षेत्रमा छन् जसलाई मौसमको प्रतिकूलतासँग जुध्ने र मौसमअनुकूलको कृषिपद्धति अपनाउने सम्बन्धमा केही पनि थाहा छैन। कृषकमा मौसम परिवर्तन, आधुनिक कृषिप्रणाली तथा उत्पादनमूलक कृषि व्यवसायका बारेमा उचित ज्ञानको अभावले गर्दा देश खाद्यान्नमा आत्मनिर्भर बन्न सकेको छैन।

अहिलेको खाद्यान्न संकट टार्नका लागि संकटग्रस्त र सम्भावित क्षेत्रमा खाद्यान्नको आपूर्ति गर्ने र मौसमले ठगेर मारमा परेका किसानलाई राहत दिने विकल्प बाँकी छ। कालोबजारी रोक्नु, बजार अनुगमन प्रभावकारी बनाउनु, खाद्यान्न वितरणमा सरकारले चासो देखाउनु मूल्यवृद्धिका अल्पकालीन तथा तात्कालिक उपाय हुन सक्छन्, तर भविष्यमा आइपर्ने खाद्यान्न संकट टार्नका लागि कृषिमा क्रान्तिको बाटो अबलम्बन गर्नु नै उपयुक्त बाटो हो। प्रतिकूल मौसमका कारण कृषिमा पर्ने नकारात्मक असरलाई सकेसम्म कम गर्न वातानुकूलित विकास हुने र राम्रो फसल दिने बालीका नयाँ प्रजातिको विकास गर्नुका साथै विद्यमान खेतीप्रणालीमा सुधार ल्याउनुपर्छ।

## • बेव वाच •

## www.rhymer.com



यो एउटा निःशुल्क लयात्मक डिक्सनरी हो। लय मिल्ने शब्दलाई अंग्रेजीमा राइम वर्ड्स भनिन्छ। खासगरी कविता, गीत आदि लेख्दा यी लयात्मक शब्दको आवश्यकता हुन्छ। अंग्रेजी भाषामा पोख्तहरूलाई समेत यस्ता लयात्मक शब्द खोज्न गाह्रो पर्छ। अझ भर्खरै अंग्रेजी भाषा सिकेका र यसलाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विदेशीहरूलाई त झन् यस्ता शब्द खोज्न गाह्रो पर्ने नै भयो। यी सबै समस्या समाधानका लागि यो वेबसाइटले निकै सहयोग पुऱ्याउँछ।

यो वेबसाइट खोलेपछि त्यहाँ भएको खाली ठाउँमा आफूले खोज्न चाहेको लयात्मक शब्द टाइप गर्नुपर्छ। यसरी टाइप गरेको शब्दको अघिल्लो, बीचको वा पछिल्लो अक्षरमध्ये कुन अक्षरसँग लय मिल्नुपर्ने हो, छनौट गरेर इन्टर गर्दा त्यससँग मिल्ने प्रशस्त शब्द स्क्रिनमा देखिन्छन्। यसरी आफ्ना लागि जुन शब्द उपयुक्त हुन्छ, छनौट गरी मिलाउन सकिन्छ। यसका लागि ९३ हजार शब्दको डिक्सनरी, अन्य पुस्तकका साथै अनलाइन डिक्सनरी प्रयोग गरिएको छ।

### अर्को कुरा...

दोस्रो विश्वयुद्धपश्चात् जापानको राजधानी टोकियोमा बमले ध्वस्त पारेको एउटा भवन मर्मत गरी मासारु इबुकाले रेडियो मर्मत गर्ने एउटा पसल खोले। त्यसको एक वर्षपछि उनीसँग उनका साथी अकियो मोरिता मिसिए। उनीहरूले टोकियो सुसिन कोग्यो नामको कम्पनी स्थापना गरे, जसको अर्थ टोकियो टेलिकम्युनिकेसन इन्जिनियरिङ कम्पनी हुन्छ। यो कम्पनीले जापानमै पहिलो पटक टाइप जी नामक टेप रेकर्डर निर्माण गऱ्यो।

टोकियो टेलिकम्युनिकेसन कम्पनीलाई छोटकरीमा टीकेके भनिन्थ्यो। त्यसैगरी जापानी भाषामा छोटकरीमा तोत्सुको भनिन्थ्यो। सन् १९५० का सुरुका वर्षहरूमा ट्रान्जिस्टरका बारेमा अध्ययन गर्न इबुका अमेरिका जाँदा यसको नाम परिवर्तन गर्नुपर्ने आवश्यकता देखे। जापानमै टोकियो क्युको नामको एउटा रेल कम्पनी थियो। त्यसले पनि छोटकरीमा टीकेके लेख्थ्यो। त्यसैगरी तोत्सुको शब्द उच्चारण गर्न अमेरिकीहरू अप्ठ्यारो मान्थे। त्यसले गर्दा पनि नाम परिवर्तन गर्नुपर्ने बाध्यता भयो। यसका लागि उनीहरूले सुरुमा टोक्यो टेलिटक नाम राख्ने विचार गरे, तर एउटा अमेरिकी कम्पनीले पहिले नै यो नाम राखिसकेको रहेछ। त्यसपछि कम्पनीको नाम सोनी राखियो। सोनीमा दुईवटा शब्द मिसिएका छन्। एउटा ल्याटिन शब्द सोनस जसको अर्थ सोनिक र साउन्ड हुन्छ। आवाज दिने उपकरण ट्रान्जिस्टर उत्पादन गर्ने हुनाले यो शब्द सुहायो। त्यसैगरी अर्को शब्द सन्नी थियो। सन् ५० को दशकमा अमेरिकी केटाहरूलाई सन्नी भनेर बोलाउने चलन थियो। यसरी सोनस र सन्नी दुई शब्दको मिलनबाट सोनी नाम राखियो। अहिले यो एउटा बहुराष्ट्रिय कम्पनीका रूपमा इलेक्ट्रोनिक्सका क्षेत्रमा प्रचलित नाम बनेको छ।

# लोप हुँदै संकटापन्न प्रजाति



पछिल्लो पटक सार्वजनिक भएको तथ्यांकले संकटग्रस्त जीवमध्ये करिब एकतिहाइ प्रजाति लोप हुने खतरामा पुगेको देखाएको छ। विश्व संरक्षण संघ (आईयूसीएन) को जैविक विविधता संरक्षण समूहले पहिलो पटक सार्वजनिक गरेको प्रतिवेदनअनुसार आईयूसीएनको रेड लिस्टमा सूचीकृत ४७ हजार ६ सय ७७ प्रजातिमध्ये १७ हजार २ सय ९१ संकटग्रस्त प्रजाति विलोपनको खतरामा परेका छन्।

अध्ययनबाट प्राप्त नतिजाले पृथ्वीमा रहेका स्तनधारीका २१ प्रतिशत प्रजाति संकटमा रहेको देखाएको छ। त्यस्तै ३० प्रतिशत उभयचर, १२ प्रतिशत चराका प्रजाति, २८ प्रतिशत सरिसृप पनि संकटमा परेका छन्। पानीमा बस्ने प्रजातिमध्ये ३७ प्रतिशत र ढाड नभएका सबै जीवको ३५ प्रतिशत हिस्सा पनि विलोपनको खतरामा पुगेको छ। यो तथ्यांकअनुसार वनस्पतिका ७० प्रतिशत प्रजाति पनि संकटापन्न अवस्थामा पुगेका छन्।

विलोपनको गम्भीर समस्याका वैज्ञानिक प्रमाणहरू एकपछि अर्को गर्दै उँचो बन्दैछन्, आईयूसीएनको जैविक विविधता संरक्षण समूहका निर्देशक जेन स्मार्ट बताउँछन्। जेनका अनुसार सन् २०१० सम्ममा जैविक विविधताको क्षयीकरण घटाउने विश्वव्यापी लक्ष्यलाई यो नयाँ तथ्यले भताभुंग पारिदिएको छ। जेन भन्छन्, 'अब बचेखुचेका जैविक विविधताको संरक्षण गर्न विश्वका सरकारले काम सुरु गर्नुपर्छ र आउँदो वर्ष यसलाई मुख्य राष्ट्रिय एजेन्डा बनाउनुपर्छ।

आईयूसीएनको प्रतिवेदन-अनुसार विश्वका ५ हजार ४ सय ९० प्रजातिका स्तनधारी जीवमध्ये ७९ प्रजाति लोप भैसकेका छन्, १ सय ८८ अति संकटग्रस्त सूचीमा छन् भने ४ सय ४९ प्रजाति संकटापन्न छन्। त्यस्तै ५ सय ५ प्रजातिका स्तनपायी जीव संकटमा धकेलिने खतरामा छन्।

त्यस्तै १ हजार ६ सय ७७ प्रजातिका सरिसृप पनि आईयूसीएनको रातो सूचीमा परेका छन्, जसमध्ये २ सय ९३ प्रजाति यो वर्ष मात्र सूचीकृत गरिएका हुन्। सरिसृपका २२ प्रजाति लोप भैसकेका छन् भने ४ सय ६९ प्रजाति लोप हुने खतरामा छन्।

अहिले विश्वका सरिसृपहरूको अवस्था प्रकाशमा आएभन्दा पनि नाजुक रहेको आईयूसीएनका प्रजाति संरक्षण आयोगका अध्यक्ष सिमोन स्टुआर्ट बताउँछन्। आईयूसीएनका अनुसार पृथ्वीमा रहेका १ हजार ८ सय ९५ प्रजातिका उभयचरमध्ये ६ हजार २ सय ८५ लोप हुने खतरामा छन्। ३९ उभयचरका प्रजाति लोप भैसकेका छन्, ४ सय ८४ प्रजाति अति संकटापन्न सूचीमा छन् भने ७ सय ५४ प्रजाति संकटापन्न छन्। त्यस्तै ६ सय ५७ प्रजातिका उभयचर संकटापन्न हुने खतरामा छन्। त्यस्तै आईयूसीएनको संकटापन्न सूचीमा रहेका १२ हजार १ सय ५१ प्रजातिका वनस्पतिमध्ये साढे ८ सय लोप हुने खतरामा पुगेका छन्। १ सय १४ प्रजातिका वनस्पति भने लोप भैसकेका छन्। आईयूसीएनको रातो सूचीमा रहेका ७ हजार ६ सय १५ अमेरुदण्डीय जनावरमध्ये २ हजार ६ सय ३९ लोप हुने खतरामा छन्।

# काठमाडौंको ध्वनि-प्रदूषण उच्च विन्दुमा

प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (रेस्फेक) ले गरेको ध्वनि मापनमा काठमाडौंमा उच्च ध्वनि प्रदूषण भैरहेको पाइएको छ। रेस्फेकले काठमाडौंका विभिन्न स्थानमा ध्वनि-प्रदूषणविरुद्धको अभियान सञ्चालन गर्ने क्रममा ध्वनि-प्रदूषण मापन गरेको थियो।

वीर अस्पतालमा बिहान साढे आठदेखि साढे दस बजेसम्म गरिएको ध्वनि मापनले १ सय २ डेसिबल देखाएको थियो। जबकि सामान्य मानिसको कानका लागि २६ डेसिबलदेखि ६० डेसिबलसम्मको ध्वनि मात्र स्वीकार्य हुन्छ।

रेस्फेकको अगुवाइमा वीर अस्पताल परिसरलाई हर्न निषेधित क्षेत्र घोषणा गरिए पनि चालकहरूको असभ्यताका कारण उक्त क्षेत्रमा चर्को ध्वनि प्रदूषण रेकर्ड गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक कमानसिंह खत्रीले बताए।

मानसिक तथा शारीरिक रोग निम्तिने भएकाले ध्वनि-प्रदूषण र यसको कारकका रूपमा रहेको हर्नलाई निरुत्साहित गर्न रेस्फेकले वीर अस्पतालका अतिरिक्त सुन्धारा र नेपाल वायुसेवा निगमको परिसरमा पनि ध्वनि-प्रदूषण मापन गरेको थियो। उक्त क्षेत्रमा क्रमशः ९६ डेसिबल र ८२ डेसिबलले ध्वनि मापन भएको रेस्फेकले जनाएको छ। त्यस्तै पाटन अस्पतालमा ८६ डेसिबल ध्वनि मापन भएको कार्यक्रम अधिकृत अनुसूया जोशीले बताइन्।

ध्वनि-प्रदूषणका कारण टाउको दुख्ने, कान कम सुन्ने, चिडचिडापन हुने, मानसिक तनाव हुने, एकाग्रता नहुने, वाकवाक लाग्ने, मुटुसम्बन्धी समस्या हुने, निद्रा कम लाग्ने, रिस उठ्ने, स्वभाव रूखो हुनेजस्ता समस्या उत्पन्न हुन्छन्।



## कार

पेट्रोलियम पदार्थको अभाव खेपिरहेका उपभोक्ताका लागि सुखद सन्देश। अहिले नेपाली बजारमा ब्याट्रीबाट गुड्ने कार भित्रिएको छ। जर्मन र अमेरिकन प्रविधिमा भारतीय कम्पनीले निर्माण गरेको आर ईभीए ई मोडलको कारलाई नेपालमा इको भिजन प्रा.लि.ले भित्र्याएको हो। ८ सय सीसी क्षमताको यो कारको ब्याट्री एकपटक चार्ज गरिसकेपछि ८५ किलोमिटर दूरीको यात्रा गर्न सकिन्छ।

कारमा आठवटा ब्याट्री जडान गरिएको छ, जसमा प्रत्येक ब्याट्री ६ भोल्टको हुन्छ। कुल ४८ भोल्टको ब्याट्रीबाट चल्ने यो कारले २ सय ४० किलोग्राम तौल बोक्ने क्षमता राख्छ। ट्युबलेस टायर भएको यो कार सञ्चालनमा समेत न्यून खर्च लाग्छ। दिनभरको यात्रामा ४० रुपैयाँ मात्र खर्च लाग्ने यसका विक्रेताले जनाएको छ। कारमा चार सिट छ। यसभित्र एयर कन्डिसन, हिटर, डिफगर, एमपीथ्री प्लेयरजस्ता सुविधा छ। आरईभीए आई डिलक्स कारको नेपाली बजार मूल्य १२ लाख ७१ हजार ५ सय ४४ रुपैयाँ छ।

## स्कुटी



ब्याट्रीबाट चल्ने स्पिड स्कुटी हालै नेपाली बजारमा भित्रिएको छ। पेट्रोलियम पदार्थको अभाव खेपिरहेका उपभोक्ताले यो स्कुटीको प्रवशेपछि केही राहत पाउने यसका नेपालस्थित आधिकारिक विक्रेता एभ्को इन्टरनेसनलले जनाएको छ। इन्डियन कम्पनी इलेक्ट्रोथमले उत्पादन गरेको यो स्कुटी विभिन्न कलर र आकर्षक मोडलमा उपलब्ध छ। एकपटक चार्ज गरेपछि ७५ किलोमिटर गुड्ने क्षमताको यो स्कुटीमा १२ भोल्टको चारवटा ब्याट्री राखिएको छ। ब्याट्री चार्ज गर्न आठ घण्टा समय लाग्छ भने यसले १ दशमलव ७ युनिट विद्युत् खपत गर्छ। १ सय ३० किलोग्राम तौल बोक्ने क्षमतासहितको यो स्कुटीको टायर चौडा छ। ऊर्जा संकटबाट बचाउन र प्रदूषण कम गर्नका साथै कम खर्चमै यात्रा गर्न सकिने यो स्कुटीको नेपाली बजार मूल्य १ लाख २५ हजार रुपैयाँ छ।

## सौर्य टुकी



लोटस इनर्जीको उत्पादन सौर्य ऊर्जा घरायसी प्रयोजनका लागि उपयोगी हुनसक्छ। लोडसेडिङका लागि यो राम्रो विकल्प हो। २ वाटको सोलार प्यानलजडित सौर्य टुकीले ८० मिली एम्पियर विद्युत् प्रवाह गर्छ।

सानो आकारको सौर्य प्यानलबाट ३ दशमलव ६ भोल्टेजको ब्याट्री चार्ज गरेपछि १४ घण्टासम्म यसले उज्यालो दिन्छ। राम्ररी घाम लागेको मौसममा ३ घण्टामै ब्याट्री चार्ज हुन्छ। यो टुकी ८ हजार घण्टा टिक्छ। यसको मूल्य ३२ सय रुपैयाँ छ।


# छोरीलाई पनि विद्यालय पठाऔं




STATUTORY DIRECTIVE: SMOKING IS INJURIOUS TO HEALTH

# अमेरिकाबाट सज्जाको स्पष्टोक्ति



मंसिर १२ गते *साप्ताहिक*मा प्रकाशित आफ्नो स्वास्थ्यसँग सम्बन्धित एउटा समाचारप्रति नायिका सज्जा मैनालीले अमेरिकाबाट गम्भीर चासो व्यक्त गर्दै उक्त समाचारको खण्डन गरेकी छिन् । सज्जाले समाचारमा उल्लेख गरिए अनुसार आफूलाई कुनै पनि रोग नलागेको तथा आफू पूर्णरूपमा स्वस्थ रहेको बताएकी छिन् । अमेरिकाको पेन्सिल्भेनियामा बसोबास गरिरहेकी सज्जाले आफू सहित आफ्ना श्रीमान् ओमराज भट्टराई तथा शिशु पनि स्वस्थ रहेको स्पष्ट पारेकी छिन् । साप्ताहिकमा आफ्नो स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै समाचार प्रकाशित भएपछि आफूलाई धेरै शुभचिन्तकले टेलिफोनबाट स्वास्थ्यका बारेमा गम्भीर चासो व्यक्त गरेकाले आफूलाई मानसिक रूपले समेत आघात पुगेको सज्जाले बताएकी छिन् ।

समाचार सम्प्रेषण गर्दा असावधानीवस केही तथ्य प्रकाशित हुँदा सज्जाको व्यक्तिगत जीवनमा पुग्न गएको आघातप्रति *साप्ताहिक* क्षमा याचना गर्दछ ।

–सम्पादक

# राजेश पनि मेरै उमेरका



भुवन केसी र राजेश हमालमध्ये कसको उमेर बढी होला ? कतिपय दर्शकले चलचित्रसँग सम्बन्धित कार्यक्रममा यस्ता प्रश्नको अपेक्षा गर्छन्, तर हाम्रा नायक उमेरको मामलामा नायिकाभन्दा कन्जुस छन् भन्दा फरक पर्दैन । राजधानीमा आयोजित एउटा कार्यक्रममा अभिनेता भुवन केसीले आफ्नो र राजेशको उमेर उस्तै-उस्तै भएको जिकिर गरे । 'धेरैले सोच्छन्, म राजेशजीभन्दा धेरै बूढो हुँ, तर होइन ।' यति सुन्नेबित्तिकै केही दर्शक हल्ला हुने गरी हाँसे ।

भुवनले भने बीचमै सच्याउन खोजे, 'जस्ट जोकिङ' । दर्शकहरू शान्त भएपछि उनले फेरि भने, 'राजेशजीभन्दा म अलि अगाडि चलचित्रमा आएँ, उहाँ पछि आउनुभयो तर, हाम्रो उमेर उस्तै हो ।' त्यही मञ्चमा थिए अर्का पुराना एक्सन नायक शिव श्रेष्ठ, उनको मुखमा पुलुक्क हेर्दै भुवनले भने, 'शिव दाइ त मेरो पनि दाइ नै हो ।' सायद शिव श्रेष्ठलाई दाइ भनेर आफू तन्नेरी भएको पुष्टि गर्न खोज्दै थिए उनी, तर धन्न नायक श्रेष्ठसँग उनको उमेरका विषयमा कसैले सोधेनन् ।



# इन्टरनेटबाट दिक्क

रेखा थापा अचेल समाचार र गसिपहरूमा छाएकी छिन् । उनले जे गरे पनि समाचार बन्न थालेको छ । रेखा थापा प्रचण्डसँग नाचिन्, सर्वत्र चर्चा भयो । त्यसपछि रेखाले घरमा इन्टरनेट चलाउन थालिन्, त्यसको पनि चर्चा भैरहेको छ । रेखाले इन्टरनेट त चलाइन्, त्यसपछि उनलाई नदुखेको टाउको डोरी बाँधेर दुखाएको जस्तो अनुभूति भएछ । गुगल सर्च इन्जिनमा उनले आफ्नो नाम टाइप गरिछन्- 'आरईकेएचए टीएचएपीए' । त्यति मात्र के टाइप गरेकी थिइन्, गुगलले सरर..रेखा थापा हट, रेखा थापा हट फोटो, रेखा थापा हट भिडियो, रेखा थापा हट वालपेपर मात्र होइनन्, रेखा थापाको ***(अश्लील शब्द) पनि सजेस्ट गरेछ । अनि तुरुन्तै उनले सल्लाहका लागि साइबरसंसार डटकमका अभिनव कसजूलाई फोन गरिन् । अभिनवले पनि सित्तैंमा सल्लाह दिन पाएकोमा दिइहाले-'रेखा, सुर्ता नगर, त्यो विकृत मानसिकता भएका मानिसहरूको काम हो । त्यसले तिमीलाई केही असर पुऱ्याउँदैन ।' बल्ल रेखाको घैंटोमा घाम लाग्यो । यद्यपि उनलाई अझै एउटा कुराले अचम्ममा पारेको छ । कसैले उनको नाममा फेसबुक एकाउन्ट चलाएको छ, रेखा भन्छिन्-'मेरो नाममा चलाइएको फेसबुक फेक हो । त्यसमा मलाई कसैले केही नलेखे हुन्छ ।'



# रुचि बढ्यो गीतमा

नायिका झरना थापाको भूमिकामा केन्द्रित चलचित्र 'कहाँ भेटिएला' काठमाडौं उपत्यकामा चलिरहेको छ । यसरी झरनाकै भूमिकामा केन्द्रित बनाइएका चलचित्र यसअघि निकै बने । उनले अभिनय गरेका ती चलचित्र सफल पनि भए । झरनाको अभिनयलाई दर्शकले मात्र होइन, निर्देशक तथा सह-कलाकारहरूले पनि उत्कृष्ट मानेका छन्, तर झरनालाई भने अभिनयमा भन्दा गीतमा नाच्न रमाइलो लाग्छ । उनले नाचेको चलचित्रको गीत 'आज बाह्रहाते पटुकी' देखि लिएर 'मै मोरीलाई लिन परदेशी आउँछन् रे' मन पराइएका छन् । त्यतिले नपुगेर उनी म्युजिक भिडियोहरूमा पनि देखिन थालेकी छिन् । चलचित्रका निर्देशक दयाराम दाहालको जोडी भएर एउटा लोकदोहोरीको म्युजिक भिडियोमा देखिएको केही समयपछि उनी गायक हेमन्त शर्माको म्युजिक भिडियोमा देखिइन् । भर्खरै उनले प्रदीप कसपालको निर्देशनमा गायिका एलिना राईको म्युजिक भिडियोमा काम गरेकी छिन् । म्युजिक भिडियो खेल्दाखेल्दै यसै वर्ष मात्र चलचित्र नायक भएका अयुब केसी उनको जोडी भएका छन् । चलेकी नायिकासँग अभिनय गर्ने अवसर पाएकोमा अयुब पनि दंगदास छन् ।



तस्बिर : नवराज वाग्ले

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**प्रश्न : म २३ वर्षीय अविवाहित युवक हुँ । म अहिले साथीको संगतका कारण बिनाकसुर १० वर्षको जेल सजाय भोग्न बाध्य भएको छु । म बाहिर हुँदा सानोतिनो व्यापार गर्थें । म एउटी युवतीलाई मन पराउँछु । उनी पनि मलाई असाध्यै माया गर्छिन् । बाहिर हुँदा हाम्रो जीवन राम्रै होला भन्ने आशा राखेको थिएँ तर बाध्यतावस कैद जीवन बिताउन बाध्य छु । उनी मलाई जेलमा बारम्बार भेट्न आउँछिन् । उनी आउँदा म उनलाई सम्झाउँछु– तिमी मलाई भेट्न यहाँ कहिल्यै नआऊ र असल जीवनसाथी रोजेर सुनौलो जीवनयात्रा प्रारम्भ गर । त्यसो भन्दा उनी मेरो अगाडि रुने–कराउने अनि तिमीलाई म २० वर्ष पनि कुर्न सक्छु भन्छिन् । म आफ्नो कारणले उनको जीवन बर्बाद भएको हेर्न चाहन्न । उनको जीवनबाट टाढा हुन म के गर्न सक्छु ?**

–इ.

प्रेमको मामिलामा तपाईं भाग्यमानी हुनुहुँदोरहेछ। दस वर्ष कारावासको सजाय भोगिरहेका व्यक्तिलाई पनि हृदयदेखि नै गहिरो माया गर्ने तपाईंकी प्रेमिकालाई मेरो सलाम छ। भनिन्छ प्रेमले प्रेम मात्र हेर्छ अरू केही हेर्दैन। तपाईंकी प्रेमिका तपाईंको वर्तमान जीवनको तीतोसत्यका बाबजुद पनि तपाईंलाई हृदयदेखि नै माया गर्छिन् र तपाईंमाथि उनको अटुट विश्वास छ। यस्तो विश्वास निकै कम मानिसले मात्र पाउँछन्। तपाईं कुन वा कस्तो कसुरको सजाय भोगिरहनुभएको छ त्यो पत्रमा उल्लेख छैन तर दस वर्षको कारावासको सजाय हुने कसुर गम्भीर प्रकृतिकै हुन्छ, तसर्थ तपाईंको कसुर पनि गम्भीर नै हुनुपर्छ। चाहे त्यो तपाईंले जानाजान गरेको होस् वा साथीको संगतले, तपाईं दोषी हुनुहुन्छ। अबका दिन तपाईंले आफ्नी प्रेमिकाको विश्वासको कदर गर्दै आफ्ना आचरणहरूमा सुधार ल्याएर सरकारबाट प्राप्त हुने क्षमादानका लागि प्रयत्न गर्नुपर्छ। त्यस्तो क्षमादानले तपाईंलाई समयअगावै जेलजीवनबाट मुक्ति दिन सक्छ। त्यसो हुन सक्यो भने तपाईंकी प्रेमिकाले तपाईंको प्रेम पाउने मात्र नभई उनको विश्वासले तपाईं स्वयंले पनि नयाँ जीवन पाउनुहुनेछ। तपाईंहरूको प्रेम सफल होस् र तपाईंको नयाँ जीवन चाँडै सुरु होस्, मेरो शुभकामना छ।

## ● फिल्मी खबर ●

### अरुणपूर्व लिम्बूवान

सङ्घीय गणतन्त्र स्थापना गर्ने उद्देश्यले निर्मित नेपाली कथानक चलचित्र 'अरुणपूर्व लिम्बूवान' झापाको बिर्तामोडमा दोस्रो पटक प्रदर्शन भएको छ। ऐतिहासिक, जातीय, भाषिक पृष्ठभूमिमा लिम्बूवान राज्य किन र कसरी भन्ने सन्देश दिने उद्देश्यले याक्थुङ कलाकार सङ्घको ब्यानरमा निर्माण भएको उक्त चलचित्र दर्शकको मागका कारण प्रदर्शन भएको चलचित्रका नायक मित्र लिङ्देनले बताए। पाँचथर र इलामका सुटिङ गरिएको उक्त चलचित्रमा एलसीडी प्रविधिमा निर्मित यो चलचित्र झापाको खुदुनाबारी, दूधे, दमक, इलाम, ताप्लेजुङ, मोरङ र पाँचथरमा प्रदर्शन भैसकेको छ।

### एकै दिन चार फिल्मको मुहूर्त

झापाको बिर्तामोडमा एकैचोटि चारवटा चलचित्र मुहूर्त भएको छ। यी चारै चलचित्रको मुहूर्त बिर्तामोडस्थित कृष्णा चित्रमन्दिरमा लिम्बूवान आन्दोलनका अगुवा मोगेन्द्र लिङ्देन, मिसेकहाङ थाम्सुहाङ, अशोक चेम्जोङ आदिले गरे। 'गोर्खाल्यान्ड', 'भूमिपुत्र', 'लिम्बूवान' र 'लेप्चा राज्य' नामक ती चलचित्रको निर्देशन क्रमशः मित्र लिङ्देन, नरेशजङ्ग सुब्बा, प्रेम शेर्मा माङजाबुङे र कसम खवासले गर्ने 'गोर्खाल्यान्ड'मा पूर्वइन्डियन आइडल प्रशान्त तामाङ, मित्र लिङदेन, प्रेम सुब्बा, मौसमी मल्ल, ऋतु चङ्सु आदिले अभिनय गर्नेछन्।

### पुस ३ देखि नेपाली वीर



नयाँ नेपाली चलचित्र 'नेपाली वीर' को सार्वजनिक प्रदर्शन आगामी शुक्रबार अर्थात् पुस ३ गतेदेखि गरिने भएको छ। रिम विश्वकर्माको निर्देशन रहेको यो चलचित्र काठमाडौं बाहिरका विभिन्न सहरहरूमा प्रदर्शन हुन लागेको हो। यो चलचित्रमा रमित ढुंगाना तथा उषा पौडेलले मुख्य भूमिका निर्वाह गरेका छन्।





## छिमेकी रिसाउँदा

हलिउड नायिका पेरिस हिल्टनको समस्या दिनप्रति दिन बढ्न थालेको छ । प्रायः विवादमा आइरहने पेरिसले पछिल्लो पटक आफ्नै छिमेकीको रिसको सिकार हुनुपरेको छ । वास्तवमा पेरिस आफ्नो हाइ प्रोफाइल नाइट लाइफ तथा पार्टीहरूका कारण चर्चामा आइरहन्छिन् । भनिन्छ, उनको यो बानी उनकै छिमेकीहरूलाई भने पटक्कै मन परेको छैन । उनीहरूले पेरिसको गुनासो प्रहरीसमक्ष समेत गरेका छन् । प्रसंग यत्तिकैमा रोकिएन, छिमेकीहरूले पेरिसको तुलना 'राक्षस' सँग नै गरिदिए । वास्तवमा पेरिसका छिमेकीहरू उनको मध्यरातसम्म जारी रहने पार्टीका कारण वाक्क थिए । एउटा समाचारमा जनाइएअनुसार यसपटक पेरिसका छिमेकीले उनलाई कुनै मौका दिनुको साटो प्रहरीलाई खबर गर्नु उचित माने । प्रहरीले पनि पेरिसलाई अन्तिम चेतावनी दिइसकेको छ । थुप्रै होटलकी मालिक्नि पेरिस आफ्नो व्यक्तिगत आचरण तथा महँगो सौखका कारण बेला-बेलामा चर्चामा आइरहन्छिन् ।

## नयाँ अवतारमा दीपिका



ओम शान्ति ओम गर्ल दीपिका पादुकोण आफ्नो आगामी चलचित्रमा नयाँ लुकमा प्रस्तुत हुने भएकी छिन् । अभिनेता रणवीर कपुरसितको ब्रेकअपपछि मिडियाबाट टाढिएकी दीपिका अचानक शोल्डर लेन्थ केशसहितको नयाँ लुकमा देखा परिन् । कम्मरसम्म आउने केश छोट्याएर सोल्डर लेन्थ बनाएकी दीपिका यो लुकमा चलचित्र 'कार्तिक कलिङ कार्तिक' मा देखा पर्न लागेकी हुन् । सुरुमा आनाकानी गरे पनि पछि चलचित्रका निर्देशक विजय लालवानी तथा नायक फरहान अख्तरको विशेष अनुरोधपछि उनी केश काट्न राजी भएकी थिइन् । केश काटिसकेपछि उनले आफ्नो नयाँ लुकप्रति यसरी प्रतिक्रिया जनाइन्- मैले कक्षा आठमा पढ्दा केश काटेकी थिएँ र त्यसपछि अहिले काटेकी छु । यो परिवर्तनले मलाई राम्रो अनुभव गराएको छ ।

## विवाह गर्दैछिन् वाइनहाउस



हलिउडकी चर्चित पप गायिका एमी वाइनहाउसले पुनः विवाह गर्ने भएकी छिन् । आफैंले पारपाचुके गरेका पूर्वश्रीमान् ब्ल्याक फिल्डर सिविलसमक्ष एमीले पुनः विवाह गरेर सँगै बस्ने प्रस्ताव राखेकी छिन् । एमीले सिविलसँग पुनः एकपटक इन्गेज्मेन्ट रिङ लगाउने प्रस्ताव राखेकी हुन् । समाचारका अनुसार आगामी तीन महिनाभित्रमा एमी तथा सिविलबीच पुनः वैवाहिक जीवन प्रारम्भ हुनेछ । पुनः विवाह गर्ने प्रसंगमा सिविलको आफ्नै तर्क छ । उनी भन्छन्– 'हामीले केवल कागजी रूपमा मात्र सम्बन्धविच्छेद गरेका थियौं, शारीरिक रूपमा अलग थिएनौं । हामी अहिले पनि फोनमा दिनको पाँच-छ पटक कुराकानी गर्छौं ।' पछिल्लो समयमा एमीकै तर्फबाट पुनः विवाहको प्रस्ताव आएपछि सिविलले त्यसलाई सकारात्मक रूपमा लिएका छन् ।



## ऐश्वर्या अब मुमताज

महारानी जोधाबाईको भूमिकापछि अब बलिउड सुन्दरी ऐश्वर्या रायले रानी मुमताज महलको भूमिका निर्वाह गर्ने भएकी छिन् । सम्राट् शारजहाँले रानी मुमताजको सम्झनामा ताजमहल बनाउन लगाएका थिए । हलिउड अभिनेता बेन किङ्सलेको होम प्रोडक्सनमा निर्माण हुने यो चलचित्रमा सम्राट् शारजहाँको भूमिका सर बेनले नै निर्वाह गर्नेछन् । करिब ३ करोड डलरको लागतमा निर्माण गरिने उक्त चलचित्रको लेखनकार्य भने बेलायती उपन्यासकार एवं लेखक डेबिट एसटनले गरिरहेको बताइन्छ ।

## श्रीमतीले नग्न दृश्य दिएपछि



हलिउड अभिनेता जोन ट्रवोल्ट अचेल निकै दुःखी छन् । आफ्नी श्रीमती केली प्रेस्टनद्वारा चलचित्रमा नग्न दृश्य दिएका कारण दुःखी भएका जोनले आगामी दिनमा आफ्नी श्रीमतीलाई चलचित्रको पर्दामा निर्वस्त्र भएको हेर्न नचाहेको बताएका छन् । जोनकी श्रीमती केली हलिउडकी स्थापित नायिका हुन् । करिब १८ वर्षअघि उनीहरू वैवाहिक जीवनमा बाँधिएका थिए । चलचित्र 'लभ अफ द गेम' मा आफ्ना सहअभिनेता टम क्रुज तथा केविन कोस्टनरसँग केलीले निकै तात्तातो यौन उत्तेजक दृश्य दिएकी छिन्, जसबाट जोनलाई गहिरो धक्का लागेको बताइन्छ । जोन भन्छन्– 'म केलीले कुनै पनि अभिनेतासँग एउटै ओछ्यानमा सुतेको हेर्न सक्दिनँ, किनभने मलाई त्यस्तो दृश्य हेर्ने पटक्कै मन छैन ।' आफ्ना श्रीमान्ले नग्नदृश्यप्रति आपत्ति जनाएकैले होला, केली पनि अहिले केही सम्हालिएकी छिन् । त्यसैले उनले नयाँ चलचित्र 'ओल्ड डग' मा सभ्य महिलाको भूमिका निर्वाह गरेकी छिन् ।

## अब पालो लव सिन्हाको

बलिउडमा स्टार पुत्र-पुत्रीको इन्ट्री नौलो कुरा होइन । यही परम्परालाई कायम राख्दै सटगन अर्थात् नेता-अभिनेता शत्रुघ्न सिन्हाका पुत्र लव सिन्हा बलिउडमा आफ्नो यात्रा थालनी गर्न तयार भएका छन् । निर्देशक राज कुँवरको चलचित्र 'सादियाँ' बाट लव सिन्हाले नायकका रूपमा बलिउड संसारमा डेब्यु गर्दैछन् । चलचित्रमा फरिना वैजरले नायिकाको भूमिका निर्वाह गर्दैछिन् । उक्त चलचित्रमा ऋषि कपुरकी छोरीका साथै रेखा, हेमा मालिनी, सबाना आजमी आदि भेट्रान अभिनेता-अभिनेत्रीको पनि अभिनय रहनेछ । २० वर्षीय लवले दीपक रावतबाट नृत्य तथा रोशन तनेजाबाट अभिनय कलाको प्रशिक्षण लिएका छन् । लव अभिनीत सादियाँको छायांकन प्रारम्भ भैसकेको छ । हालै उक्त चलचित्रको एउटा गीतको छायांकन कास्मिर क्षेत्रमा गरिएको थियो ।



केवल एक प्रश्न



# नेपाल बन्दमा कसरी दिन बिताउनुभयो ?

मेरो चलचित्र 'यतीको खोजीमा' प्राविधिक कारणले आज शुक्रबार मात्र रिलिज हुने भयो । त्यसकै दौडधुपमा लाग्नुपर्ने, एक दिनको बन्दले त मेरो काम गर्ने गति नै घटायो । बन्दका दिन गर्नुपर्ने प्रचारप्रसारका कामहरू बल्ल गर्दैछु ।

**–लक्ष्मण बस्नेत (नायक/निर्माता)**

बोरै भयो नि..., यसपटक मात्र होइन बन्दमा सधैं बोर हुन्छ । एउटा स्टुडियोबाट अर्को स्टुडियो पुगिरहनुपर्ने मलाई पनि ज्यादै असुविधा भयो । विरोध गर्नेहरूले बन्दको साटो अरू कुनै उपाय अपनाए हुन्थ्यो कि ?

**–वसन्त सापकोटा (संगीतकार)**

पोखरामा एउटा महोत्सवमा भाग लिन पुगेको थिएँ । बन्दको दिन मेरो फर्किनुपर्ने टिकट तयार थियो । त्यसैले लेकसाइडबाट सुटकेस तान्दै हिंडेर एयरपोर्ट पुगें । कुरेर बसेँ । काठमाडौं आएपछि फेरि सुटकेस घिच्याउँदै पैंतालीस मिनेट जति हिंडेर घर पुगें । फेरि बाटोमा मानिसहरूले चिनेर अर्को अप्ठेरो..., आपतै पऱ्यो नि ।

**–झरना थापा (नायिका)**

शिवहरि दाइ र किरण दाइसँग इटहरी महोत्सवमा भाग लिन जानुपर्ने थियो । बन्द परेकाले अघिल्लो दिन मेरो घर कोटेश्वरमा बस्ने गरी उहाँहरू आउनुभयो । बन्दको दिन हामी झोला बोकेर लखरलखर एयरपोर्ट जाँदै थियौं । एउटा प्रहरी भ्यानलाई सहयोग गरिदिन आग्रह गऱ्यौं । त्यहीं परसम्म पुगेर आउँछौं भनेर हिडेंको भ्यान निकै बेर आएन । अनि हिंड्दै एयरपोर्ट पुग्यौं । प्लेनमा चढेर थकाइ मार्दै विराटनगर पुग्यौं । त्यहाँबाट आयोजकले पठाएको गाडीमा सुरक्षासहित इटहरी पुगेर कार्यक्रम गऱ्यौं ।

**–जितु नेपाल (हास्य कलाकार)**

नेपाल बन्द भएर के गर्नु ? फोन, मोबाइल, टेलिभिजन, रेडियो र मुख त बन्द भएको थिएन नि । त्यसैले ती सबैको प्रयोग गर्दै दिन बिताएँ । बन्दको दिन भए पनि 'कल कान्तिपुर' को प्रसारण बन्द हुँदैन । कार्यक्रम सञ्चालन गर्न हिंड्दै अफिस पुगेँ र कार्यक्रम चलाएँ अनि घर फर्किएँ ।

**मानवी ढकाल (भिडियो जक्की)**



सुशील क्षेत्री
(नायक)

● मेरो अनुभव ●

## डान्स

डान्स मेरो रहर मात्र रहेन, आवश्यकता पनि बनेको छ । मेरो चलचित्र यात्राको पहिलो खुड्किलो डान्स नै हो । नाच्ने रहरले नै आज म यो स्थानमा छु, चलचित्रको नायक भएको छु । सानैदेखि माइकल ज्याक्सनको डान्स हेरेर उनको कपि गर्थें । ०४८ सालमा दाइले बनाएको भिडियो फिल्म 'प्रयास'मा मैले नायक सरोज खनालको डान्सगुरुको भूमिका पनि निर्वाह गरेको थिएँ । १९ वर्षको उमेरमा मलाई त्यो चलचित्रमा ५० वर्षको बूढो बनाइएको थियो । मेरो नाच्ने रहर देखेर नै गुरु राजु शाहले मलाई त्यो भूमिका दिनुभएको थियो । गुरु राजु शाहको डान्स क्लास ज्वाइन गरे पनि मेरो त्यो लत रगतमै बसिसकेको थियो । लोकनृत्य गर्दा पनि मेरो नाच्ने शैली भने माइकल ज्याक्सनकै जस्तो हुन्छ भनेर उहाँले जिस्क्याइरहनुहुन्थ्यो । पछि त्यसलाई उहाँले मेरो स्टाइल मान्न थाल्नुभयो । राजु शाहकहाँ नाच सिक्ने क्रममा मेरो दिलीप रायमाझी, पूर्णम राई, दिनेश अधिकारी, प्रदीप श्रेष्ठजस्ता डान्समा पर्फेक्ट साथीभाइहरूसँगको संगतले रुचि बढ्दै गयो ।

डान्स गर्नु भनेको कला मात्र होइन, शरीरको व्यायाम पनि हो । राजु सरको क्लासमा हामी बिहान ६ बजेदेखि दिउँसो १२ बजेसम्म पनि नाच्थ्यौं । म त जति बेर पनि नाच्न सक्छु जस्तो लाग्छ । सबैलाई मेरो एउटा सल्लाह नाचले शारीरिक र मानसिक तनाव कम गर्छ, त्यसैले नाच्ने बानी बसाल्नु फाइदाजनक पनि छ । संघर्षका बेला केही निर्माता निर्देशकले मेरो अभिनय र नाच हेरे । मेरो नाचलाई उनीहरू एक्सन डान्स पनि भन्थे । मेरो पहिलो चलचित्र आगोमा नारायण पुरीले मलाई नायक बनाउनुभयो, तर निर्माताहरू भने मप्रति त्यति कन्फिडेन्ट थिएनन् । मेरो नाच फिल्मी छ कि छैन भनेर जाँच्न चलचित्रको सुटिङको सुरुवात नै गीतबाट गरियो । पहिलो दिन मेरो र बिपना थापाको नाच भएको गीत सुटिङ गरियो, अनि मात्र मलाई उक्त चलचित्रमा नायक बनाएकोमा निर्माताहरू ढुक्क भए । म अहिले पनि नाच्छु, मानिसहरू भन्छन् मेरो आफ्नै नाच्ने शैली छ । नायक भएपछि आफ्नै शैलीमा नाच्नु पनि छुट्टै विशेषता हो ।



## ● तीन प्रश्न ●



कान्तिपुर टेलिभिजनबाट दैनिक रूपमा प्रसारण हुने समाचारमूलक कार्यक्रम 'कान्तिपुर आज' मार्फत सुरेश पौडेल दर्शकमाझ परिचित छन्। कान्तिपुर टेलिभिजनको स्थापनासँगै यसमा आबद्ध पौडेल प्रारम्भमा कान्तिपुर टेलिभिजनको बिहानी प्रसारणको प्रमुखका रूपमा कार्यरत थिए। त्यसपछि उनले दुई जना सहकर्मीसँग मिलेर नेपाली टेलिभिजनकै इतिहासमा वृत्तचित्र प्रसारण हुने कार्यक्रम 'विकल्प' को निर्माण गरे। उक्त कार्यक्रममा सातामा एउटा नयाँ विषयमा आधारित वृत्तचित्र प्रसारण हुन्थ्यो। करिब ३५ सातासम्म प्रसारण भएको उक्त कार्यक्रमका लागि पौडेलले एक दर्जनभन्दा बढी वृत्तचित्र निर्माण गरे। त्यसपछि उनले सन्तोष पन्तलाई लिएर 'के छ हजुर' निर्माण गरे। त्यसपछि उनी स्व. इन्द्र लोहनीद्वारा सञ्चालित कार्यक्रम 'बहस' को निर्माणमा जुटे। 'बहस' को प्रसारण टुंगिएपछि उनी बिल्कुलै नयाँ कार्यक्रम 'कान्तिपुर आज' मार्फत दर्शकमाझ आउन थाले। २०६४ साल पुस २६ गतेदेखि प्रारम्भ भएको 'कान्तिपुर आज' हरेक दिन राति १० बजेदेखि प्रसारण हुन्छ। प्रसारणको दुई वर्ष पूरा गर्न लागेको कान्तिपुर आजमा उनी विगत एक वर्षदेखि एंकरका रूपमा समेत सक्रिय छन्। पछिल्लो समयमा 'कान्तिपुर आज' लाई थप परिष्कृत तथा दर्शकको रुचिको विषयवस्तु समावेश गर्ने कार्यक्रममा सक्रिय पौडेलसँग *साप्ताहिक*को तीन प्रश्न :

**'कान्तिपुर आज'को राम्रो पक्ष के हो ?**

समाचार बुलेटिनमात्र हेरिरहेका दर्शकहरूलाई यो कार्यक्रमले प्रशस्त जानकारी दिइरहेको छ। प्रायः समाचार बुलेटिनमा समावेश नगरिने समाजकै घटनाक्रमहरू समेटिनु नै यो कार्यक्रमको सबैभन्दा आकर्षक पक्ष हो।

**यो कार्यक्रममा एङ्करका रुपमा तपाईंलाई दर्शकले कत्तिको रुचाएका छन् ?**

सकारात्मक प्रतिक्रियाहरू पाइरहेको छु। इमेल, टेलिफोन तथा व्यक्तिगत रूपमा पनि दर्शकहरूले मेरो कार्यक्रम प्रस्तुत गर्ने शैली तथा प्रयोग गरिने भाषालाई मन पराएको बताएका छन्।

**आगामी दिनमा कान्तिपुर आजमा के-कस्ता विषयवस्तु हेर्न पाइनेछ ?**

कार्यक्रमले दुई वर्ष पूरा गर्न लागेको छ। तेस्रो वर्ष प्रवेशसँगै दर्शकले यो कार्यक्रममा केही थप खुराक पाउनेछन्। दर्शक सहभागिता बढाउन कार्यक्रममा केही रोचक विषयहरू समेट्ने तयारी गरिरहेका छौं।

## ● सानो पर्दा ●

### पुस २१ देखि खोजी प्रतिभाको

नेपाल टेलिभिजनबाट निर्माण तथा प्रसारण हुने रियालिटी कार्यक्रम 'खोजी प्रतिभाको' प्रसारण मिति तय भएको छ। कार्यक्रमका निर्देशक तथा सञ्चालक दिनेश डिसीका अनुसार यो कार्यक्रम आगामी पुस २१ गते मंगलबारदेखि प्रत्येक मंगलबार राति ९:३० बजे प्रसारण हुनेछ। यसबीच खोजी प्रतिभाको समूह बुटवल, नारायणघाट तथा पोखराको अडिसनपछि काठमाडौं फर्किएको छ। निर्देशक डिसीका अनुसार बुटवल अडिसनबाट अभिनयमा ६, नृत्यमा ४ तथा गायनमा १२ जना प्रतिभाले 'साप्ताहिक ग्रीनकार्ड' प्राप्त गरेका छन्। त्यस्तै नारायणघाट अडिसनबाट अभिनयमा ५, नृत्यमा ५ तथा गायनमा ४५ जना प्रतिभाले 'साप्ताहिक ग्रीनकार्ड' प्राप्त गरेका छन्। पोखरा अडिसनबाट अभिनयमा १४, नृत्यमा १३ तथा गायनमा ४४ जना प्रतिभाले 'साप्ताहिक ग्रीनकार्ड' हासिल गरेका छन्। 'साप्ताहिक ग्रीनकार्ड' प्राप्त गर्ने प्रतिभालाई काठमाडौंमा हुने अघिल्लो चरणमा प्रतिस्पर्धामा सहभागी गराइनेछ।

### बान्द्रे डन बनेपछि

हास्यश्रृंखला 'मेरी बास्सै' मा बान्द्रेको भूमिका निर्वाह गरेर लोकप्रिय भएका कलाकार सुरज चापागाईं डन बनेका छन्। तराई टेलिभिजनबाट प्रत्येक बुधवार राती सात बजेदेखि प्रसारण भैरहेको हास्यश्रृंखला 'छोटे डन' मा सुरज डन बनेका हुन्। प्रकाश ओझाले निर्देशन गर्ने यो श्रृंखलामा छोटे डनले रमाइलो ठट्टा गर्दै उत्कृष्ट म्युजिक भिडियोहरु प्रसारण गर्छन्। जनबाट प्रसारण हुनेछ।

## हेम पनि भिजे

विगत १२ वर्षदेखि रेडियो कान्तिपुरमा लोकप्रिय कार्यक्रमहरू सञ्चालन गर्दै आएका उद्घोषक हेम सुवेदी अब टेलिभिजन कार्यक्रम सञ्चालकका रूपमा पनि दर्शकमाझ आउन थालेका छन्। सुवेदीले हरेक सोमबार राति ९ बजे तराई टेलिभिजनबाट प्रसारण हुने 'हट काउन्टडाउन' कार्यक्रम सञ्चालन गर्न थालेका हुन्। यो कार्यक्रममा उनले देशका विभिन्न क्षेत्रका ताजा घटनाक्रमहरूलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्दै नम्बर १० देखि नम्बर १ सम्मको काउन्टडाउनमा प्रस्तुत गर्छन्। नेपाली टेलिभिजन च्यानलहरूको भीडमा यो एउटा बेग्लै तथा पहिलो कार्यक्रम भएको सुवेदीको दाबी छ।





## ● विदेशबाट ●

### राजु बिगबोसबाट आउट ?


रियालिटी शो बिग बोसबाट हास्यकलाकार राजु श्रीवास्तव बाहिरिएका छन्। गत शुक्रबार राति सम्पन्न नोमिनेशनको प्रक्रियाबाट राजुलाई बिग बोसको घरबाट बाहिर निकालिएको हो। राजुका अतिरिक्त घरका सदस्य बिन्दु दारा सिंह तथा प्रवेश राणालाई पनि नोमिनेसनमा पारिएको थियो, तर शुक्रबार राति सम्पन्न नोमिनेसनमा उनीहरू सुरक्षित छन्। भनिन्छ, राजुलाई 'जनताको आदेश' अन्तर्गत घरबाट निकालिएको हो।

### बन्द हुँदैछ लेडिज स्पेशल

हिन्दी धारावाहिक लेडिज स्पेशल बन्द हुने भएको छ। यही डिसेम्बर महिनाको दोस्रो सातादेखि यो धारावाहिक टुंगिने भएको हो। भनिन्छ, धारावाहिकका पछिल्ला केही श्रृंखलाबाट आशा गरिएअनुरूप परिणाम पाइएन। सोमबारदेखि बिहीबारसम्म राति ९:४५ बजे प्रसारण भैरहेको 'लेडिज स्पेशल' का एक जना निर्माताका अनुसार यसको प्रसारण बन्द भएपछि सोनी च्यानलबाट यही समयमा एउटा नयाँ धारावाहिक 'जित जाएंगे हम' प्रसारण गरिनेछ।

## जम्का भेट

पहिलो पटक निर्देशन गरेको चलचित्र 'गाउँले' देखि पछिल्लो चलचित्र 'हो यही त हो माया' सम्म आइपुग्दा चलचित्र निर्देशक दीपक श्रेष्ठले आफूलाई स्थापित गरिसकेका छन्। उनले निर्देशन गरेका अधिकांश चलचित्रले व्यावसायिक सफलता हासिल गरेका छन्। प्रदर्शनको तयारीमा रहेका हिम्मत-२, पहिलो पहिलो माया, हो यही त हो माया, सूर्य-चन्द्र आदिबाट पनि निर्देशक श्रेष्ठ उत्तिकै आशावादी छन्। 'पुरानो हुँदैन माया' लगायत थप चारवटा चलचित्रको निर्देशनमा व्यस्त निर्देशक श्रेष्ठलाई नेपाली चलचित्र क्षेत्रमा सफल निर्देशकका रूपमा समेत लिइन्छ। निर्देशक श्रेष्ठले टेलिभिजन उद्घोषणबाट आफ्नो करियर प्रारम्भ गरेका थिए। निर्देशक श्रेष्ठसँग *साप्ताहिक*का संवाददाता कृष्ण भट्टराईको जम्काभेट :



**तपाईंले निर्देशन गरेका अधिकांश चलचित्र व्यावसायिक रूपमा सफल छन्, कारण के होला ?**

मैले निर्देशन गर्ने चलचित्रको विषयवस्तु समयसापेक्ष हुन्छन्। मैले दर्शकको चाहनाअनुसार मेहनत गरेर चलचित्र निर्देशन गर्ने भएकाले पनि ती चलचित्रहरू सफल भएका हुन्।

**तपाईंका चलचित्रबाट दर्शकले नौलो कुरा के पाउँछन् ?**

मेरा चलचित्र हेर्ने हरेक दर्शकले उक्त चलचित्रका नायक-नायिकाको तुलना आफैंसँग गर्न सक्छन्। यो कुरा उनीहरूले अन्य चलचित्रमा नपाउने भएकैले होला, मैले निर्देशन गरेका चलचित्रप्रति युवापुस्ताको क्रेज केही बढी नै हुन्छ।

**कुन चलचित्रबाट सबैभन्दा बढी सन्तुष्ट हुनुहुन्छ ?**

आफूले बनाएका सबै चलचित्र उत्तिकै राम्रा लाग्छन्, तर प्रसंग सन्तुष्टिको भएकाले मलाई चलचित्र 'तकदीर' सबैभन्दा राम्रो लागेको छ। चलचित्रमा एउटी नारीको संवेदनालाई आकर्षक ढंगले चित्रण गरिएको छ।

**तपाईंलाई महँगो निर्देशक भनिन्छ नि ?**

काम गरेअनुसारको पारिश्रमिक त लिनैपर्‍यो नि ! एउटा चलचित्र निर्देशन गर्न कम्तीमा आठ महिना लाग्छ। त्यस हिसाबले हेर्ने हो भने त मैले लिने पारिश्रमिक अत्यन्त न्यून हुन्छ। मेरो पारिश्रमिक र लाग्ने समयलाई हेर्ने हो भने मलाई चलचित्र क्षेत्रको सस्तो निर्देशक भन्न सकिन्छ।

**आगामी दिनमा कस्ता चलचित्र निर्देशन गर्दै हुनुहुन्छ ?**

म व्यावसायिक धारको निर्देशक भए पनि नारीका वेदनाहरूलाई चलचित्रमा उतार्न इच्छुक छु। आगामी दिनमा ठेट नेपालीपन बोकेको, विशुद्ध गाउँघरको कथामा आधारित चलचित्र निर्देशन गर्दैछु।

● चलचित्र ●

# बाटुली



यो चलचित्र एउटी चुलबुले गाउँले युवती बाटुलीको वरपर घुमेको छ । प्राय: सहरिया आधुनिक युवतीको चरित्रमा अभिनय गर्ने नायिका रेखा थापाले विशुद्ध गाउँले केटीको भूमिका निर्वाह गरेको चलचित्र 'बाटुली' यसै सातादेखि उपत्यकाबाहिरबाट प्रदर्शनमा आउन लागेको छ । सुकुम्बासीहरूले सामुदायिक वन अतिक्रमण गरेको घटना र सरकारले उनीहरूलाई हटाउन बल प्रयोग गरेको समाचारले मुलुक तातेको बेला झन्डै त्यही घटनासँग मिल्दोजुल्दो कथा भएको चलचित्र 'बाटुली' सार्वजनिक हुनुलाई संयोग मान्नुपर्ने निर्माता डाक्टरसिंह गुरुङले बताएका छन् । चलचित्रमा राजेश हमाल सामुदायिक वनको रक्षक बनेका छन् । जसले वन अतिक्रमण गर्न खोज्ने तत्वहरूको विरोध गर्छन्, जसमा उनलाई बाटुलीका प्रेमी बनेका अर्का नायक विराज भट्टले साथ दिन्छन् । गाउँले परिवेशमा निर्माण भएको यो चलचित्रमा निर्माता गुरुङ आफैं हास्यचरित्रमा देखिएका छन् । रञ्जित रानाले निर्देशन गरेको चलचित्र 'बाटुली' नायिका रेखा थापाले अंगप्रदर्शन नगरेको सम्भवत एक मात्र चलचित्र हो । यद्यपि चलचित्रको एउटा दृश्यमा उनले फरिया अलिक माथि सारेर संवाद बोलेकी छिन् । सुर्खेत क्षेत्रमा छायांकन गरिएको यो चलचित्रको एउटा गीत 'पहाडकी छोरी भन्छन् बाटुली'ले केही चर्चा पाइसकेको छ ।

# रकेट सिंह:
## सेल्सम्यान अफ द इयर




आज शुक्रबारदेखि सार्वजनिक प्रदर्शन प्रारम्भ हुने चलचित्र 'रकेट सिंह : सेल्सम्यान अफ द इयर' बाट रणवीर कपुर थप लोकप्रिय हुने अनुमान गरिएको छ । यशराज फिल्म्सले यो चलचित्रको निर्माण गरेको हो । 'चक दे इण्डिया' तथा 'अब तक छप्पन' जस्ता चलचित्र निर्देशन गरिसकेका सीमित अमिनले यो चलचित्रको निर्देशन गरेका हुन् । चलचित्रमा रणवीरका अतिरिक्त शाजान पद्मसी, सारोन प्रभाकर, गौहर खान, प्रेम चोपडा, मुकेश भट्ट, मनिष चौधरी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन् । कमेडी श्रेणीमा राखिएको यो चलचित्रको निर्माण आदित्य चोपडाले गरेका हुन् । यो चलचित्रमा सलिम-सुलेमान मर्चेन्टले संगीत दिएका छन् । चलचित्रका गीत बेन्नी डायल, विशाल डड्लानी तथा सलिम मर्चेन्टले गाएका छन् ।

चलचित्रमा हरप्रीत सिंह वेदी (रणवीर) को कथावस्तु समेटिएको छ जसले हालै मात्र स्नातक गरेका छन् । एउटा आम युवकझैं हरप्रीतले स्नातक तहमा राम्रो अंक ल्याउन सकेका छैनन् । उनी परीक्षामा आफूले हासिल गरेको अंकका बारेमा कुरा गर्न पनि लजाउँछन् तर त्यो नम्बर उनको करियर बनाउने सपनामा तगारो भने बन्दैन । त्यसैले उनले करियरका रूपमा सेल्सलाई छनौट गर्छन् । सेल्सम्यान बनेरै आफ्नो सपना पूरा गर्ने लक्ष्यका साथ अघि बढिरहेका रकेट सिंहलाई त्यसबेला गहिरो धक्का लाग्छ जब सिनियरहरूबाट सकारात्मक सहयोग पाउँदैनन् । चलचित्रमा स्नातक उत्तीर्ण एउटा युवकको त्यस्तो मनोदशालाई चित्रण गरिएको छ जहाँ पूरा हुनै नसक्ने प्रोफेसनल डिमान्ड तथा आफ्नो मनको कुराबीच सन्तुलन बनाउने क्रममा ऊ एउटा त्यस्तो ठाउँमा पुग्छ जहाँ पुगेपछि उसको जीवनमै ठूलो उथलपुथल आउँछ ।



# द प्रिन्सेस एन्ड द फ्रग

हलिउडमा यो साता प्रदर्शन हुने चलचित्र 'द प्रिन्सेस एन्ड द फ्रग' बालबालिकाहरूका लागि तयार पारिएको हो । एनिमेसनमार्फत तयार पारिएको यो कार्टुन चलचित्रमा एउटा लोककथालाई चित्रण गरिएको छ । एउटी राजकुमारी र भ्यागुताबीचको आपसी सम्बन्धलाई चलचित्रमा मनोरञ्जक ढंगले चित्रण गरिएको छ । वाल्ट डिज्नीले निर्माण गरेको यो रोमाञ्चक चलचित्रको निर्माणको क्रममा लोक कथालाई अहिलेको समय अनुसार अत्याधुनिक शैलीमा ढालिएको छ । चलचित्रमा राजकुमारी टिएनासँग गहिरो मित्रता गाँसिएपछि भ्यागुताहरूका राजकुमारलाई कसरी मानिस बन्ने चाहना जाग्छ भन्ने कुरालाई आकर्षक ढंगमा प्रस्तुत गरिएको छ । एक घण्टा ३५ मिनेट लामो यो चलचित्रलाई किड्स/फेमिलि, एनिमेसन आदि श्रेणीमा राखिएको छ । किथ एन्टोनी, क्वेसी बोएक, रोजर आरोन ब्राउन, जुन क्रिष्टोफर, डेविड काउगिल आदि कलाकारले चलचित्रका विभिन्न कार्टुन पात्रका लागि स्वर प्रदान गरेका छन् । चलचित्रको निर्देशन रोन क्लेमेन्ट्स तथा जोन मुस्करले संयुक्त रूपमा गरेका छन् ।



सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : कमल श्रेष्ठ

# बबिता लिम्बू





**गायक डम्बर नेपालीको** पछिल्लो गीत 'मेरो जीवनबाट जाने भए जाऊ, तर अन्तिम पल्ट भेट्न आऊ...' श्रोतामाझ अत्यन्त लोकप्रिय भयो । त्यो गीतको लोकप्रियताले त्यसको म्युजिक भिडियोमा अभिनय गर्ने मोडल बबिता लिम्बूलाई पनि चर्चित बनायो । २४ वर्षअघि मोरङको पथरीमा जन्मिएकी बबिताले जीवनमा पहिलो पटक अभिनय गरेको म्युजिक भिडियो नै लोकप्रिय भएकोमा उनले खुसी व्यक्त गरिन् । ५ फिट ८ इन्च अग्ली भएकै कारण बबितालाई मोडलिङ क्षेत्रमा करियर बनाउने इच्छा जागेको रहेछ । करिब आठ वर्षअघि राजधानी आएर अध्ययनमा व्यस्त भएकी बबिताले मोडलिङ-यात्रा प्रारम्भ गरेको धेरै भएको छैन ।

अघिल्लो वर्ष याक एन्ड यती होटलमा सम्पन्न फेसन विकमा लगातार पाँच दिनसम्म क्याटवाक गर्दै उनले मोडलिङ यात्रा प्रारम्भ गरेकी थिइन् । त्यसयता उनले यसै वर्षको फेसन विक, डिजाइनर कन्टेस्ट, आईईसीको फेसन परेड आदि फेसन शोमा क्याटवाक गरिन् । 'मलाई र्‍याम्प मोडलिङमै करियर बनाउने मन छ,' बबिता भन्छिन्– 'मोडलिङका अन्य विधामा भन्दा र्‍याम्प मोडलिङमै काम गर्न रमाइलो लाग्छ ।' वन पिस पहिरनकी सौखिन बबिता फुर्सदमा संगीत सुन्छिन् । निकट भविष्यमै अध्ययन तथा रोजगारीका लागि बेलायत जाने तयारी गरिरहेकी बबितालाई नेपालमा मोडलिङ क्षेत्र फस्टाउन नसकेकोमा ठूलो चिन्ता छ ।

**- कृष्ण भट्टराई**



WHITE MISCHIEF

ULTRA PURE VODKA

# २०६६ पौष
DEC 09-JAN 2010

| आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S | आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ 16 | २ 17 | ३ 18 | ४ 19 | ५ 20 | ६ 21 | ७ 22 | ८ 23 | ९ 24 | १० 25 | ११ 26 |
| १२ 27 | १३ 28 | १४ 29 | १५ 30 | १६ 31 | १७ 1 | १८ 2 | १९ 3 | २० 4 | २१ 5 | २२ 6 | २३ 7 | २४ 8 | २५ 9 |
| २६ 10 | २७ 11 | २८ 12 | २९ 13 | ३० 14 | | | | | | | | | |

A little mischief.
A lot of fun.




UB GROUP
UNITED SPIRITS NEPAL PVT. LTD.

DRINK RESPONSIBLY

## ● साताको स्वर ●



### सजल न्यौपाने

**एक वाक्य सुन... कस्तो गीत हो ?**
यो गीत रक एन्ड रोल शैलीमा बनेको गीत हो। यसमा ज्याज संगीतको पनि प्रभाव छ।

**गीतको कुन पक्ष आकर्षक छ ?**
रिदममा आधारित भएकाले यो गीत एकपटक सुन्नेबित्तिकै श्रोतालाई मन पर्ने शैलीबाट तयार पारिएको छ। गीतको सांगीतिक पक्ष आकर्षक छ।

**यो गीत कस्ता श्रोताका लागि गाउनुभएको हो ?**
यो गीतको लक्षित वर्ग युवा पुस्ता नै हो। पाश्चात्य शैलीमा आधारित भएकाले यो गीतले हरेक उमेरका श्रोताको मन जित्छ भन्ने कुरामा म ढुक्क छु।

**म्युजिक भिडियोमा कत्तिको मेहनत गर्नुभएको छ ?**
गीतअनुसार भिडियो नै आकर्षक बनेको छ। एनिमेसनको प्रयोगले भिडियोलाई अत्याधुनिक बनाइदिएको छ।

**यही गीतबाट सांगीतिक क्षेत्रमा स्थापित हुने कुरामा कत्तिकै विश्वस्त हुनुहुन्छ ?**
श्रोताहरूले मेरो यो पहिलो प्रयास नै मन पराउनुभएकाले सांगीतिक क्षेत्रमा स्थापित हुने कुरामा विश्वस्त छु।

## ● म्युजिक अपडेट ●

### म्युजिक भिडियो चोरी भएपछि

हाम्रो सारेगम संसार प्रा.लि.ले आफ्ना तीनवटा म्युजिक भिडियो अनधिकृत रूपमा चोरी भएको आरोप लगाएको छ। सारेगमका प्रबन्ध निर्देशक तथा संगीतकर्मी किरण पुडासाईंले आफ्ना 'एट्राक्सन', 'जेनिथ' तथा 'सलोनी' का तीन गीतका म्युजिक भिडियो बिग म्युजिकले अनधिकृत रूपमा चोरी गरेर नयाँ संग्रह 'एट्राक्सन रिलोडेड' मार्फत बजारमा ल्याएको आरोप लगाएका छन्। पीडित पुडासाईंले गत साता नै नेपाल प्रतिलिपि अधिकार रजिस्टार कार्यालयमा उजुरी दिएका छन्। उजुरीमा लोगो तथा कभर डिजाइन समेत अनधिकृत रूपमा प्रयोग गरिएको आरोप लगाइएको छ। उल्लेखित गीतिसंग्रहका गीतकार तथा सारेगमका पूर्वअंशियार तथा हाल बिग म्युजिकको अंशियार रहेका जनकदीपले उक्त गीतिसंग्रहको अधिकार आफूलाई दिए पनि अनधिकृत रूपमा बिग म्युजिकबाट भिसिडीका रूपमा बजारमा ल्याएको पुडासाई बताउँछन्। पुडासाईंले बिग म्युजिकका राजीवमान श्रेष्ठ तथा जनकदीपविरुद्ध १५ लाखको बिगोसहित उजुरी दिएका छन्।

### गढीमाईको संगीत

कलैयाका निर्देशक विजय दासले तयार गरेको 'दर्शन दे दे ए गढीमैया' शीर्षकको भिसिडी संग्रहले दर्शनार्थीको मन जितेको छ। भोजपुरी भाषामा स्थानीय कलाकारले तयार गरेका संग्रहले नेपाल तथा भारतबाट आएका हजारौं श्रद्धालुको मन जितेको थियो। संग्रहमा गढीमाईको महिमामा आधारित मन छुने गीत-संगीत समावेश गरिएको छ। यसबाहेक गीतिसंग्रह 'गढीमैयाके दरबार चली', 'चढाई चकलेट माँ' जस्ता गीतिसंग्रहले पनि मेलामा राम्रो बजार पाएका थिए।

### अभिनयबाट संगीतमा

चलचित्र 'दृष्टि' की नायिका अभिलाषा राई अब गायिकाका रूपमा स्रोतामाझ आउने भएकी छिन्। अभिलाषाले आफ्नै शब्द, संगीत तथा स्वरमा एउटा गीतिसंग्रह तयार पारेकी छिन्।

### सौराहामा कन्सर्ट

चितवनको सौराहामा गत शुक्रवार एउटा सांगीतिक कार्यक्रमको आयोजना गरिएको छ। सौराहास्थित प्याराडाइज रिसोर्टमा आयोजित सांगीतिक कार्यक्रममा राजधानीबाट गएका दम्पत्ति गायक-गायिका रामभक्त जोजिजू तथा ईतु जोजिजूका अतिरिक्त सञ्जिव बराईली, तेज गोपाल श्रेष्ठ आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए।

### फर्किइन् सिन्धु मल्ल

गायिका सिन्धु मल्ल करिब तीन वर्षको अन्तरालपछि सांगीतिक क्षेत्रमा फर्किएकी छिन्। उनी आफ्नो सातौं एकल गीतिसंग्रह 'कहाँ भाग दुई' मार्फत श्रोतामाझ आउँदैछिन्। नयाँ गीतिसंग्रहमा आफ्ना संगीतकार श्रीमान् सुदाम थापाको संगीतमा विभिन्न शैलीका आठ गीत समावेश गरिने सिन्धुले बताएकी छिन्। विभिन्न कन्सर्टमा गीत-संगीत प्रस्तुत गर्दै सांगीतिक क्षेत्रमा फर्किएकी सिन्धुले अब भने संगीतकर्मलाई निरन्तरता दिने बताएकी छिन्। पछिल्लो समयमा उनले महेन्द्रनगर महोत्सवमा सुदूर पश्चिमेलीहरूलाई आफ्नो पछिल्लो देउडा गीतिसंग्रह 'पर्वतकी रानी' का गीत गाएर नचाएकी थिइन्। गत बुधबार तथा बिहीबार सम्पन्न धनगढी महोत्सवमा पनि उनले गीत संगीत प्रस्तुत गरेकी छिन्।

### विवाह-बन्धनमा जुना

गायिका जुना प्रसाईंले वैवाहिक जीवन प्रारम्भ गरेकी छिन्। गायिका प्रसाईं धापासी, काठमाडौंनिवासी सरोज भण्डारीसँग विवाह–बन्धनमा बाँधिएकी हुन्। 'नदेखेको भए हुन्थ्यो तिमीलाई...' गीतबाट परिचित भएकी गायिका प्रसाईंले कन्सल्टेन्सी सञ्चालक सरोजलाई जीवनसाथी बनाएकी हुन्। उनीहरूबीच सात वर्षदेखि प्रेम-सम्बन्ध रहेको बताइन्छ। त्यही प्रेमसम्बन्धलाई अघि बढाउँदै अघिल्लो बुधबार उनीहरू विवाह-बन्धनमा बाँधिएका हुन्। जुनाका अनुसार परिवारका सहमतिमा उनीहरूले विवाह गरेका छन्।

### जवानीको विमोचन

गायिका इन्दिरा शाहको पहिलो गीतिसंग्रह 'जवानी' को विमोचन गरिएको छ। विश्व साइकल यात्री पुष्कर शाहले उक्त गीतिसंग्रह विमोचन गरेका हुन्। विमोचित संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। भूपाल राई, विक्रम राई, प्रतिमा श्रेष्ठ आदिले रचना गरेका गीतमा कन्काईष्ट राई, नरेन्द्र प्यासी, गुरुदेव कामत आदिले संगीत दिएका छन्।

### गायक-गायिका सम्मानित

पर्वतमा जन्मिएर राजधानीमा लोकगायनमार्फत सफलता हासिल गरिरहेका आधा दर्जन गायक-गायिका सम्मानित भएका छन्। जिल्ला विकास समिति पर्वत तथा सुन्तला महोत्सव आयोजक समितिले उनीहरूलाई सम्मान गरेको हो। जिल्लाको लोक-संस्कृतिको जगेर्ना गरिरहेका संगीतकर्मीहरू विमलराज क्षत्री, कस्तुप पन्त, कुलेन्द्र विक, संकल्प सुवेदी तथा मुना थापालाई सम्मान गरिएको हो।

### नारायणगोपालको सम्झना

गत साता नेपाली संगीतकर्मीहरूले स्वरसम्राट् स्व. नारायणगोपालको सम्झना गरेका छन्। १९ वर्षअघि मंसिर १९ गते यो संसारबाट बिदा भएका स्वरसम्राट्लाई गत शुक्रबार राजधानीमा आयोजित एउटा सांगीतिक समारोहमा सम्झना गरिएको हो। नारायणगोपालको १९ औं स्मृतिदिवसमा विभिन्न कार्यक्रम आयोजना गरियो। नारायणगोपाल संगीत कोषले नारायणगोपाल निवास महाराजगन्जमा एउटा विशेष कार्यक्रमको आयोजना गऱ्यो। कार्यक्रममा विभिन्न संगीतकर्मीले स्व.नारायण गोपालको तस्बिरमा पुष्पगुच्छा अर्पण गरे। उक्त अवसरमा संगीतकर्मी भीम विरागलाई २५ हजार रुपैयाँसहितको स्वरसम्राट् स्मृति सम्मान २०६६ प्रदान गरियो। कार्यक्रममा युवा गायक शैलेश सिंह अजर जंगम, सुरेश थापा आदिले नारायण गोपालका गीत गाएका थिए। सोही अवसरमा प्रकाश सायमीद्वारा लिखित 'नेपाली संगीतको एक शतक' शीर्षकको पुस्तकको लोकार्पणसमेत गरियो। नयाँ गीतिसंग्रह 'अवनी' को पनि विमोचन गरियो। प्रकाश सायमीको शब्द तथा प्रवीण बराईलीको संगीतमा उक्त संग्रहमा दीप श्रेष्ठ, दीपक खरेल, उदय सोताङ, शैलेश सिंह, प्रतिमा राजभण्डारी आदिका स्वर समेटिएका छन्।

### सम्झनामा कन्सर्ट

स्वरसम्राट् नारायणगोपालको १९ औं स्मृतिदिवसकै अवसर पारेर नेपाल कला विकास केन्द्र तथा आस्था कला केन्द्रले चक्रपथ, काठमाडौंमा लाइभ कन्सर्ट आयोजना गरेका छन्। कन्सर्टमा फत्तेमान राजभण्डारी, मीरा राणा, यम बराल, शिशिर योगी, धमेन्द्र सेवान, रूपकुमार राई, बलराम समाल, माण्डवी त्रिपाठी, सजल न्यौपाने आदि गायक-गायिकाले नारायणगोपालका लोकप्रिय गीत गाएका थिए। केन्द्रले स्वरसम्राट्को सम्झनामा लाइभ कन्सर्ट आयोजना गरेको यो चौथो पटक हो।

### सन्त कविरको भक्ति रस

वीरगन्ज, वीरगन्ज उद्योग वाणिज्य संघको सभाहलमा आइतबार साँझ उपस्थित वीरगन्जका संगीत पारखीहरूलाई भारतको राजस्थानबाट आएका महेश राम र उनको सांगीतिक टोलीले प्रस्तुत गरेको सन्त कविरको भक्ति रसका गीतहरूले लठ्यायो। वीरगन्जस्थित भारतीय महावाणिज्य दूतावासको कार्यालय र बिपि कोइराला नेपाल-भारत सहयोग मञ्चको संयुक्त आयोजनामा आयोजित कविर सन्ध्या नामक उक्त सांगीतक समारोह पृथकसांगीतिक कार्यक्रम थियो। करिब दुई घन्टासम्म चलेको उक्त सांगीतिक प्रस्तुतिमा महेश रामको समूहले करिब एक दर्जन भक्तिगीत प्रस्तुत गरेको थियो।

## ● अफबिट ●



**बधाई छ बधाई : पपगायक संजयकिशोरले कोटेश्वर निवासी सुस्मिता श्रेष्ठसँग यसै साता विवाह गरेका छन्। प्रीतिभोजको क्रममा संजयकिशोर आफ्नी नवविवाहित श्रीमतीसँग प्रसन्न मुद्रामा देखिन्छन्।**
**तस्बिर : साइबर संसार डटकम।**

## विदेशबाट



### सुजेनको रेकर्ड

आफ्नो पहिलो गीतिसंग्रहबाट इतिहास रच्ने स्कटल्यान्डकी गायिका सुजेन बोयल पहिलो त्यस्ती गायिका बन्न सफल भएकी छिन् जसको गीतिसंग्रह ४ लाख १० हजारभन्दा बढी प्रति बिक्री भएको छ। उनको पहिलो संग्रह 'आई ड्रिम्ड ए ड्रिम' ले बेलायतमा कुनै पनि गीतिसंग्रहको बिक्रीको कीर्तिमान भंग गरेको हो। यसअघि सुजेन ब्रिटेन गट्स ट्यालेन्ट शीर्षकको रियालिटी शोमा प्रस्तुत भैसकेकी छिन्। प्राप्त जानकारीअनुसार सुजेनको यो गीतिसंग्रह बेलायतको इतिहासमै कुनै पनि कलाकारको सबैभन्दा बढी बिक्री भएको गीतिसंग्रह बन्न सफल भएको छ। संग्रहले आयरल्यान्ड तथा अस्ट्रेलियामा पनि पहिलो स्थान हासिल गरेको छ।

### घरको सम्झना आएपछि

चर्चित पपगायिका लेडी गागालाई अचेल घरको सम्झनाले केही बढी नै सताउन थालेको छ। समाचारअनुसार गागा जब सांगीतिक कार्यक्रमको क्रममा घरबाट धेरै टाढा पुग्छिन्, तब उनको बेचैनी बढ्छ। सांगीतिक कार्यक्रमको अवधिभर उनी उदास हुन्छिन्। गागा भन्छिन्– 'जब म एक्ली हुन्छु तब मलाई बारम्बार उदासीले सताउँछ। सायद म घरबाट टाढा हुनुपरेकोले पनि मलाई त्यस्तो भएको होला।'

## ● ब्याण्ड ●




स्प्राइट ब्यान्ड च्यालेञ्जको अन्तिम छ समूहमा पर्ने भाग्यमानी सांगीतिक समूह 'कलश' स्थापना भएको धेरै भएको छैन। ब्यान्ड च्यालेन्जको प्रारम्भिक प्रतिस्पर्धा प्रारम्भ हुनुभन्दा एक साताअघि मात्र अन्य विभिन्न सांगीतिक समूहमा आबद्ध छ जना संगीतकर्मी मिलेर 'कलश' स्थापना गरेका हुन्। काठमाडौंका विभिन्न स्थानमा बसोबास गर्ने संगीतकर्मीहरूले कम समयमै गरेको निर्णयले सकारात्मक परिणाम दिएको छ। ब्यान्ड च्यालेन्जको सेमिफाइनल चरणसम्म पुग्ने अन्य पाँचवटा सांगीतिक समूहको तुलनामा यसले 'स्टेज तताउने' तथा 'दर्शकलाई लठ्याउने' समूहको उपाधि प्राप्त गरेको छ।

समूहका सहकर्मीहरूमध्ये शैलेन्द्रसिंह गायन तथा किबोर्डिस्टका रूपमा सक्रिय छन्। कर्माचन्द्र लामा तथा कृष्णमान डंगोल गिटारिस्ट हुन्। मुनरत्न शाक्य बेस गिटारिस्टका रूपमा काम गरिरहेका छन् भने नवीन मगर ड्रमर हुन्। सचिन पोडे यो समूहका व्यवस्थापक हुन्। ब्यान्ड च्यालेन्जमा आबद्ध हुने विज्ञापन देखेपछि स्थापना भएको 'कलश' मा आबद्ध संगीतकर्मीहरूमध्ये अधिकांश संगीतकर्मी छुट्टा-छुट्टै सांगीतिक पृष्ठभूमिका छन्। गायक सिंह हिपहप संगीतका ज्ञाता हुन् भने कर्माचन्द्र मेटलसँग सम्बन्धित छन्। कृष्णमान शास्त्रीय संगीतका विद्यार्थी हुन् भने बाँकी दुई जना ब्लुजमा अभ्यस्त छन्।

'विभिन्न सांगीतिक पृष्ठभूमिबाट आएकै कारण हाम्रो प्रस्तुतिलाई निर्णायक मात्र होइन, श्रोता र दर्शकले पनि उत्तिकै रुचाएका छन्, गिटारिस्ट कर्माचन्द्र भन्छन्– 'यसबाहेक हामी स्टेजमा उफ्रिन, कुद्न र हरेक प्रकारले मनोरञ्जन दिन सक्षम भएकाले स्थापना भएको दुई महिना नबित्दै एक दर्जनभन्दा बढी कन्सर्टमा गीत गाउने अवसर पाइसकेका छौं।' 'कलश' लाई अचेल स्कूल, कलेज तथा मलहरूमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्न भ्याई-नभ्याई छ। कर्माचन्द्र थप्छन्– 'प्रशंसकहरू बढेका छन्, अझ रमाइलो कुरा त कन्सर्टका आयोजकले हामीलाई पारिश्रमिक पनि दिन्छन्।'



पेरिसकी फेसन डिजाइनर सोनिया राइकीले महिलाहरूले सजिलै लगाउन सक्ने पोसाकका डिजाइनहरू हालै प्रस्तुत गरिन् । महिलालाई ग्ल्यामरस देखाउने ती पोसाकहरु रात्रि समयमा लगाउने किसिमका छन् ।

तस्बिर : एएफपी

● पहिलो विश्व ●

# क्रिसमस उपहारमा सेक्स टोय




क्रिसमसका अवसरमा आफ्ना प्रेमि-प्रेमिकालाई बेलायतका युवाहरूले उपहार का रूपमा सेक्स टोई दिने अठोट लिएका छन् । करिब १ हजार युवायुवतीलाई यो क्रिसमसमा आफ्ना प्रेमी-प्रेमिकालाई के उपहार दिने सोचाइ राख्नुभएको छ ? भन्ने प्रश्न गर्दा प्रत्येक चार जनामा एक जनाले सेक्स टोय उपहार दिने सोचाइ बनाएको बताए भने ६० प्रतिशत युवाले प्रेमिकामार्फत सेक्स टोय उपहार पाउन चाहेको बताए । सर्वेक्षणको यो नतिजाले अहिले ब्रिटेनमा सेक्सका सामग्री बिक्री गर्नेहरूलाई हौसाएको छ । इन्टरनेटमार्फत सेक्सका विभिन्न साधन बिक्री गर्दै आएका निक गिबोन यसपटक आफूले चकलेट र डिभिडीहरूलाई आकर्षक ढंगले प्याक गर्नुभन्दा सेक्स सामग्रीहरूलाई प्याक गर्नुपर्ने बताउँछन् । अहिले युवापुस्तामा सेक्स टोयहरूप्रति आकर्षण बढेको निक बताउँछन् ।

## अश्लील साइट प्रतिबन्ध अभियान



चीनमा स्प्रिङ पर्व आएपछि युवाहरूको भीड इन्टरनेटमा बढ्ने र उनीहरूले अश्लील साइटहरू सर्फ गर्ने रफ्तार बढ्ने देखेर सरकारले त्यस्ता वेबसाइटहरूमा प्रतिबन्ध लगाउन थालेको छ । युवाहरूलाई इन्टरनेटमा अश्लील वेबसाइट हेर्नबाट इन्टरनेट सेवाप्रदायकबाटै रोक्न सकेको खण्डमा बालबालिकाहरूलाई पनि यसतर्फ निरुत्साहित गर्न सकिने ठहर सरकारी सूचना कार्यालयको छ । चीनमा अश्लील सामग्री उत्पादन र त्यसको बिक्री-वितरणदेखि प्रचारप्रसार गर्नु कानुनी अपराध भए पनि चाडबाडका अवसरमा सरकारी बिदा हुने हुनाले यसलाई नियन्त्रण गर्न गाह्रो हुने गरेको छ । पर्वअगाडि नै अश्लील वेबसाइटको सुलभताका विषयमा १८ हजारभन्दा बढी निवेदन परेपछि सरकारले अश्लील वेबसाइटको नियन्त्रणका लागि यस्तो अभियान चलाएको हो ।

अन्त्यमा...

## प्ले ब्वाइमा वृद्धा



प्ले ब्वाइले आफ्नो प्रकाशन इतिहासमा पहिलो पटक ६० वर्षीया महिलालाई निर्वस्त्र रूपमा प्रस्तुत गर्ने भएको छ । प्ले ब्वाइले आफ्नो आगामी संस्करणमा हल्यान्ड टेलिभिजनमा रियालिटी शोकी प्रस्तोता प्याट्रिसिया पेलाई प्रस्तुत गर्न लागेको हो । फोटोग्राफर फिलिप रिचले प्याट्रिसियाको फोटोसेसन गरिसकेका छन् । पे भन्छिन्- मैले केही कुरा नलुकाई फोटो सुट गराएकी छु । ती तस्बिरहरू आकर्षक छन् । रिच भन्छन्- यो उमेरमा पनि पेको शरीर भर्खरकी युवतीको जस्तै आकर्षक छ । आफ्नो पतिले अर्कै युवतीसँग प्रेम गर्न थालेपछि पेले आफ्नो शरीर अझै कुनै युवतीभन्दा कम आकर्षण नभएको देखाउन पनि आफूले प्ले ब्वाइको प्रस्तावलाई स्वीकार गरेकी हुन् ।




# घरेलु महोत्सवको आकर्षण



काठमाडौं- इलामको चिया, भोजपुरको सिरुपाते खुकुरी, पाल्पाको ढाकाटोपी, भक्तपुरको जुजु धौबारे सुन्नुभएकै होला । अब यी सबै कुरा तपाईंले एकैथलोमा पाउनुहुनेछ । यसका लागि धेरैतिर भौंतारिनु पर्दैन, भृकुटीमण्डप गए पुग्छ ।

विभिन्न जिल्लाको परिचय बनेका स्थानीय उत्पादन एवं सामग्रीलाई एकै थलोमा जुटाएको हो दसौं घरेलु महोत्सव तथा राष्ट्रिय औद्योगिक प्रदर्शनीले । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्न आयोजित मेला हिजो बिहीबारदेखि राजधानीको भृकुटीमण्डपमा प्रारम्भ भएको छ । मेला पाँचदिनसम्म सञ्चालन हुने आयोजक नेपाल घरेलु तथा साना उद्योग महासंघले जनाएको छ ।

'लैङ्गिक हिंसारहित समाजका लागि स्वच्छ उद्यमशीलताको विकास' नारा दिइएको मेलामा परम्परागत हस्तकलादेखि ग्रामीण क्षेत्रमा निर्माण गरिएका नयाँ प्रविधिहरूसमेत प्रदर्शनमा राखिएको छ । प्राचीन सेरामिक्स तथा भाडाँकुँडा, गलैंचा, राडीपाखी, अल्लो एवं प्राकृतिक रेसाजन्य वनस्पतिबाट उत्पादित धागो र पहिरन, हाते कागजले मेलाको आकर्षक थपेको छ । खासगरी विभिन्न जिल्लामा उत्पादित कृषिजन्य वस्तुले आगन्तुकको ध्यान खिचेको छ । मेलामा जिल्लाविशेषको चिनारी बनेको कृषि उत्पादन राखिएको महासंघका प्रमुख प्रशासनिक अधिकृत नवराज खत्रीले साप्ताहिकलाई बताए ।

स्वदेशी उत्पादनको बजार प्रवर्द्धन गर्न, उद्यमीलाई नयाँ प्रविधिबारे थाहा दिन एवं सेवाग्राहीलाई एकै थलोमा सम्पूर्ण जानकारी उपलब्ध गराउन महासंघले बर्सेनि मेलाको आयोजना गर्दै आएको छ । क्रेता र विक्रेताबीच व्यावसायिक सम्बन्ध विकास गर्न र अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको प्रवर्द्धनमा टेवा पुऱ्याउन मेला आयोजना गरिएको हो । हुने मेलालाई विभिन्न जिल्लाका उद्यमीहरूले एउटा अवसरका रूपमा प्रयोग गर्न सक्छन् । नेपाली वस्तुको प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं भन्ने सोचका साथ आयोजित मेलामा उद्यमीको सहभागिता हुने क्रम विगतको तुलनामा उल्लेख्य रूपले बढ्दै गएको आयोजक संस्थाले जनाएको छ ।

मेलामा ५० जिल्लामा उत्पादित सामग्रीहरू प्रदर्शन गरिएको महासंघका खत्रीले बताए । दुई सयभन्दा बढी स्टलमा राखिएका विभिन्न घरेलु सामग्री एवं उत्पादनले अवलोकनकर्ताको मन सजिलै लोभ्याउँछ । मेलामा उत्कृष्ट ठहरिने आठ उद्यमीलाई पुरस्कारको व्यवस्था गरिएको छ । मेलालाई थप रौनकपूर्ण बनाउन राष्ट्रिय स्तरका कलाकारहरूले लोकदोहोरी प्रस्तुत गरिरहेका छन् । मेलालाई २ लाख ५० हजारले अवलोकन गर्ने आयोजकहरू बताउँछन् ।

-शिव मुखिया

# धूवाँरहित चुलो र कम्पोष्ट चर्पी



म्याग्दी- म्याग्दी सदरमुकाम बेनीदेखी १० कोस उत्तरपूर्वी डाँडाका बस्तीमा हिजोआज कम्पोष्ट चर्पी र धूवाँरहित चुलो अभियान सुरु गरिएको छ । स्थानीयवासीसँगै हिमाञ्चल उच्च माध्यमिक विद्यालयका सबै शिक्षक/विद्यार्थीले कम्पोष्ट चर्पीको प्रयोग थालेका छन् । नागीका सबै १ सय ५५ घरधुरीमा धूवाँरहित चुलो जोडिएको छ । 'आँखाबाट आँसु बगाउँदै अगेनामा अगुल्टो ठोस्ने दिन बल्ल गए,' स्थानीय गृहिणी राममायाँ पुनले बताइन् ।

विद्यालयको सबै ६० वटा छात्रावासका कटेजहरूमा बस्ने सबै विद्यार्थीले पनि धूवाँरहित चुलो र कम्पोष्ट चर्पी नै प्रयोग गर्छन् । खेतबारीमा प्रांगारिक मलको अभाव पूरा गर्न हिमाञ्चल माध्यमिक विद्यालयले कम्पोष्ट चर्पी अभियान सुरु गरेको हो ।

गाउँको तन्नेरी पुस्ता वैदेशिक रोजगारीमा लागेपछि पशुपालन पेसा हराएपछि खेतीपाती र करेसाबारीलाई समेत मल भएन । खेती उत्पादन घट्यो । त्यसैले प्रांगारिक चर्पी सुरु गरिएको अगुवा महावीर पुनले बताए । 'वातावरण प्रदूषणका दृष्टिले यो पूरै सुरक्षित छ,' पुनले दाबी गरे ।

शिक्षक, विद्यार्थी, गाउँले हुन् वा कुनै पर्यटक कसैले पनि बारीका कान्ला, खोल्सी वा जंगलभित्र दिसा गर्न रोक लगाइएको छ । गाउँभरिका बारीमा मल पुऱ्याउन र प्रदूषण रोक्न त्यसो गरिएको हो ।

चर्पीमा दिसा-पिसाब गरेपछि पानी हाल्नुपर्ने नियमविपरीत यहाँको चर्पीमा भने पानीको सट्टा झारपात प्रयोग गरिन्छ । चर्पीको बाहिर टाँसिएको सँचनामा यस्तो लेखिएको छ- 'बिर्को खोली दिसा गरौं, दिसा गरेपछि झारपात हालौं, त्यसपछि बिर्को बन्द गरौं, डोकोमा झारपात भरौं ।' महिला र पुरुष तथा दिसा र पिसाबका लागि छुट्टाछुट्टै चर्पी बनाइएका छन् ।

'अहिले हामीले विद्यालय हाताभित्र मात्र यस्तो चर्पी बनाएका छौं । अर्को वर्ष गाउँको बीचबीचमा पनि सार्वजनिक शौचालय बनाउने योजना छ । सार्वजनिक कम्पोष्ट चर्पी बनेपछि गाईवस्तु पाल्न नसक्नेहरूको बारीमा समेत सजिलै मलको आवश्यकता पूरा हुनेछ' शिक्षक तथा होस्टेल वार्डेन झपेन्द्र थापाले बताए ।

विद्यालयमा अहिले दुईवटा कम्पोष्ट चर्पी प्रयोगमा ल्याइएका छन् । दुईवटाबाट प्रांगारिक मल तयार पारिएको छ र गाउँलेलाई धमाधम बिक्री गरिँदै छ ।

-घनश्याम खड्का

# सकियो औद्योगिक व्यापार मेला



पोखरा- पोखरा प्रदर्शनी केन्द्रमा शनिबार सकिएको राष्ट्रिय औद्योगिक व्यापार मेला २ लाख ७५ हजार दर्शकले अवलोकन गरेका छन् । पोखरा उद्योग वाणिज्य संघ तथा नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा भएको मेलामा ३० करोडको कारोबार भएको मेलाका प्रचारप्रसार संयोजक कृष्णमोहन श्रेष्ठले बताए । मेला मंसिर ११ देखि सुरु भएको थियो ।

औद्योगिक एवं दैनिक उपभोग्य वस्तुको प्रवर्द्धन, निकासीयोग्य वस्तुहरूको पहिचान तथा शिक्षा, स्वास्थ्य, पर्यटन तथा कृषि क्षेत्रमा विकास तथा अवसरको खोजी गर्ने उद्देश्य सहित मेलाको आयोजना गरिएको हो ।

मेलामा राखिएका २ सय ७३ स्टल अटोतर्फ सिप्रदी ट्रेडिङ कम्पनी, इलेक्ट्रोनिक्समा इम्पेक्स सिबी, नेपाली उत्पादनतर्फ लक्ष्मी समूह, हस्तकलामा सिष्टर क्रिएसन, कृषिमा अर्गानिक क्रिएसन फेयर फिचर, साधारण स्टलमा वैकल्पिक ऊर्जा प्रबन्ध केन्द्र, बैंक तथा वित्तीय क्षेत्रमा हिमचुली विकास बैंक, फ्लोरिकल्चरमा गोल्डन नर्सरी तथा रेष्टुराँमा दिप्ती रेष्टुराँ पुरस्कृत भए । त्यस्तै पश्चिमाञ्चल क्याम्पस लामाचौरका विद्यार्थीले बनाएर राखेको रोबट प्रदर्शनीलाई प्रोत्साहन पुरस्कार प्रदान गरिएको थियो ।

अघिल्लो वर्षभन्दा यो वर्ष दर्शकको चाप निकै बढ्यो । टिकट व्यवस्थापन समितिका संयोजक देव क्षेत्रीले भने- 'टिकट बिक्री गर्न समेत हम्मेहम्मे पऱ्यो ।' दर्शकको चापले हामी उत्साही भएका छौं, संघका पूर्व-अध्यक्ष रमेश कर्माचार्यले भने, 'पोखरालाई औद्योगिक व्यापार केन्द्रको रूपमा विकास गरिनुपर्छ ।'

टिकट बिक्रीबाट प्राप्त रकमबाट प्रतिटिकट २ रुपैयाँ पोखरामा दमकल खरिदका लागि, १ रुपैयाँ बालश्रम न्यूनीकरण कार्यक्रमका लागि र ५० पैसा महेन्द्रपुलस्थित पुरानो काठेपुल भएको ठाउँमा सेती नदीलाई सहज रूपमा अवलोकन गराई पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य सहित निर्माण हुने झोलुङ्गे पुलका लागि सहयोग गरिने आयोजक संस्थाले जनाएको छ । त्यस्तै सरकारका पाँचै विकास क्षेत्रमा एक/एकवटा क्षेत्रीय स्तरका प्रदर्शनी केन्द्र निर्माण गर्ने अवधारणा अनुरूप पश्चिमाञ्चलको पोखरामा निर्माण हुने प्रदर्शनी केन्द्रको पूर्वाधार निर्माणका लागि मेलाबाट हुने आम्दानी खर्च गरिने संघका निर्देशक टोपबहादुर थापाले बताए ।

मेलामा आउने आन्तरिक पर्यटकका लागि पर्यटनसँग सम्बन्धित विभिन्न संघ-संस्थाहरूसँगको समन्वयमा मेलास्थलबाटै होटल तथा ट्राभल प्याकेज बुकिङको सुविधा र बुकिङ गर्ने पर्यटकलाई ३० प्रतिशतसम्मको छुटले पर्यटन आगमनमा सघाउ पुगेको छ, पर्यटन तथा वातावरण उपसमितिका संयोजक टीकाराम सापकोटाले बताए ।

- शिव शर्मा

# सोरठी संस्कृतिको आकर्षण



बुटवल– शिरमा शिरबन्दी, नाकमा बुलाकी, कानमा ढुङ्ग्री, मडाउरी, गलामा हवेली, पोते अनि जीउमा मखमलको चोली, फुलबुट्टे फरिया, घलेक, पटुका, टिकियामा सजिएका महिला र ढाका टोपी, कछाड, आस्कोट, खादा पहिरिएका पुरुषको समूह मादल बजाउँदै, नाच्दै र गाउँदै जब स्टेजमा आयो, दर्शकदीर्घाबाट एक स्वरमा आवाज निस्क्यो- 'वाहवाह' । पहाडी भेकमै लोप हुन लागेको मगर समुदायको प्रमुख नाच सोरठीका थरीथरी शैली सहरमा हेर्न पाउँदा रूपन्देहीका मगर समुदायमा खुसी र आनन्दको सीमा नै रहेन । कुर्सीमा आसन जमाएर बसेकाहरू पनि मन थाम्न नसकी कलाकारको छेउमै पुगेर छमछमी नाच्न थाले ।

शनिबार बुटवलको कालिका मा.वि. मैदानमा नेपाल मगर महिला संघले आयोजना गरेको विविध सांस्कृतिक कार्यक्रममा सोरठी संरक्षण मञ्चका कलाकारहरू तुलबहादुर, भूपेन्द्र, मदन, समिता, उमा, सीता, चन्द्र, लक्ष्मी, दुर्गा र विष्णुले प्रस्तुत गरेको सोरठी नाच सबैको आकर्षण बन्यो । सोरठीका नचरी, लहरी, हाइमुरली र ख्याली आदि शैलीका नृत्यले यहाँका मगर समुदायलाई पर्याप्त मनोरञ्जनसँगै आफ्नो संस्कृतिबारे ज्ञानसमेत दिलायो । 'सोरठी नाच मनोरञ्जन मात्र होइन, मगरको वेशभूषा, परम्परा र संस्कृतिको धरोहर नै हो,' नाचबाट दंग भै संरक्षणका लागि ५ लाख नगद सहयोग गरेपछि बुटवलका मनवीर गर्बुजाले भने- 'आजैबाट संरक्षण गरिएन भने हराउँदै जान्छ ।'

पहिलो पटक बुटवल आएका लिम्बूले आफ्ना गीतमार्फत दर्शक-श्रोताको मन जिते भने डम्बर नेपालीले पनि आफ्ना गीत प्रस्तुत गरे । हास्यकलाकार दीपक थापाको अभिनय र क्यारिकेचर अनि युनिभर्सल डान्स ग्रुप काठमाडौंको कमेडी र हिपहपसँगै हितान शुक्रको गीतमा प्रस्तुत नृत्यले बेग्लै स्वाद पस्कँदै चिसो मौसममा दर्शकलाई तताएको थियो । कार्यक्रममा चन्द्र थापा, सती थापा, अञ्जु राना र सरिता पुनले मगर जातिको घाटु, सालैजो र मारुनी नाच प्रस्तुत गरेका थिए ।

-टोपराज शर्मा

## हातेमालो सांगीतिक कार्यक्रम

धरान- धरानको भानुचोकमा आयोजित हातेमालो सांगीतिक कार्यक्रममा देखिएको सांगीतिक वातावरणमा अपाङ्गहरूको सांगीतिक प्रस्तुति रहनुले पनि दर्शकले छुट्टै मज्जा पाइरहेका थिए । आँखा गुमाएर अपाङ्ग भएकाले मीठा-मीठा गीत सुनाए भने बहिरा विद्यार्थीले विभिन्न गीतमा नृत्य प्रस्तुत गरेका थिए । त्यस दिन बहिराहरूको नाचे रोचक थियो । उनीहरूले स्टेजअगाडि आफ्ना शिक्षकको निर्देशनअनुसार ताल मिलाइरहेका थिए ।

दृष्टिविहीन तथा बहिरा विद्यार्थीहरूले नाटक पनि प्रस्तुत गरे, जसले दर्शकका आँखा रसाएका थिए भने उनीहरूको जीवन्त प्रस्तुतिले उपस्थित दर्शकलाई भावुक हुन बाध्य पारेको थियो । अपाङ्गहरूलाई सहयोग गर्नु हाम्रो मानवीय कर्तव्य हो भन्ने मूल नाराका साथ सम्पन्न विश्व अपाङ्ग दिवस कार्यक्रममा दर्शकको बाक्लो भीड थियो । १८ औं विश्व अपाङ्ग दिवसका अवसरमा धरानका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीले अपाङ्ग मैत्री समाज निर्माणका लागि हातेमालो सांगीतिक कार्यक्रममार्फत सबैलाई सांगीतिक वातावरणमा रमाउन लगाएका थिए ।

स्वर्गिक मार्ग युवा संघ नेपाल जिल्ला कार्यसमिति सुनसरीको आयोजनामा सञ्चालित उक्त हातेमालो सांगीतिक कार्यक्रममा विभिन्न व्यक्ति तथा संस्थाले सहयोग हस्तान्तरण गरेका थिए । पूर्वाञ्चल ज्ञान चक्षु विद्यालय, सुस्त मनस्थिति बालकल्याण विद्यालय, पूर्वाञ्चल बहिरा विद्यालय एवं पुनर्स्थापना गृह धरानको सहयोगका लागि उक्त सांगीतिक कार्यक्रम गरिएको थियो ।

भीषण राई



तस्बिर : नवराज बाग्ले

## रमाइलो इन रेडियो अडियो

मनोरञ्जनलाई मूल विषय बनाएर दुई वर्षअघिदेखि सञ्चालनमा आएको एफएम स्टेसन रेडियो अडियो १ सय ६ दशमलव ३ को दोस्रो वार्षिकोत्सव ।

रेडियोका सञ्चालक दीपेन्द्र खनियाँलाई अँगालोमा बेरेर हरिवंश आचार्यले भने- 'यो रेडियो हास्यकलाकारहरूको साझा रेडियो हो ।' उनले केक काटेर सबैलाई ख्वाए । नाम चलेका डिजे बीम्यानका सहयोगी डिजे किरणले हिन्दी र नेपाली गीतहरूको रिमिक्स बजाएर उपस्थित सबैलाई नचाए । दीपाश्री र कुञ्जना निकै बेर नाचे, उनीहरूसँग नाच्न सबै तूछाड-मछाड गरिरहेको दृश्य झनै रमाइलो देखियो । उनीहरू पनि सबैसँग नाचेर सबैको चित्त बुझाइरहेका थिए । दीपाश्री भन्दै थिइन्- 'म पनि यो रेडियोमा धनियाँ भएर कार्यक्रम चलाइरहेकी छु । म मात्रै होइन, धेरै हास्यकलाकारले यसमा रमाइलो कार्यक्रम चलाउँछन् । यो रेडियो रमाइलो छ ।'

**साप्ताहिक समाचार**

काठमाडौं- हरिवंश आचार्य साततले बिल्डिङको तल आइपुगे । सातौं तलामाथिबाट हल्ला आइरहेको थियो । सम्भवतः आचार्यलाई त्यो रमाइलो हल्लाले तानेको हुनुपर्छ । उनी हल्ला भएको स्थानसम्म पुग्नैपर्ने थियो, किनकि अघिदेखि 'दाइ, कतिबेला आइपुग्नुहुन्छ ?' भन्ने फोन उनलाई गइरहेको थियो । माथि उक्लन लिफ्टको व्यवस्था थियो, तर लोडसेडिङका कारण लिफ्ट चलेको थिएन । स्वाँ-स्वाँ गर्दै हरिवंश माथि पुगे । उनी त्यहाँ पुगेका मात्र के थिए, कुर्सीमा बसेका सबै जर्‍याकजुरुक उठे, प्रहरी वा सैनिकका उच्चपदस्थ अफिसर आएपछि कनिष्ठ जवानहरू उठेजस्तै ।

आफ्ना अघिल्तिर देशका अन्य चर्चित हास्यकलाकारहरू देखेपछि आचार्यले सात तला उक्लिदाँको थकाइ बिर्सिए र जोस निकालेर कराए, उनीसँगै सबै जना कराउँदै ताली बजाउन थाले । दिपकराज गिरी, जितु नेपाल, दीपाश्री निरौला, श्रीप्रसाद थापा 'लाहुरे', सीताराम कट्टेल, कुञ्जना घिमिरे, किरण केसी, जयप्रकाश रिजाल, गोपाल 'ट्वाकेन्द्र', रवि डंगोल 'बेइमान', निर्मल शर्मा 'गैंडा', शिवशंकर रिजाल आदि हास्यकलाकारहरूको लर्को शनिबार साँझ नयाँ बानेश्वर चोकको उक्त बिल्डिङको सातौं तल्लामा भेला भएर रमाइलो गरिरहेका थिए । बहाना थियो, हास्यव्यंग्य तथा

### मिस टिनको अडिसनमा

## नर्स र एयर होस्टेस बन्नेहरू

गत शनिबार नक्सालस्थित क्राउन प्लाजामा भेला भएका अधिकांश टिनएज युवतीहरूमा एउटै समानता थियो । उनीहरू सबै श्री रिद्धिसिद्धि मिस टिन २०६६ मा आफ्नो भाग्य परीक्षण गराउन आएका थिए । उनीहरूमध्ये अधिकांश नर्सिङ पेसामा आफ्नो करियर बनाउन चाहनेहरू थिए । कतिपयले त स्टाफ नर्सको प्रशिक्षण पनि प्रारम्भ गरिसकेका थिए । कतिपय प्रशिक्षणको तयारीमा थिए भने कतिपय इन्टर्नसिपमा थिए । मिस टिनका लागि अडिसन दिनेहरूमा एयर होस्टेस बन्न इच्छुकहरूको पनि बाहुल्यता थियो ।

काठमाडौं, पोखरा र धरानबाट छनौट गरिएका केही गरी २८ जनालाई मिस टिन २०६६ को अन्तिम प्रतिस्पर्धाको मैदानमा उतारिने जानकारी आयोजक संस्थाका सन्तोष सापकोटाले दिएका छन् । मुभी हाउसको आयोजनामा आर्मी अफिसर्स क्लबमा अगामी पुस २५ गते उक्त प्रतियोगिताको फाइनल प्रतिस्पर्धा हुने बताएको छ ।

## उच्च मा.वि. चलाउन डान्सपार्टी




धनकुटा- न त हिन्दी गीत बज्यो, न त अंग्रेजी गीत नै बज्यो, न हिपहप बज्यो । त्यहाँ शुद्ध लोक र लोक पपगीत बजेको थियो तर पनि रमाइलो मानेर नाच्नेहरू असिन-पसिन नै देखिन्थे । डान्सपार्टी भए पनि कुनै डिजेको उपस्थिति थिएन । भेडेटारलाई नचाउन चर्चित लोकगायकहरू महेश बुढाथोकी, तुलसी पराजुली, सरिता राई, दुर्गा पराजुली, टीका घिमिरे, रीता लिम्बू आइपुगेका थिए ।

उक्त डान्सपार्टीका लक्षित वर्ग युवा मात्र नभएर पाका मानिस पनि थिए, त्यसैले आयोजकले पनि सोहीअनुसार कार्यक्रमको व्यवस्था गरेका थिए । स्थानीय जनता माध्यमिक विद्यालय नाम्जेलाई आगामी शैक्षिक सत्रदेखि उच्च मा.वि. बनाउन आवश्यक कोष अभिवृद्धि कार्यक्रमअन्तर्गत उक्त डान्स पार्टीको आयोजना गरिएको थियो ।

दिउसो तीन बजे कार्यक्रम सुरु हुने भनिए पनि बेलुकी छ बजे मात्र कार्यक्रम सुरु भएको थियो । कार्यक्रमको सुरुमै स्थानीय कलाकार रीता लिम्बूले टुट्यो तारा आकाशमा गीत गाएर उपस्थितलाई नचाएकी थिइन् भने अर्का कलाकार टीका घिमिरेले राजेशपायल राईको 'दर्शन नमस्ते' गाएर पार्टीको वातावरणमा रौनाक छरेका थिए ।

सरिता राईले धरान धनकुटा भेडेटार सोल्टी ज्यू जोडौन घरबार गाउन थालेपछि डान्सफ्लोर तातेको थियो, त्योसँगै लगातार चारवटा गीत प्रस्तुत गर्दा उपस्थित दर्शकहरू पसिन-पसिन भैसकेका थिए । त्यसपछि सरिता र दुर्गा पराजुलीको दोहोरीले दर्शकहरूलाई झन् मनोरञ्जन दिएको थियो । तुलसी पराजुलीले कति राम्रो बत्तीसै दन्त छोडी नजाऊ कतै अन्त, सालैज्यू, कान्छीको छाता ढल्काइदेऊ यता आदि गीतले राति १० बजाएको थियो । महेशले साइँली रिसाउने, पारि पाखालगायतका आधा दर्जन गीत प्रस्तुत गर्दा रातको करिब एक बजेको थियो ।

उक्त कार्यक्रममा नगद रु. ४ लाख ९ हजार रुपैयाँ संकलन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द कार्कीले साप्ताहिकलाई बताए ।

**–भिषा काफ्ले**

## नारीको पुस अंक



# सचित्र



सोइ ढोले सोइ, अर्को ढोले सोइ ? : उधौली पर्वको परिवेशमा जातीय पहिरनमा तस्विर खिचाउँदै गायिका रेश्मा सुनुवार ।



उनलाई हिरोइन बनाउने हो ? : गायिका निशा सुनारलाई देखाउँदै निर्मात्री कृषा चौलागाँईसँग सम्भवत: यही भन्दैछन् नायक भुवन केसी ।



थाकियो : केटिभी चलचित्र एवार्डमा नाच्नका लागि अभ्यास गरेपछि सुस्ताउँदै नायिकाद्वय अरुणिमा लम्साल र रञ्जना शर्मा ।



तस्विर : नवराज वाग्ले

छ्या कस्तो पातेको ? : एक कार्यक्रममा तेस्रो लिंगीको अभिनय गर्दै हास्यकलाकार महादेव त्रिपाठी ।



नयाँ लुगा किन्ने हो ? : टेलिभिजन कार्यक्रम निर्माणको दौरान एक फेसन आउटलेटमा भिजे पुष्पा जोशीका साथ गायक निमा रुम्बा ।



कसलाई जिस्क्याएको ? म यता छु : एउटा म्युजिक भिडियोको निर्देशन गर्दै नवराज आचार्य ।

## मनोरञ्जनको थलो महायज्ञ

बुटवल– नाचगान र मनोरञ्जनका लागि कन्सर्ट, सांस्कृतिक कार्यक्रम वा मेला-महोत्सव नै जानुपर्छ भन्ने छैन, पछिल्लो समय मनोरञ्जनको नयाँ थलो बन्दै गएको छ- महायज्ञ । आजभोलि महायज्ञमा संगीतमय कथा वाचनसँगै खैजडी, मजुरा, मादल, गिटार, बाँसुरी, हार्मोनियम, तबला, ढोलक आदि वाद्यवादनको तालमा भजन, धार्मिक नाटक, प्रहसन र झाँकीको प्रस्तुतिले आध्यात्मिक चिन्तन भएका भक्तजन मात्र होइन, आधुनिक पुस्ताका किशोरकिशोरीलाई पनि मज्जाले तान्ने गरेको छ । 'महायज्ञमा आएर नाच्न पाउँदा बेग्लै आनन्द र मज्जा आउँछ'- रूपन्देहीको देवदहमा आयोजित महायज्ञमा नाच्न नवलपरासीको पञ्चनगरबाट आएकी पवी पाण्डेले भनिन्- 'यहाँ नाच्न पाउँदा सबै कुरा भुलेर छुँ संसारमा पुगेजस्तो हुन्छ त्यसैले सकेसम्म महायज्ञमा नाच्न छुटाउँदिनँ ।'

कन्सर्ट र मेला-महोत्सवमा जस्तो महँगो टिकट पनि काट्नु नपर्ने अनि धीत मरुन्जेल जमेर नाच्न पाइने भएपछि स्कुल-कलेजका किशोर-किशोरीहरूले मनोरञ्जनका लागि महायज्ञ नै रोज्न थालेका हुन् । भक्तजन र दर्शकहरूलाई मनोरञ्जन दिलाउन



युवा पण्डित दिनबन्धु पोखरेलले हरेक महायज्ञमा एक दर्जनभन्दा बढी कलाकारको टिम नै उतार्ने गरेका छन् । कथा प्रवचनको बीचबीचमा दिनबन्धुले लोकदोहोरी शैलीको भजन टुक्का सुरु गर्नेबित्तिकै कम्मर मर्काई छमछमी नाच्नेहरूको होडबाजी चल्न थाल्छ । दिनबन्धुद्वारा गराइने महायज्ञमा कलाकारहरू तोयनाथ भट्ट, नेत्र भण्डारी, अमर राना, दुर्गा ओली, शिव राना, मेहन फुलामी, भीमबहादुर मगर, भक्त येन्जन, इन्द्र बराम, अमित भण्डारी, बलराम खनाल, मनोज मगर हरिन्द कार्की र विन्दु पन्थी पौराणिक कथामा आधारित झाँकी, नाटक र प्रहसन प्रस्तुत गर्छन् ।

**-टोपराज शर्मा**

# प्रारम्भ भयो पर्वतीय चलचित्र महोत्सव

**साप्ताहिक समाचार**

काठमाडौं– पर्वतीय चलचित्रका पारखीहरूका लागि खुसीको खबर ! हिजो बिहीबारदेखि राजधानीमा सातौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव-२००९ प्रारम्भ भएको छ । आगामी सोमबारसम्म जारी रहने यो महोत्सव नेपाली पर्वतीय चलचित्रका साथै विश्वका उत्कृष्ट पर्वतीय चलचित्रको स्वाद चाख्न पाइने राम्रो अवसर हो ।

'द सेभेन्थ काठमाडौं इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिबल (किम्फ)' शीर्षकको यो महोत्सवको हिजो प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा सञ्चारमन्त्री शंकर पोखरेलले एक समारोहबीच उद्घाटन गरे । उद्घाटन समारोहमा कार्सेन माजको ३० मिनेट लामो छोटो चलचित्र 'एक्सपेडिसन मनास्लु' प्रदर्शन गरिएको थियो ।

महोत्सवको पहिलो दिन हिजो नै नेपालकै थप दुई चलचित्र प्रदर्शन गरिए । साँझ चार बजे 'शेर्पाज : द ट्रु हिरोज अफ माउन्ट एभरेस्ट' प्रदर्शन गरिएको थियो । ९३ मिनेट लामो यो नेपालको प्रतिनिधित्व गर्ने चलचित्रको निर्देशन फ्र्याक सेन तथा हरि थापाले संयुक्त रूपमा गरेका हुन् । हिजो नै अर्को नेपाली चलचित्र 'घवा मरु (म्यान विदाउट अ



मोस्ट्याच) प्रदर्शन गरियो । ४५ मिनेट लामो यो चलचित्रको निर्देशन प्रिनराज जोशीले गरेका हुन् ।

राष्ट्रिय सभागृह तथा नेपाल पर्यटन बोर्डको सभाकक्षमा आयोजना भैरहेको यो महोत्सवको आयोजना हिमाल एसोसिएसनले गरेको हो । महोत्सवमा ४९ वटा चलचित्र प्रदर्शन गरिने एसोसिएसनले जनाएको छ । महोत्सवमा ४६ देशका २ सयभन्दा बढी चलचित्रको आवेदन प्राप्त भएकामा महोत्सवका लागि २६ देशका ४९ चलचित्र छानिएका छन् । तीमध्ये २२ चलचित्र अप्रतियोगी, १९ चलचित्र अन्तर्राष्ट्रिय प्रतिस्पर्धा तथा आठ चलचित्र नेपाली पानोरमाअन्तर्गत प्रदर्शन गरिनेछन् । प्रतियोगी चलचित्रको श्रेणीमा नेपालबाट केसाङ छेतेनको चलचित्र 'इन सर्च अफ रियल' छनौट भएको छ । त्यस्तै 'नेपाली पानोरमा' अन्तर्गत प्रदर्शन हुने नेपाली चलचित्रमा अमन अधिकारीको 'अ डे इन द लाइफ अफ जुँगे दाइ', क्षितिज अधिराजको बिइङ मी, पुनाराज जोशीको घ्वाया मरु, रघुवर नेपालको होली बाग्मती, मनोजराज पाण्डेको लिभिङ बाइ द रिभर, रमेश खड्काको मदर अफ २५, अविनाशविक्रम शाहको टाइम इज पर्याप्स तथा प्रदीप पोखरेलको इन गड हर्ट ल्यान्ड छन् ।

जलवायु परिवर्तनलाई मुख्य विषयवस्तु बनाइएको यो महोत्सवमा प्रदर्शन गरिने चलचित्रमा पर्वतीय संस्कृति, जीवनशैली, पर्वतारोहण, वन्यजन्तु, भूमण्डलीकरण, लैङ्गिकता तथा द्वन्द्वसम्बन्धी विषयवस्तु छन् ।

बेलायतका फोटोग्राफर एन्डी पार्किन, डेनमार्कको आन्या पर्ल तथा नेपाली चलचित्र निर्देशक राजेन्द्र शलभको तीन सदस्यीय अन्तर्राष्ट्रिय निर्णायक समितिले उत्कृष्ट ठहऱ्याएका तीन चलचित्रलाई पुरस्कृत गरिने तथा प्रथम, दोस्रो तथा तेस्रो स्थान हासिल गर्ने चलचित्रलाई क्रमश: १ हजार ५ सय, १ हजार तथा ५ सय अमेरिकी डलर नगद प्रदान गरिनेछ । दर्शकहरूको मतका आधारमा एउटा चलचित्रलाई अडियन्स एवार्ड तथा ट्रफी प्रदान गरिनेछ । महोत्सवका साथसाथै चलचित्र एनिमेसन, हिमालयलाई चिनौं शीर्षकमा हाजिरीजवाफ कार्यक्रम तथा पुस्तक प्रदर्शनीसमेत गरिनेछ ।

महोत्सव व्यवस्थापक वसन्त थापा विकासोन्मुख देशहरूमा पर्वतीय क्षेत्रका मुद्दाको उठान गर्न महोत्सव आयोजना गरिएको बताउँछन् । सन् २००७ देखि प्रतियोगितात्मक रूपमा हरेक वर्ष चलचित्र महोत्सव आयोजना हुँदै आएको छ । महोत्सवमा प्रदर्शन गरिने उत्कृष्ट एउटा नेपाली चलचित्रलाई चलचित्र विकास बोर्डका तर्फबाट २५ हजार रुपैयाँ नगद पुरस्कारबाट सम्मान गरिने बताइएको छ ।

प्रवीण दत्त

# नेचर गाइड डोमा



चितवन– वन्यजन्तु, चराचुरुङ्गी र जंगलसँग रमाउने आन्तरिक तथा बाह्य पर्यटकका लागि चितवनको सौराहा नौलो ठाउँ होइन। अफ सिजनमा आन्तरिक पर्यटकले भरिभराउ रहने यो पर्यटकीय नगरी यतिबेला विदेशी पर्यटकले भरिभराउ छ। दुर्लभ वन्यजन्तु एकसिंगे गैंडा यो क्षेत्रको प्रमुख आकर्षण रहे पनि यहाँ बाघ, हात्ती, भालु, जरायो, मृगजस्ता जनावर हेर्न प्रायः जंगल जाने पर्यटकले छुटाउँदैनन्। निकुञ्जभित्रको जंगल होस् वा नजिकैको सामुदायिक वन, जताततै पर्यटकको घुइँचो छ।

ट्राभल एजेन्सीमार्फत यहाँ भित्रिने अधिकांश बाह्य पर्यटक अमेरिकी, जर्मनी, स्पेनिस, जापानी, चाइनिज, फ्रान्सेली हुने गरेका छन्। यी सबै पर्यटकको एउटै चाहना हुन्छ- जंगल सफारी अनि वन्यन्तुको अवलोकन, तर यी सबैको अवलोकन एक्लै गर्न असम्भव छ। मुलुककै तेस्रो पर्यटकीय गन्तव्यका रूपमा परिचित यो क्षेत्रलाई चिनाउन मुख्य भूमिका निर्वाह गर्दै आएका छन् नेचर गाइडहरूले। यहाँका अधिकांश होटलले आफ्नै नेचर गाइड राखे पनि यहाँ खोलिएका प्राइभेट जंगल गाइड सर्भिस सेन्टरले पनि सेवा उपलब्ध गराउँदै आएका छन्। पर्यटकहरूले यस क्षेत्रको चिनारी तथा वन्यजन्तु अवलोकनमा नेचर गाइडकै माध्यमबाट सबै कुरा थाहा पाउने गरेका छन्।

सौराहामा पुरुष नेचर गाइडको बाहुल्य छ। प्रायः होटलहरूमा पुरुष गाइडले नै काम पाएका छन्, तर परम्परागत चुनौतीलाई चिर्दै स्थानीय एक युवती पनि यो पेसासँग आबद्ध छिन्। निकुञ्जसँगै टाँसिएको मध्यवर्ती क्षेत्र बछ्यौलीकी डोमा पौडेल स्थानीय नेचर गाइडहरूको समूहमा थपिएकी सदस्य हुन्। उनले अहिले पर्यटकलाई सौराहा मात्र नभै चितवनलाई नै चिनाउँदै आएकी छिन्। डोमा भन्छिन्- 'महिलाले पुरुष सरह जुनसुकै काम गर्न सक्छन्, अवसरको अभावले मात्र हामी छटपटिएका छौं।' प्रवीणता प्रमाणपत्र तहको अध्ययन सकेकी डोमाले पेसामा आबद्ध हुन एकहप्ते तालिम पनि लिएकी छिन्। दुई वर्षअघि ३५ जनाको समूहमा उनीसँगै ६ जना युवतीले उक्त तालिम लिएका थिए तर तालिमपछि यो क्षेत्रलाई पेसा बनाउने उनी एक्ली भएकी छिन्। पर्यटकसँग जंगल जाँदा कस्तो अनुभव हुन्छ भन्ने प्रश्नमा डोमा भन्छिन्- 'विदेशी पर्यटक निकै अनुशासित हुनाले अहिलेसम्म राम्रै छ।' गत कात्तिक २० गते पहिलो पटक १० जना विदेशी पर्यटकको समूहलाई लिएर जंगल भ्रमणमा गएको सम्झँदै डोमा भन्छिन्- 'यो पेसा रमाइलो छ तर चुनौती पनि त्यत्तिकै छ।' चुनौतीका रूपमा उनी आफूसँग रहेका वन्यजन्तु पर्यटकले देख्न नपाउने हुन् कि र अर्को वन्यजन्तुको आक्रमणबाट सबैलाई कसरी बचाउने भन्ने कुरालाई प्रमुख मान्छिन्। सुरुमा आफू यो पेसामा होमिँदा समुदायबाट तिरष्कृत हुनुपरेको तर अहिले आफ्नो कामप्रतिको लगाव देखेर सबैबाट हौसला पाएको अनुभव उनी सुनाउँछिन्। सुरुमा थोरै पारिश्रमिक भए पनि अहिले महिनामा ८-१० हजार कमाइ हुने तर तीन महिनाको अफ सिजनमा वैकल्पिक पेसा अपनाउनुपर्ने बाध्यता भएको डोमाले बताइन्।

पाँच वर्षअघि गैंडाको आक्रमणबाट आमाको मृत्यु भएपछि उनी अझ बढी सक्रिय भै यो क्षेत्रमा होमिँदै विभिन्न वन, वन्यजन्तुको क्षेत्रमा काम गर्ने संघ-संस्थामा आबद्ध भएकी हुन्। दुर्लभ एकसिंगे गैंडा धेरै मारिन थालेपछि चिन्तित हुँदै उनले *साप्ताहिक*सँग भनिन्- 'यसरी नै जनावर मारिने हो भने आउँदो पुस्ताका लागि गैंडा तस्बिरमा मात्र सीमित रहनेछ।' डोमाले आमाको मृत्युपछि दुई भाइ तथा दुई बहिनीको सम्पूर्ण रेखदेख आफूमाथि आइपरेकाले पढाइसँगै पेसालाई पनि निरन्तरता दिएकी हुन्।



सौराहामा पुरुष नेचर गाइडको बाहुल्य छ। प्रायः होटलहरूमा पुरुष गाइडले नै काम पाएका छन्, तर परम्परागत चुनौतीलाई चिर्दै स्थानीय एक युवती पनि यो पेसासँग आबद्ध छिन्। निकुञ्जसँगै टाँसिएको मध्यवर्ती क्षेत्र बछ्यौलीकी डोमा पौडेल स्थानीय नेचर गाइडहरूको समूहमा थपिएकी सदस्य हुन्। उनले अहिले पर्यटकलाई सौराहा मात्र नभै चितवनलाई नै चिनाउँदै आएकी छिन्।



## मणेन्द्रलाल मास्केको अनुभव



### मैले यसरी गरें

गुँदपाकका लागि चर्चित पसल 'श्री ताजा गुँदपाक भण्डार, न्युरोडका सञ्चालक हुन् मणेन्द्रलाल मास्के। २०३० सालमा वसन्तपुर, काठमाडौंमा बुवा कन्हैयालाल मास्के तथा माता मदनबाबा मास्केको कोखबाट जन्मिएका मास्केको यो तेस्रो पुस्तामा हस्तान्तरित व्यवसाय हो। मास्केले कसरी यसलाई सञ्चालन गरिहेका छन् ?

व्यवसाय हजुरबाको पालादेखि नै गर्दै आइएको हो। हजुरबाले काठको काम गर्दा असफल भएर गुँदपाक बनाउने काम थाल्नुभएको थियो। हजुरबाको पालामा थालिएको कामलाई बुबाले निरन्तरता दिँदै मसम्म आइपुगेको छ। गुँदपाक खासमा औषधीका रूपमा समेत उपभोग गरिने चीज हो तर अहिले बजारमा मिसावट गरिएका गुँदपाक छन्। मैले शुद्ध गुँदपाक नै उत्पादन गरें र गरिरहेको छु। त्यसैले त भारतसम्म पनि यहाँको गुँदपाक चर्चामा छ। ग्राहकहरूको मागअनुसार आपूर्ति गर्न सकिरहेको छैन। घरमा तयार पारेर न्युरोड पसलसम्म ल्याएर बेचिने गुँदपाकलगायत तितौरा, पुष्टकारी केही पनि स्टक बस्दैन र राखिन्नँ। प्राकृतिक स्वाद भएका कारण मकहाँ ग्राहकहरूको घुइँचो लाग्छ।

मानिसहरू धेरै चलाख, लोभी वा अल्छी के भएर होला ? गुँदपाकका लागि चाहिने खुवालगायतका कच्चापदार्थ शुद्ध पाउन गाह्रो हुन थालेको छ। त्यसैले पनि प्रशस्त गुँदपाक उत्पादन गर्न सकिरहेको छैन। दूधको परिकार नबनाई सीधै बेच्ने, मिसावटका सामग्रीहरू प्रयोग गर्ने चलनका कारण शुद्ध सामान उत्पादन हुन नसक्दा ग्राहक र विक्रेता दुवैलाई घाटा भैरहेको छ।

बजारमा मिसावटयुक्त कच्चा पदार्थको बिगबिगी छ। त्यसबाट उत्पादित सामानहरू गुणस्तरीय हुँदैनन्। त्यसैले आजभोलि हामीहरू काभ्रे, मकवानपुर आदि क्षेत्रका गाउँको दुर्गम स्थानमा पुगिरहेका छौं शुद्ध कच्चा पदार्थ लिन। गाउँ-बस्तीहरूमा गएर खुवा उत्पादनलगायत दूधका विभिन्न परिकार बनाउने क्षमता विकासको तालिम दिइरहेका छौं। यसले गर्दा गाउँका किसानहरूलाई पनि प्रत्यक्ष लाभ भैरहेको छ भने त्यहाँबाट उत्पादित शुद्ध सामग्री सीधै ल्याएर हामीले गुँदपाकलगायतका सामग्री उत्पादन गरिरहेका छौं। यदि प्रशस्त शुद्ध कच्चा पदार्थ उत्पादन गर्न सक्ने हो भने कच्चा पदार्थ बनाउने तथा त्यसबाट सामग्री बनाउने हामी दुवैलाई फाइदा हुन्छ। हामी गुणस्तरलाई ध्यानमा राखेर काम गर्छौं, त्यसैले ग्राहकहरूको प्रिय भएका छौं।

बजारमा अहिले विभिन्न मसला जसलाई ३२ मसला भनिन्छ हालेर बनाएको सुत्केरीहरूका लागि लक्षित गुँदपाक, सुगर फ्री गुँदपाकको प्रशस्त माग छ तर के गर्नु ? ती सामान उत्पादन गर्न सकिरहेका छैनौं। समय र शुद्ध कच्चा पदार्थको अभाव नै यसको मुख्य कारण हो। सबै कुरा मिले यी सामानहरू पनि उत्पादन गर्ने र ग्राहकहरूलाई शुद्ध सामग्री ख्वाउने मनचाहिँ छ।

-यशु श्रेष्ठ

# सामीप्यताको महत्त्व

"सामीप्यता तनाव मेटाउने काममा सहयोगी हुन्छ। सामीप्यताले सुषुप्तावस्थामा रहेको भावना प्रकट गर्न सजिलो हुन्छ। एक सय जोडीमा गरिएको एउटा अनुसन्धानले एक-अर्कालाई सुम्सुम्याउँदा वा आलिङ्गनमा बाँधिँदा सुरक्षाको भावना जागृत हुन्छ भन्ने देखाएको छ। यस्तो आलिङ्गनले दिनभरिको तनाव कम गर्छ। एक-अर्काको शरीरको ताप अनुभव गर्नाले सकारात्मक ऊर्जा प्रवाह हुन्छ। यसले शारीरिक एवं मानसिक थकान मेटाउँछ। जब मानिस चिन्ता र तनावबाट ग्रसित हुन्छ तब सामीप्यता र निकटताले शान्ति प्रदान गर्छ। नयाँ आशा र उत्साहलाई जीवित गर्छ।"



प्रगाढ आलिङ्गन एवं निकटता दुवै दाम्पत्य जीवनका आवश्यकता हुन्। धेरैजसो सम्बन्धमा बेलाबेलामा फाटो आउन सक्छ। फाटो आउनुको कारण माया गर्नेलाई कसरी खुसी बनाउन सकिन्छ भन्ने कुरा बुझ्न नसक्नु हो। धेरै दम्पती शारीरिक सम्पर्कलाई क्षणिक उन्मादका रूपमा लिन्छन्। अध्ययनहरूले बताएअनुसार यौनलाई क्षणिक उन्मादका रूपमा लिने मानिसको जीवन निराशाजनक हुनसक्छ। मनोवैज्ञानिकहरूका अनुसार धेरैजसो दम्पती परस्पर निकटताबाटै सम्पूर्णताको अनुभूति गर्न सक्छन्। यो सामीप्यता भावनात्मक रूपबाट एक-अर्काबीच खुलापन कायम राख्ने दुई व्यक्तिबीचको शारीरिक निकटताबाटै सम्भव हुनसक्छ।

धेरैजसो दम्पती आपसी सम्बन्ध प्रगाढ नभएका कारण दुःखी छन्। यस्ता जोडी आफ्नो अनुभूतिलाई व्यक्त गर्नुभन्दा आफूमै सीमित राख्छन्। उनीहरू आफ्नो मनमा के खेलिरहेको छ अरूलाई जानकारी होस् भन्ने चाहँदैनन्। साथीका अगाडि आफ्ना अनुभूति व्यक्त गर्नु जोखिमपूर्ण हुनसक्ने आशंका तिनमा हुन्छ। उनीहरूमा आफ्नो जीवनमा अरूको निणन्त्रण होला भन्ने भावना हुन्छ। यही असुरक्षाको भावनाले उनीहरूलाई गहिरो चिन्तामा पुऱ्याउँछ। आफ्नो स्वतन्त्रता गुमाउने डरले व्यक्ति यतिसम्म ग्रसित हुन्छ कि उसले निकटताको भावनाबाट प्राप्त हुने सुखको अनुभव गर्न सक्दैन। यस्ता दम्पती केही क्षणका लागि सामीप्यताको अनुभव त गर्छन् तर त्यो अनुभव अस्थायी हुन्छ।

विवाहपछि धेरैजसो पुरुषको गुनासो श्रीमतीले यौनमा रुचि राख्दैनन् भन्ने हुन्छ। श्रीमतीहरू टाढा रहँदा श्रीमान्‌ले आफूप्रति रुचि देखाउँछ भन्ने भ्रान्ति हुन्छ। साथमै हुँदा पनि यी भावनाका कारण दुवैलाई एक्लोपन महसुस हुन्छ। त्यसैले संभोगपछि पनि खालीपनको अनुभव हुन्छ। यस्ता दम्पती यौनलाई प्रगाढता र सामीप्यता दर्साउने माध्यमका रूपमा मात्र लिन्छन्।

सामीप्यता तनाव मेटाउने काममा सहयोगी हुन्छ। सामीप्यताले सुषुप्तावस्थामा रहेको भावना प्रकट गर्न सजिलो हुन्छ। एक सय जोडीमा गरिएको एउटा अनुसन्धानले एक-अर्कालाई सुम्सुम्याउँदा वा आलिङ्गनमा बाँधिँदा सुरक्षाको भावना जागृत हुन्छ भन्ने देखाएको छ। यस्तो आलिङ्गनले दिनभरिको तनाव कम गर्छ। एक-अर्काको शरीरको ताप अनुभव गर्नाले सकारात्मक ऊर्जा प्रवाह हुन्छ। यसले शारीरिक एवं मानसिक थकान मेटाउँछ। जब मानिस चिन्ता र तनावबाट ग्रसित हुन्छ तब सामीप्यता र निकटताले शान्ति प्रदान गर्छ। नयाँ आशा र उत्साहलाई जीवित गर्छ।

पति-पत्नीले एक-अर्कालाई सम्हाल्नाले, बुझ्नाले, समन्वय र समझदारी कायम राख्नाले आपसी मतभेद पनि कम हुन्छ। भावनात्मक स्थितिलाई तर्कपूर्ण रूपमा सम्हाल्दा आफ्ना गल्तीका सम्बन्धमा समेत जानकारी प्राप्त हुन्छ। यसले आपसी सम्बन्धलाई सुदृढ र सुमधुर राख्न मद्दत गर्छ। समग्रमा सामीप्यता दाम्पत्य जीवनका लागि उत्साह र ऊर्जा प्राप्त गर्ने अनि अघि बढ्ने, आफ्ना इच्छा-आकांक्षा व्यक्त गर्ने तथा साथीको चाहना र भावना बुझ्ने बलियो माध्यम हो। यो जीवनको रोमाञ्चकता कायम गर्ने सहज बाटो हो।

# अब काठमाडौंमै उपलब्ध छ

पृष्ठ ३ बाट जारी

कृत्रिम पुरुष लिंग र महिला योनि नेपाली बजारमा भित्र्याइनेछ। द कन्डम हाउसका अनुसार स्तन तथा लिंगको आकार बढाउने कुरा संवेदनशील हुने भएकाले त्यसका लागि चिकित्सकको सिफारिस अनिवार्य मानिनेछ।

एक अध्ययनअनुसार दक्षिण एसियाका अधिकांश पुरुष कामकाजी हुने भएकाले उनीहरू घर फर्कँदा थकित हुन्छन्, तर उनीहरूका श्रीमती दिनभर घरमै हुने भएकाले उनीहरू श्रीमान्‌बाट यौनआनन्द खोज्छन्। यस्तो अवस्थामा श्रीमान्‌ले उनीहरूको यौनइच्छा पूरा गर्न असमर्थ भएका थुप्रै घटना पाइएको अध्ययनमा उल्लेख छ। श्रीमतीलाई यौनसन्तुष्टि दिन नसक्ने यस्ता पुरुषहरू त्यसको विकल्पको खोजमा सोचमग्न हुने गरेको स्थितिमा सेक्स टोयको प्रयोगको सुझाव दिइन्छ। छिमेकी मुलुक भारत, बंगलादेश, म्यानमार, पाकिस्तान, अफगानिस्तान, भुटान आदि राष्ट्रमा यस्ता यौन खेलौना बिक्री-वितरण गरिँदैन।

यसले नेपाल आउने पर्यटकलाई पनि आकर्षित गर्ने देखिन्छ। द कन्डम हाउसका अनुसार बिक्री-वितरण गर्न लागिएका सेक्स टोयमा भाइब्रेटिङ पुरुष यौनांग ३ हजारदेखि ५ हजार रुपैयाँ, डल पुसी टोय विद पम्प ४ हजारदेखि ६ हजार रुपैयाँ, भाइब्रेटिङ पुसी टोयको ३ हजार ५ सयदेखि ५ हजार रुपैयाँ पर्नेछ। पुसी टोयमा लुब्रिकेन्ट्स पनि उपलब्ध हुनेछ। यसबाहेक विभिन्न मोडलका महिला यौनांगका टोयहरू पनि बिक्री-वितरणमा छन्।




यस्ता भर्च्युअल सेक्स टोयलाई घरभित्र एक्लै रहँदा अवस्था हेरी प्रयोग गर्न सकिन्छ। अध्यक्ष भुजेल हस्तमैथुन गरेर यौनसन्तुष्टि लिन खोज्नेहरूका लागि यस्ता कृत्रिम यौनाङ्गले प्राकृतिक आनन्द दिने भएकाले यस्ता खेलौना बढी उपयोगी देख्छन्। 'नेपाली समाजमा यो कुरा असामान्य लागे पनि यौन तनावबाट गुज्रनेहरूको संख्या उल्लेख्य छ।' यौन तथा प्रजनन विज्ञ डा. कार्की भन्छन्- 'त्यसैले पनि सेक्स टोयको अपरिहार्यतालाई समाजले क्रमशः बुझ्दै जानेछ।'

**कन्डममा पनि विविधता**

नाम नै द कन्डम हाउस राखिएको यो केन्द्रको शोरुममा धेरै ब्रान्डका आकर्षक कन्डम उपलब्ध छन्। 'पुरुष कन्डममा सबैभन्दा पातलो र नरमदेखि चम्किने, भाइब्रेटिङ, सुपर डटेड तथा एक्स्ट्रा डटेटका विभिन्न ब्रान्ड छन्,' द कन्डम हाउसका अध्यक्ष राजु भुजेल भन्छन्- 'यस्तै महिलाको कन्डममा विश्वबजारमा ख्यातिप्राप्त भारतको भीएमओ (भ्यामर) र बेलायतको फेमी कन्डम पनि उपलब्ध छन्।' द कन्डम हाउसमा १ सय प्रकारका पुरुष तथा महिला कन्डम बिक्रीमा छन्। अब नेपालमा पनि भाइकोन, डुरेक्स, इन्साइरल, ओकामाटो, ओयसिस, फ्रेन्च किस, हटडट जस्ता पुरुष कन्डम एउटै पसलमा उपलब्ध हुनुले उपभोक्ताहरूमाझ थप विकल्प उपलब्ध गराएको छ। यही वर्ष काठमाडौंबाहिर पनि द कन्डम हाउसको आउटलेट विस्तार गर्ने योजना छ।

# धरानमा आदिवासी चलचित्र महोत्सव

धरान- आगामी पुस ३ र ४ गते धरानमा अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव हुने भएको छ। आदिवासी मातृभाषाका चलचित्रमार्फत आदिवासी माग, मुद्दा र अधिकारका विषयहरू उठान गराउने, आदिवासी चलचित्रलाई गाउँगाउँसम्म विस्तार गर्ने र मूलधार भनिने चलचित्रमा आदिवासी धारलाई पनि समावेश गर्दै राष्ट्रिय एकताको आधारलाई अझ मजबुत बनाउने उद्देश्यअनुसार अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव हुन लागेको हो।



आदिवासी जनजाति चलचित्र प्रवर्द्धन समिति सुनसरी धरानको आयोजनामा धरान सभागृहमा अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव -२०६६ हुन लागेको हो। महोत्सवको मूल आयोजक इन्डिजिनियस चलचित्र अर्काइभ (आइफा) हो भने मूल सहयोगी एम्वेसी अफ डेनमार्क छ।

राजधानीमा इन्डिजिनियस चलचित्र अर्काइभद्वारा सम्पन्न अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव-२०६६ लाई विस्तार गर्ने क्रममा धरानमा आयोजना गर्न लागिएको हो। प्रत्येक वर्ष धरानमा आयोजना गरिने अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सवको यो तेस्रो संस्करण हो।

महोत्सवअन्तर्गत राष्ट्रिय अन्तर्राष्ट्रिय लामा छोटा गरी कुल १५ वटा आदिवासी चलचित्र तथा वृत्तचित्र प्रदर्शन गरिनेछ। जसमा बिल्डिङ डिग्निटी (बोलीभिया), ओस्कार एवार्ड प्राप्त होटल रुवान्डा (रुवान्डा), गोदेवा (तामाङ), ग्वाय मरु (नेवार), तिनागा (तमु), भुयार (थारु), बाराहीपुत्र (मगर) आदि चलचित्र छन् भने छोटा चलचित्र तथा वृत्तचित्रमा थाक्याम्मा (लिम्बू), द चिउरी (चेपाङ), नाराम (मगर), महिटा (तमु) र गेइटालागा (फिनल्यान्ड) प्रदर्शन गरिनेछ। चलचित्र महोत्सवस्थल धरान सभागृहमा नेवार, थारु, राई, लिम्बू, मगर, शेर्पा तामाङलगायत विभिन्न आदिवासी जनजातीय खानाका स्टलका साथै आदिवासी जनजाति पुस्तकहरूको स्टल पनि राखिनेछन्।

–भीषण राई

## क्षेत्रीय चलचित्र उत्सवमा

# बान्तवा र स्वीट ग्यादरिङ

धरान– पूर्वाञ्चल क्षेत्रीय आदिवासी जनजाति चलचित्र उत्सवअन्तर्गत धरानमा बान्तवा राईहरूको संस्कार, संस्कृतिमा आधारित वृत्तचित्र 'बान्तवा' प्रदर्शन गरिएको छ। शालिक सतासकको अनुसन्धान तथा निर्देशन रहेको 'बान्तवा'ले भोजपुर क्षेत्रका बान्तवाहरूको जन्मदेखि मृत्युसम्मका सांस्कृतिक चालचलन प्रस्तुत गरेको छ। आदिवासी जनजातिका मौलिक कला-संस्कृतिको जगेर्ना र खोज-अनुसन्धान गर्ने उद्देश्यले इन्डिजिनियस चलचित्र अर्काईभ सिनर्जी नेटवर्कको सहयोगमा याक्थुङ मुन्धइत चोक सयङ तथा आदिवासी जनजाति चलचित्र प्रवर्द्धन समिति, सुनसरीले आयोजना गरेको उत्सवमा मेक्सिकोका आदिवासीको खाद्य संस्कृतिसम्बन्धी छोटो वृत्तचित्र 'स्वीट ग्यादरिङ' पनि प्रदर्शन गरिएको थियो।

उत्सवमा आदिवासीका मौलिक ज्ञानको प्रचार-प्रसार गर्ने उद्देश्यले नेपाल र अन्य देशका आदिवासीका सीप र संस्कृतिमा आधारित यस्ता वृत्तचित्र प्रदर्शन गरिएको याक्थुङ मुन्धइत चोक सयङका अध्यक्ष तथा उत्सवका संयोजक मौसम इम्बुङले बताए। प्रत्येक महिना हुने उत्सवअन्तर्गत राई, लिम्बू, शेर्पा, नेवार आदिका परम्परागत सीपबारेका चलचित्र प्रदर्शन भैसकेका छन्।

–गोपाल दाहाल

## ● तालुमा आलु ●



**प्रकाश ओझा**

व्यापारी मृत्युशैयामा थियो । वरिपरि परिवार थिए । बूढो बोल्यो-

'राजुकी आमा,' 'म यहाँ छु हजुर' बूढी बोली, सबैजना यहीं छन् ।

'जेठो ?' म यहाँ छु बुबा ।

'माइलो' म तपाईंको खुट्टापट्टि छु बुबा ।

'साँइलो' म तपाईंको सिरानीपट्टि छु ।'

'सबैजना यहीं छन् भने पसलमा चाहिँ को छ ?' बूढो रिसाउँदै करायो ।

०००

बाबु मृत्युशैयामा थिए । सबै उनलाई अस्पताल लाने कुरा गर्दै थिए ।

'बुबालाई बस रिजर्भ गरेर भए पनि अस्पताल लानुपर्छ'- कान्छोले भन्यो ।

'होइन बस रिजर्भ गर्दा महँगो पर्छ एम्बुलेन्स बोलाऊ'- बूढीले भनी ।

'धेरै टाढा छैन रिक्सामा जाँदा हुन्छ'- माहिलोले भन्यो ।

'रिक्सा भाडा पनि किन तिर्नु साइकलमा बसाएर लाँदा हुन्छ'- जेठोले भन्यो ।

त्यत्तिकैमा बिमारी बूढो उठ्यो र भन्यो-

'धेरै छलफल नगर, म लौरो टेकेर हिँड्दै जान्छु ।'

०००

'म आज बक्सिङ खेल्न जाँदैछु' एउटा बक्सरले श्रीमतीसँग भन्यो- 'आज मेरो फाइट छ, आजको विजेता, हिंजोको विजेतासँग भिड्नुपर्छ जसले जित्छ त्यो च्याम्पियन हुन्छ ।'

'नजानुस् कुटाइ खानुहुन्छ'- स्वास्नीले भनी ।

'जानैपर्छ इज्जतको सवाल छ ।'

लोग्ने गयो । बेलुकि फर्किंदा सुन्निएको आँखा, नीलडाम तथा चोटपटक लिएर आयो । स्वास्नीले उसको हालत देखेर त्रसित हुँदै भनी–

'हे भगवान्, यस्तो हाल ?'

'यो त केही पनि होइन'- बक्सरले भन्यो, 'योभन्दा नराम्रो हालत त भोलि हुन्छ ।'

'कसरी'

'आज मैले जितेँ ।'

०००

'राजु' बाबुले सोधे- 'कुनै यस्तो चीज बनाऊ जसको २० वर्षअघि कुनै अस्तित्व थिएन ।'

'म' राजुले उत्तर दियो ।

०००

### मेरो कुरो

तपाईं हाँस्नुस्... संसार तपाईंसँगै हाँस्छ तर जब तपाईं प्याज काट्नुहुन्छ तपाईं एक्लै रुनुहुन्छ ।

## ● कविता ●

### माया बुन्छु म



सुन्दर मुहार छ तिम्रो हो कि कस्तो जून सानु
तिमीलाई कहिल्यै पनि सक्या छैन छुन सानु
चोखो प्रेम हामी दुईमा भए पनि डर लाग्छ
भाग्यले दिन्छ कि दिँदैन तिमी मेरो हुन सानु
तिमी मेरो अँगालोमा सदा साथ बस रमाई
टाढा भई बिछोडमा नपरोस् है रुन सानु
मुस्कान सदा रहोस् तिम्रो सुन्दर मुहारमा
नपरोस् है पीर-व्यथा आँसुले नै धुन सानु
धन-सम्पत्ति छैन भनी नदुखाऊ मन कति
माया नै छ धेरै ठूलो होइन ठूलो सुन सानु
जुनी-जुनी जिउनुपर्छ हाँसिराख बोलिराख
माया तिम्रो बुन्छु म तिमीले मेरो बुन सानु ।


**–सौगात मिश्र**

### रविन खनाल

रिसाएर थाक्छिन् उनी
विनासित्ती रिसाएर भाग्छिन् उनी
जङ्गिएर बेला-बेला जाग्छिन् उनी
नाटकजस्तै लाग्छ हाम्रो सम्बन्ध पनि
एकैछिनमा माफी माग्छिन् उनी
के सबैको दु:ख-सु:ख यस्तै होइन र
कहिले पराई कहिले आफ्नै लाग्छिन् उनी
अचम्मै छ जिन्दगीको यो अन्तर्सम्बन्ध
के-के उठाई आफैंलाई दाग्छिन् उनी
ठीकै छ के गर्ने सबको जीवन रेशम
माया न हो रिसाएर थाक्छिन् उनी ।

–रेशमकुमार सुनुवार

### तिमी भन्थ्यौ



सपनीमा ब्यूँझीकन, मध्यरातमा फोन गर्थ्यौ
लम्बा-चौडा मलाई पाउने, मायाकै कुरा गर्थ्यौ
अनायाशै मनमा राखें, कुन्नि किन थाहा छैन
तिम्रो यादमा तड्पिएर, रात काटें भन्ने गर्थ्यौ
स्विकारिन् तिम्रा कुरा, रात काट्ने साथ-साथ
अनिदोमा रात बिते, दिनमा भेट्ने कुरा गर्थ्यौ
मैले तिम्लाई हेरिरहें, मेरो मन जाँचिराख्यौ
तिम्ले भन्दा उसले बढी, माया गर्छ भन्ने गर्थ्यौ
सोझो मनले जीवन काट्दा, लोभ लाग्थ्यो होला कति
चाह छैन त्यस्तो भन्दा, अनुभव हो भन्ने गर्थ्यौ
अनेकौंका प्रस्ताव राख्ने, त्यस्तो मन तिम्रो किन
तिम्लाई यदि पाइन भने, जे नि गर्छु भन्ने गर्थ्यौ
अँगालोमा बेरी तिम्ले, ओठभरि चुम्बन गर्दा
मनको बाँध फुट्लाजस्तो, माया गर भन्ने गर्थ्यौ
कति उदार तिम्रो मन, आफैं पनि यौवन दिने
अन्त कतै नजाऊ तिमी, छँदैछु म भन्ने गर्थ्यौ ।

**- बद्री शिवाकोटी**

## ● लघुकथा ●




हे भगवान्, यथायोग्य वर पाऊँ ! एउटी युवती मन्दिरभित्रको मूर्तिसमानान्तर बाहिर उभिएर अभ्यर्थनामा लीन थिई । मन्दिरको ढोका बन्द थियो । परिसरमा पसेको एक युवकले पनि युवतीझैं अभ्यर्थना गऱ्यो । वस्तुत: ऊ पनि त्यस्तै वरका लागि त्यहाँ आएको थियो । प्रदक्षिणा गर्दा युवक युवतीको पछि-पछि पऱ्यो । यसबेला दुवैले एक-अर्कालाई अघाउँजी हेरे र आ-आफ्नो बाटो लागे । एउटा अर्को दिन । मन्दिरमै फेरि ती दुईको भेट भयो । संयोग भनूँ कि दैवले जुराएको योग भनूँ । दुवै निकै प्रफुल्लित भए । एकैछिनमा पूर्वपरिचितझैं अन्तरङ्गी भए ।

उनीहरूको तेस्रो भेट अझ सुखद् भयो । ईश्वरसित मागेअनुसार नै प्राप्त गरेको वरलाई चिरस्थायी गर्न उनीहरूले स्वयंवरको रचनासम्म गरे । यतिबेला उनीहरूले इन्द्रको स्वर्गलाई बिर्साउने गरी अर्को स्वर्ग प्राप्त गरे । स्वयंवरको क्रम उनीहरूमै रोकिएन । बरु तीव्र भयो । भनिन्छ , त्यस बेलादेखि यहाँ आएका मानिसहरू अर्को स्वर्ग जान मान्दै-मान्दैनन् ।

**- रत्न कोजू**

## सरिता बनिन् राष्ट्रिय लोकदोहोरी तारा

**माया जाल बुन्छु म,**
**झिम- झिम स्यानु नझिम्काऊ परेली**
**माया जाल बुन्छु म**

फाइनल राउन्डमा यही गीत गाएकी थिइन् सरिता गुरुङले । अन्तत: यही गीतले उनले श्रोताको मन जितिन् । धेरैले अनुमान लगाएको पनि ठ्याक्कै मेल खायो । गोरखा स्थायी घर भै पोखरा बस्दै आएकी गुरुङले ३९ जना प्रतिस्पर्धीलाई पछि पार्दै पोखरामा सञ्चालित वेस्टर्न युनियन राष्ट्रिय लोकदोहोरी ताराको उपाधि चुमिन् । गुरुङले उपाधि जितेपछि हर्षित हुँदै भनिन्, 'यति ठूलो प्रतिस्पर्धा जित्न पाउँदा मनै फुरुङ्ग भएको छ ।'

राष्ट्रिय औद्योगिक व्यापार मेलामा आयोजित उक्त प्रतियोगितामा उनले आफना प्रतिद्वन्द्वी राजेन्द्र सुवेदीलाई



४ सय ८० अंकले पछि पार्दै उपाधि जितेकी हुन् । दर्शक/श्रोता एवं निर्णायकको मतका आधारमा उपाधि चुमेकी उनले ५१ हजार ५ सय ५१ रुपैयाँ पुरस्कारसहित प्रमाणपत्र पाइन् । प्रतियोगिताका उपविजेता राजेन्द्र सुवेदीले ३१ हजार ५ सय ३१ रुपैया हात पारे ।

## चासोकमा लिम्बू जातिको फेसन शो



धरान- सधैं जिन्स टिसर्ट र वान पिसमा सजिने लिम्बू युवायुवतीहरूले यस पटक भने जातीय पहिरन नलगाई धरै पाएनन् । लिम्बू जातिहरूको महान् चाड चासोक तङ्नामका अवसरमा उनीहरू लिम्बू जातीय पहिरन लगाउन बाध्य भए । अरू बेला आधुनिक पहिरनको फेसन शो हुने धरानमा यसपल्ट भने लिम्बू पहिरनको फेसन शो भएको छ ।

त्यसै त राम्रा लिम्बू युवायुवतीहरू आफ्नै पहिरनले धपक्कै बलेका थिए । आधुनिक लिम्बू युवायुवती जब परिमार्जित तागावा र मेख्लीमा सजिएर स्टेजमा आए, उनीहरूको सौन्दर्यले सबैलाई मोहित तुल्यायो । यसरी लिम्बू युवायुवतीहरूले जातीय पहिरनमा सजिएर फेसन शो गरिरहँदा वरिष्ठ पत्रकार हर्ष सुब्बा भन्दै थिए- 'अरे, लिम्बू पहिरनमा पनि यति राम्रो फेसन शो हुँदो रहेछ ।' तागावा र मेख्लीमा सजिएर लिम्बू युवायुवती न्याम्पमा उत्रिंदा उनीहरू सुन्दर देखिएका थिए ।

किराँत याक्थुङचुम्लुङ धरानका अध्यक्ष प्रदीप मेन्याङ्बोले भने- 'हामीले अलिकति आधुनिक रूपमा आफ्नो जातीय पहिरन प्रस्तुत गर्न फेसन कलेजलाई अनुरोध गरेका थियौं, यसले लिम्बू युवायुवतीलाई आफ्नो जातीय वेशभूषाप्रति माया र सकारात्मकता दर्साएको छ ।' चासोकको चौथो दिन शुक्रबार सम्पन्न फेसन शोमा लिम्बू जातीय पहिरन प्रदर्शनीमा जम्मा पाँच-पाँच लिम्बू युवायुवतीहरू संलग्न थिए ।

भेलोसिटी कलेज धरानका फेसन डिजाइनर अस्मिता लिम्बू, चन्द्रा भट्टराई र ममता लिम्बूले उनीहरूको पहिरन डिजाइन गरेका थिए । उनीहरूले ढाका, शिल्क र हातले बुनेका कपडाका आकर्षक जातीय पहिरन तयार पारेका थिए भने महेन्द्र श्रेष्ठले कोरियोग्राफी गरेका थिए । किराँत याक्थुङचुम्लुङ धरानको आयोजनामा सञ्चालित पाँचदिने चासोकतङनाममा गायक राजेशपायल राई, दीपक लिम्बू र खगेन्द्र यक्सोले गीत-संगीत प्रस्तुत गरेका थिए ।

## अर्को गायन प्रतियोगिता

बुटवल– विभिन्न शीर्षकमा गायन प्रतियोगिता भैरहेको बेला बुटवलमा ...म पनि के कम । शीर्षकको गायन प्रतियोगिता सुरु भएको छ । स्टुडियो फायरवायरले आयोजना गरेको प्रतियोगितामा झन्डै २ सय जनाले प्रतिस्पर्धा गरे । आइतबार सम्पन्न अडिसन राउन्डबाट शिखा नेपाल, मनीष ढकाल, मंगला प्रधान, सहिमा श्रेष्ठ, सुमित शाक्य, राधा पाइजा, मोहन लिम्बू, आशा गुरुङ, दुर्गा थापा, जमुना न्यौपाने, शर्मिला थापासहित २९ जना छनौट भए । कुमार धामी, मोहन लिम्बू, समीर विक, अनिल पहाडी, गोकुल पूगेनी, क्याथरिन शाही, अभिशिखा गुभाजु, जेनिशा भुसाल, किशोर थापा, हरि थापा, गौरव हमाल, दीपक श्रेष्ठ, राजेन्द्र सुनार, सन्त विक, शिव विक, केशकुमार चौधरी पनि दोस्रो चरणका



लागि छनौट भए । पुस ४ गते दोस्रो चरणको छनौट हुने र त्यसमा १० जना छनौट गरी स्टेज राउन्डमा उतारिनेछ ।

अन्तिम १० जनाबीच निर्णायक र दर्शक भोटका आधारमा उत्कृष्ट घोषणा गरिनेछ । उपाधि विजेतालाई १ लाख रुपैयाँ बराबरको एल्बम र म्युजिक भिडियो तथा दोस्रोदेखि पाचौं स्थानमा आउनेहरूको २–२ वटा गीतको रेकर्डिङ र उनीहरूकै स्वर रहेको कलेक्सन एल्बम निकालिने आयोजक संस्थाका प्रकाश थापाले साप्ताहिकलाई बताए ।



## ● सन्देश ●

रोसमिका, काठमाडौंको कुन कुनामा हराएको हो ? फोन गर्दा पनि तिमीले त्यो कार्यालय छाडिसकेको खबर पाएँ। तिम्रा साथीलाई फोन गर्दा पनि तिमीले उनलाई कल गरेको छैन भन्छिन्। के हो कतै मलाई बिर्सन थाल्या हो ?

**नवीन**

साथीहरू भक्तबहादुर, नारायण, विष्णु, गोपाल, तिमीहरू काठमाडौंमा छौ भन्ने सुनेको छु। म पनि काठमाडौंमै छु। कृपया सम्पर्क गर ल।

**टीकाराम अर्याल**

लिली, म मलेसिया उड्दैछु। मेरा बारेमा बढी चिन्ता नगर, म जसरी भए पनि तिम्रै हुनेछु। मलाई विश्वास गर। मलाई तीन वर्ष पर्ख, विदेशबाट फर्किएपछि विवाह बन्धनमा बाँधिउँला।

**मौसम (आशिष)**

कुशल, एकपटक मेरो मोबाइलमा कल गर्नु ल।

**प्रिय**

मञ्जु, जन्मदिनको हार्दिक शुभकामनाका साथै सुस्वास्थ्य एवं दीर्घायुको कामना। सफलताको शिखरमा पुग्न सक।

**राजु**

प्रनिता, तिमी कहाँ छौ ? म त पहिले जस्तो थिएँ अहिले पनि त्यस्तै छु र तिमीले मलाई जहाँ छोड्यौ त्यहीं नै छु। तिमीले त मलाई बिर्सिसक्यौ होला तर मैले त तिमीलाई अझै पनि भुल्न सकेको छैन। प्लिज सक्छौ भने एकपटक भेट्ने प्रयास गर।

**रविन**

साथीहरू, मिलन, सुजन, आलोक, प्रल्हाद, जोनसोन, सुन्दर, कुमार, सुमन, कृष्ण, गोपी, पारू, नितेश, तारा, गीता, सुरेन्द्र, महेन्द्र, रेखा, शर्मिला, तुलविक्रम, प्रवीण, मदन, पवन, तुलसी, रामबाबु, तथा दिलीपमा मीठो सम्झना।

**एस. एन्ड एस.**

कान्छु, तिमी जति राम्री छौ त्योभन्दा पनि तिम्रो आत्मा, हृदय अझ राम्रो छ। तिमी दुःखमा पनि हाँस्न सक्ने सहनशील नारी हौ। म तिम्रो ऋणी छु, म जीवनभर तिम्रो ऋण तिर्ने प्रयास गरिरहनेछु। म सधैंभरि तिम्रै भैरहन सकूँ, हरहमेसा तिम्रै आँखामा छाइरहन सकूँ।

**एन.आर.**

प्रकाश ओझाद्वारा निर्मित तराई टेलिभिजनबाट प्रसारण भैरहेको हास्य टेलिश्रृंखला गाईकी त्रिशूलको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**जीवन दाहाल**

पत्रमित्र साथीहरू प्रवीण, एकराज, रिजन, सुनिता, पुष्पा, इन्दिरा, लीला, कुमारी, कल्पना, जमुना, पारू, इन्दिरा, सुजाता, सन्ध्या, सीता, निरकुमार, विजय, राजनलगायत सम्पूर्ण मित्रहरूमा धेरै-धेरै सम्झना। हराएका मित्रहरूलाई एकपटक पुनः सम्पर्कमा आउनुहोला भन्न चाहन्छु।

**नवराज**

## ● जीवनको गोरेटोमा ●

# अर्थहीन प्रेमपत्र



सम्बोधन गर्ने शब्दको कमीले होला, सम्बोधन नगरी मीठो सम्झना अनि मायाका सौगात पस्केको छु। सदा खुसी रहनु, जिन्दगीका रहरहरू पूरा गर्ने प्रयास गर्नु।

फोन गरेको थिएँ, घरमा आमाले तिम्रो विवाह हुँदैछ भन्ने समाचार सुनाउनुभयो। मनमा गाँठो परेर आयो, तर सहें, किनभने यो त हुनु नै थियो। तिमीले त 'पराई भयो, बिर्सियो होला' भन्ठानेकी हौली, तर त्यस्तो नहुने रहेछ। मैले तिमीलाई फोन गर्न नखोजेको होइन। तिमीलाई फोन गरेर अतीत बल्झाइदिन मन लागेन।

किन थाहा छ ? हामीहरूबीचमा फेरि दखल पर्छ कि भनेर। तिमीलाई ढाँटेर बिदेसिनु मेरो बाध्यता थियो। मेरो उमेर बढ्दै थियो। घर-व्यवहार राम्रो थिएन। हामीजस्तो पिछडिएको परिवारले घर-व्यवहार चलाउन मरुभूमिमा आई पसिना बगाउनु रीति-संस्कृतिजस्तै भएको छ। तैपनि ममा तिमीप्रति माया जागेर आउँछ। विवाहमा बोलाउँछ्यौ कि जस्तो लागेको थियो।

म भन्दिनँ, तिमीले धोका दियौ, तिम्रो वियोगको नशा दुनियाँलाई देखाउन पनि जान्दिनँ। साथमा हुँदा त लुकी-चोरी लाएको माया बिछोडमा किन प्रदर्शन गर्नुपर्‍यो र होइन ? परदेश आएर पनि त्यही त रहेछ, जति टाढा हुन्छु निष्ठुरीको माया त्यति गाढा हुँदोरहेछ। सबैतिरबाट हेला भै कसैको माया पाउन नसकेको म अभागी कसरी विदेशमा आएर मायालु अनि चोखो बन्न सक्थे र ? यो दुःखीलाई दुख पाउन लेखेको, जहाँ गए पनि दुःखले नछोड्ने रहेछ। समाज स्वार्थी छ, व्यक्ति स्वार्थी छ, यही स्वार्थी समाजमा हुर्किएकी तिमी कसरी चोखो बन्न सक्छौ ? तिमीले भूल गरेकी होइनौ, मेरो मायामै खोट रहेछ। चाहेको सबै चीज पाउनैपर्छ भन्ने पनि केही छैन।

जसले मलाई माया गर्न सिकायो उसैलाई भुलियो भने ? तिमी साथ हुँदा दुई दिनको जस्तो लाग्ने जिन्दगी अहिले त्यही जिन्दगीले मोड-मोडमा ठक्कर दिँदा लामो लागेको छ। तिमीसँगको संगतले केही भावुक बनी यो मनलाई हल्का भए पनि सान्त्वना मिलेको अनुभव भएको छ। साथीको नाताले यी शब्द पुनः दोहोर्‍याउँदैछु, जिन्दगी राम्रोसँग चलाउनु, पारिवारिक भएपछि जिम्मेवारी थपिएका होलान्। विगतको कुरा सम्झेर वर्तमानलाई धमिलो नपार्नु।

पहिलो मायामै ठेस लागेपछि अर्को नयाँ बनाउन मन मरिसकेको छ। तैपनि तिमीले साथीलाई भनेकी रहेछौ, जिन्दगीले एउटा बाटो बिराए पनि अरु बाटा आउँछन्, तर मेरो जिन्दगीमा त्यो नै अन्तिम बाटो थियो। तिमीले बुझेर बुझ पचायौ कि मैले तिमीलाई बुझाउन सकिनँ, कसको गल्ती थियो, त्यो आजका दिनसम्म बुझ्न सकेको छैन। अब जिन्दगीमा त्यस्ता बाटा कहिल्यै आउँदैनन्। समय मभन्दा धेरै अगाडि गैसकेको छ। आइहाले पनि त्यसको कुनै औचित्य हुनेछैन। मैले दुःख-विछोड, पीडामा जिउन जानिसकेको छु। यसरी नै कतिन्जेल बिताउन लगाउँछ समयले, बिताइदिउँला तर तिमीले बनिसकेको घरलाई सम्हाल्नु, सदा खुसी रहनु, तिम्रो खुसी नै मेरा लागि प्रसाद हुनेछ।

**–एस. बगाले**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ........................................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ........................................

ठेगाना : ........................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

........................................

........................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● साथी ●



रामकृष्ण पाण्डे 'अमन वैरागी' प्रहरी सेवामा कार्यरत छन्। २१ वर्षीय रामकृष्ण हाल प्रमाणपत्र तह प्रथम वर्षमा अध्ययनरत छन्। मिलनसार स्वभावका पाण्डे ५ फिट ९ इन्च अग्ला छन्। गहुँगोरो वर्णका रामकृष्ण हालसम्म अविवाहित नै छन्। सुखदुःखमा साथ दिने, मित्रता गाँसेपछि निरन्तरता दिने साथीको खोजीमा रहेका रामकृष्णलाई सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय, सिरहामा पत्राचार गर्न सकिन्छ।



प्रेम राना कक्षा १२ मा अध्ययनरत छन्। धेरै साथी बनाउने तथा भ्रमणमा रुचि राख्ने प्रेम मिलनसार स्वभावका छन्। ५ फिट ५ इन्च अग्ला प्रेम गहुँगोरो वर्णका छन्। मिलनसार, सुख-दुःखमा साथ दिने, मित्रतालाई निरन्तरता दिने साथीको खोजीमा रहेका प्रेमलाई साथी बनाउन चाहनेहरूले बन्जरिया-१, मन्दिरटोल, नवलपरासीमा पत्राचार गर्न सक्नुहुन्छ।



प्लस टु सम्मको अध्ययन पूरा गरेका महेशकुमार श्रेष्ठ हँसिलो स्वभावका छन्। ५ फिट ३ इन्च अग्ला श्रेष्ठ हालसम्म अविवाहित नै छन्। २० वर्षीय महेश गीत-संगीतमा अभिरुचि राख्छन्। उनी गहुँगोरो वर्णका छन्। केराबारी-२, मोरङका महेश मेरो भन्ने भावना त्यागेर हाम्रो भन्न रुचाउने असल साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले mks@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।



एम.ए. अध्ययनरत नवराज बुढाथोकी नयाँ-नयाँ कुरा पत्ता लगाउने र त्यस विषयमा गहिरो जानकारी राख्ने स्वभावका छन्। ५ फिट ४ इन्च अग्ला बुढाथोकीले शिक्षामा स्नातकोत्तर गरिसकेका छन्। २२ वर्षीय बुढाथोकी गहुँगोरो वर्णका छन्। रुकुमका नवराज हाल काठमाडौं बसेर अध्ययनलाई नियमितता दिइरहेका छन्। अविवाहित नवराज पत्रमित्रता एवं अध्ययनमा रुचि राख्छन्। अध्ययनशील, लगनशील, मेहनती, मित्रतालाई सधैं निरन्तरता दिने, भावनात्मक सम्बन्ध राख्ने युवक तथा युवती साथीको खोजीमा रहेका बुढाथोकीलाई साथी बनाउन चाहनेहरूले budhathoki_nab@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।



१७ वर्षीय नम्रिङ सिंजाली मगर चञ्चल स्वभावकी छिन्। ५ फिट ३ इन्च अग्ली मगर अध्ययन, भ्रमण तथा पत्रमित्रतामा अभिरुचि राख्छिन्। अविवाहित मगर गहुँगोरो वर्णकी छिन्। हाल कक्षा १२ मा अध्ययनरत उनी अध्ययनलाई प्राथमिकता दिने, निःस्वार्थी, खुलेर कुरा गर्ने र रमाइलो गर्ने साथीको खोजीमा छिन्। उनलाई वाणगंगा-६ नन्दनगर, कुरेली, कपिलवस्तुमा पत्राचार गर्न सकिन्छ।



कक्षा १० मा अध्ययनरत चन्दा राईको उचाइ ५ फिट ३ इन्च छ। हँसिलो स्वभावकी चन्दा गहुँगोरो वर्णकी छिन्। १६ वर्षीया चन्दा धेरै साथी बनाउने चाहना राख्छिन्। हाँसी-हाँसी बोल्ने, कहिल्यै नरिसाउने, कसैको ईर्ष्या-डाहा नगर्ने साथीको खोजीमा रहेकी चन्दालाई मात्रिम-५, डाँडाटोल, खोटाङमा पत्राचार गर्न सकिन्छ।

# मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?

नजिकको तीर्थ हेला । क्षणिक आनन्दका लागि अरूलाई राम्रो देख्नु स्वाभाविक हो । आफ्नो त आफ्नै हुन्छ नि ।

**विक्रम लिम्बू, धरान**

आफ्ना त सधैं जतिखेर पनि देखिने तर अर्काको झुलुक्क देखिने भएकाले ।

**विश्व अर्याल, स्याङ्जा**

मानिसहरूको स्वभावै हो, आफ्नी श्रीमती जति राम्री भए पनि आँखा त अरूकै श्रीमतीमा जान्छ ।

**नारायण कुँवर, पुर्कोट**

आफू त परियो अविवाहित ।

**सचिन**

त्यो त आफैले विवाह गरेपछि नै थाहा हुन्छ ।

**देवराज दाहाल**

मानिसको आँखा लोभी, मन पापी हुन्छ जसले गर्दा अर्काका श्रीमान्/श्रीमती राम्रा लाग्छन् ।

**उपेन्द्र गोले** (२६), **रौतहट**

आफ्ना श्रीमान्/श्रीमतीको महत्त्व नबुझेर होला । आफ्नो शंका गर्ने बानी हुन्छ तर आफ्नैको ख्याल नगर्ने श्रीमान्/श्रीमतीलाई अरूले कसरी पत्याउन सकेका होलान ? बिजोग लाग्छ मलाई त ।

**सुजित खतिवडा शर्मा**

के तपाईंलाई धेरै खायो भने गुँड पनि तीतो हुन्छ भन्ने कुरा थाहा छैन ? थाहा छैन भने सुन्नुस् सधैं एउटैसँग लसपस गर्दा दिक्क लाग्छ, त्यसैले कहिलेकाहीं मन बहलाउन यसो बाहिरी रमझमतिर लागिन्छ । ए... बूढी आइपुगी उसले थाहा पाउँछे क्या ।

**कमल जी.सी.** (२५), **खोटाङ**

यो प्रश्नचाहिँ विवाहितहरूसँग सोध्नुहोस्, उपयुक्त उत्तर आउनेछ । मलाई लाग्छ आफ्ना श्रीमान्/श्रीमती सधैं नै भेटिन्छ त अर्काका श्रीमान्/श्रीमती कहिलेकाहीं मात्र भेटिने भएको हो कि ? आँखा लोभी, मन पापी भनिन्छ नि त्यसैले पो हो कि ।

**कुमार श्रेष्ठ** (१९), **रामेछाप**

खै हजुर, मलाई त मेरै श्रीमती राम्री लाग्छे, यो त आ-आफ्नो सोंचाइमा भरपर्ने कुरा हो ।

**राम त्रिपाठी** (२३), **सर्लाही, नयाँरोड**

खै कसरी भनूँ, यो प्रश्न अर्काका श्रीमान्/श्रीमती राम्रा लाग्ने मानिससँगै सोध्नुपर्ला ।

**विनोद श्रेष्ठ** (२०), **भदौरे, रामेछाप**

आफ्नी श्रीमतीलाई सधैं हेरिरहने भएकाले नराम्रो लाग्न सक्छ र त्यसबेला अरूकी श्रीमती हेर्दा यसलाई विवाह गरेको भए हुन्थ्यो भन्ने लाग्छ ।

**प्रकाश राई**

ला... सम्पादकज्यू, यसको जवाफ त फेला पार्न सकिनँ त... अब के गर्ने ?

**मीनबहादुर परियार, काठमाडौं**

पूर्णरूपले नजानेर, नचिनेर । आफ्नोलाई पूर्णरूपेण चिनिसकिएको हुन्छ भने अर्कालाई चिन्न-जान्न बाँकी नै हुन्छ, त्यसैले ।

**खेमराज लुइँटेल** (३८), **बारा**

करङ चिलाएर, किनकि मानिसको जात न हो, आँखा लोभी, मनपापी हुन्छ रे ।

**त्रिताल नोदनाथ** (२७), **धनकुटा**

खै सम्पादकज्यू, म त अविवाहित परेँ त्यही भएर होला अर्काका श्रीमान्-श्रीमती राम्रा लाग्छन् ।

**वैधनाथ कोइराला, धादिङ**

मैले त विवाह नै गरेको छैन, यो कुरा त बाजा बजाएपछि नै थाहा होला ।

**अन्दिप उप्रेती** (२०), **सर्लाही**

## • अब हाम्रो पालो •

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
२ पढेर जानिन्छ कि परेर ?
३. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
४. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
५. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
६. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
७. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ?
९. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
९. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
१०. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?



## • यौन जिज्ञासा र समाधान •



डा. राजेन्द्र भद्रा

**प्रश्न : म ३८ वर्षीय अविवाहित पुरुष हुँ । घरायसी कारणले म विवाह-बन्धनमा बाँधिन सकेको छैन । बिस्तारै विवाह-बन्धनमा बाँधिने प्रयास गर्दैछु । ममा एक्कासि यौन समस्या देखा पर्‍यो । जस्तै, बेलाबेलामा पिसाब पोल्ने, पिसाब गरिसकेपछि कहिलेकाहीं लिंगको टुप्पो दुख्ने, पिसाब आउन धेरै समय लाग्ने, पिसाब पोल्दा कस्तो-कस्तो महसुस भै शरीरका रौं ठाडा-ठाडा हुने, पिसाब गरिसकेपछि च्याट-च्याट लाग्ने, कहिलेकाहीं हेर्न अप्ठ्यारो महसुस हुने, छिन-छिनमा पिसाब लाग्ने, आलस्य महसुस हुने, कमजोरी देखा पर्नेजस्ता समस्याहरू बेलाबेलामा देखा परिरहेका छन् । धेरै अघिदेखि मेरो एउटा नराम्रो बानी छ । म लिंग उत्तेजित भएको समयमा एकान्तमा बसेर सातामा दुई-तीन पटक हस्तमैथुन गर्छु । अहिलेसम्म कुनै पनि महिलासँग यौनसम्पर्क राखेको छैन । एकैपटक विवाह-बन्धनमा बाँधिएपछि आफ्नी श्रीमतीसँग मात्र यौनसम्पर्क राख्ने विचार गरेको छु, तर मलाई अहिले डर लागिरहेको छ, लगातार हस्तमैथुन गर्ने मेरो बानीले माथि उल्लेख गरिएका समस्या देखिएको हो कि ? पछि श्रीमतीलाई यौनसन्तुष्टि दिन नसक्दा हीनताबोध हुने हो कि ? सन्तान जन्माउँदा कुनै अवरोध आउने हो कि ? जस्ता तर्क-वितर्क मनमा उब्जिरहन्छन् । जसले गर्दा हस्तमैथुन गर्नबाट रोक्न र यी माथि उल्लेखित समस्याको निराकरण गर्न के-कस्ता कुरा अपनाउनुपर्ला ?**

**– बी.आर**

**उत्तर** : वैवाहिक जीवनमा प्रवेश गर्ने प्रयास गरिरहनुभएको कुराले खुसी लागेको छ र शुभकामना पनि व्यक्त गर्न चाहन्छु । तपाईंले अहिलेसम्म कुनै महिलासँग यौनसम्पर्क नगर्नुभएको मात्र होइन, विवाह-बन्धनमा बाँधिएपछि आफ्नी श्रीमतीसँगै पहिलो पटक यौनसम्पर्क राख्ने कुराको म प्रशंसा गर्छु ।

**तपाईंको समस्या के त ?**

तपाईंले पत्रमा एक्कासि यौनसमस्या देखा परेको कुरा गर्नुभएको छ । यौनाङ्गसँग सम्बन्धित कुरा भएकाले तपाईंलाई त्यस्तो लागेको हुनसक्छ । पुरुषमा विशेष गरेर मूत्रप्रणालीको गहिरो सम्बन्ध यौनाङ्गसग हुने भएकाले यस्तो हुने नै भयो । तपाईंलाई थाहै होला, प्रजनन तथा यौनसम्बन्धी कुरा एक-अर्कासँग एकदमै गाँसिएको हुन्छ, तर वास्तवमा प्रजनन तथा यौन एक-अर्कासँग एकदम नजिक भए पनि केही फरक छ ।

पिसाब पोल्ने वा दुख्नेजस्ता कुरा गर्नुभएको छ । यस्ता कुरा यौनरोग पनि हुनसक्छ । तपाईंलाई थाहै होला, यौनसम्पर्कबाट सर्ने संक्रमणहरूलाई नै हामी समग्रमा यौनरोग भन्छौं । अचेल यौनजन्य संक्रमण भन्ने चलन पनि छ । यौनरोग भनिए पनि यो वास्तवमा संक्रमणमा केन्द्रित हुन्छ र अन्य कतिपय यौनसमस्या यौनरोगभित्र पर्दैनन् । तपाईंको समस्यालाई केलाउँदा, तपाईंले संकेत गर्नुभएको समस्यालाई यौनसमस्या भनिहाल्न मिल्दैन । तपाईंका समस्या मूत्रप्रणालीसँग सम्बन्धित देखिन्छ । त्यसैले एकपल्ट मूत्ररोग विशेषज्ञसँग सम्पर्क राखी यससम्बन्धी कुनै समस्या भए-नभएको कुरा निक्यौंल गर्नु आवश्यक छ ।

तपाईंको समस्यालाई केलाउँदा अर्को पाटो पनि विचार गर्नुपर्ने हुन्छ । तपाईं ३८ वर्ष पुगिसक्नुभएको छ र अझै पनि अविवाहित नै हुनुहुन्छ । नेपाली समाजमा यो सामान्यतया विवाह हुने उमेरभन्दा ढिलो हो । तपाईंले प्रयासको कुरा गर्नुभएको भए पनि अहिलेसम्म किन विवाह हुन नसकेको भन्ने कुरा स्पष्ट रूपमा भन्नुभएको छैन । यसका आफ्नै कारण हुन सक्छन् । विवाह समयमा नहुने कुराले होस् वा अहिले विवाहका लागि अग्रसर हुने कुराले एक किसिमको तनाव वा चिन्ता त थप्छ नै । इच्छा भएर पनि उपयुक्त युवती नभेटिएको वा युवतीबाट आफू स्वीकार्य नभएको जस्ता कतिपय कुरा होलान् । यस्ता कुराले पनि एक किसिमको तनाव त गराउँछ नै । तपाईंले आफूमा कुनै तनाव वा चिन्ता गराउनेजस्ता समस्या छन् कि भन्नेबारेमा पनि सोच्नुपर्ने हुन्छ । त्यसैले एकपल्ट मनोचिकित्सकसँग सम्पर्क गरेर सल्लाह लिनु बेस होला ।

**के हस्तमैथुनले यौनरोग लाग्छ ?**

यस स्तम्भलाई तपाईंले नियमित रूपमा पढ्नुभएको छ भने पक्कै तपाईंले हस्तमैथुन एक स्वाभाविक यौन क्रियाकलाप हो भनेर बुझ्नुभएको होला । सामान्य रूपमा हस्तमैथुनले कुनै किसिमको हानि गर्दैन । यसलाई रोक्नुपर्ने कुनै कारण छैन । बरु यसका अनेक फाइदा पनि छन् । प्रत्यक्ष अर्को व्यक्तिसँग यौनसम्पर्क राख्ने अवसर नमिलेको अवस्थामा पनि यसले यौनआनन्द लिने मौका दिन्छ । हस्तमैथुन गर्दा अर्को व्यक्तिसँग यौनसम्पर्क गर्नु आवश्यक नभएकाले यौनरोग लाग्ने कुरा नै भएन । हस्तमैथुनसम्बन्धी नकारात्मक धारणाका कारण व्यक्तिमा ग्लानि वा दोषीपनजस्ता कुराका समस्या देखिन सक्छ, तर यो वास्तवमा हस्तमैथुनको समस्या होइन ।

**के श्रीमतीलाई यौनसुख दिन सकिएला ?**

श्रीमान्-श्रीमती दुवैमा मिल्दो यौनचाहना र यौन क्रियाकलापमा संलग्न हुन समझदारी भए दुवैले यौनसुख लिन वा दिन सक्नुहुन्छ । तपाईंको श्रीमतीको उमेर कति हुने हो त्यो त थाहा हुने स्थिति भएन । तरुण अवस्थामा यौनचाहना र यौन क्रियाकलापमा संलग्न हुने कुरामा तीव्रता हुनसक्छ । त्यसैले यस कुरामा तालमेल मिलाउन सकिए वास्तवमा यौनसुख बढी प्राप्त गर्न सकिन्छ । तपाईंले यौनसन्तुष्टि प्राप्त गर्न बाधा पार्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण छन् वा छैनन् हेर्नुपर्ने हुन्छ र त्यसलाई हटाउनुपर्छ । दैनिक जीवनमा आइपर्ने तनावहरू जस्तै चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनावलाई सक्दो पर राख्नुपर्छ । कुनै समस्या भए श्रीमतीसँग राम्रोसँग खुला रूपमा कुराकानी गरेर समाधानको बाटो खोज्नुपर्ने हुन्छ । यौनसम्पर्कमा संलग्न हुँदा भय तथा तनावरहित भएर संलग्न हुनुपर्छ ।

पुरुष र महिलाको यौनसुख प्राप्त गर्ने कुरामा केही फरक हुनसक्छ । यौन चरमसुखसम्म पुग्न महिलालाई केही बढी समय लाग्न सक्छ, त्यसैले योनिमा लिङ्ग प्रवेश गराउनुभन्दा पहिले तपाईंहरूले यौन क्रियाकलापमा संलग्न हुँदा पर्याप्त पाक्क्रीडा गर्ने गर्नुपर्छ ।

अन्तमा, एउटा कुरा के भनौं भने, कुनै पनि व्यक्तिले उसको आफ्नै इन्द्रियहरूबाट सुख प्राप्त गर्छ । संगीतको आनन्द होस्, मीठो खानेकुराको स्वाद सो व्यक्ति आफैंले लिनुपर्ने हुन्छ । अर्को व्यक्तिले त्यसको सुनिश्चिता वा ग्यारेन्टी गर्न सक्दैन । यौनसुख प्राप्तिको सन्दर्भमा पनि यो कुरा लागू हुन्छ । यो कुरा भने पक्कै हो कि अर्को कुनै व्यक्तिले सुख प्राप्त गरोस् भन्नका खातिर सहयोगीको भूमिका निर्वाह गर्न सक्छ, तर सुख प्राप्त गर्ने ग्यारेन्टी गर्न सक्दैन । आशा गर्छु, कुरा बुझ्नुभयो होला ।


के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन ।
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४ वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ इटहरी – ०२५–५८४०८८
दाङ – ०८२-५६२९८३ हरिओन सर्लाही - ०४६-५३०४८४
हेटौडा – ०५७–५२६०४६ सप्तरी, फत्तेपुर – ०३१–५५०११२

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, डन्डीफोर, चायाँको उपचारको लागि ।
शारिरिक तौल घटाउने, बढाउने ।
मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
सावधान! डाक्टरद्धारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस।
माहारूद्र आयुर्वेद फार्मेसी
लगनखेल साझाभवन - 2291316
कोटेश्वर - 4601989

GAS GEYSER
३ सेकेण्डमा पानी तात्ने Rs. 4000/-
2 Years Warranty
25% Discount
Water Filter, Solar, Chimney
Free Home Delivery & Fitting
स्मृति ट्रेडर्स, बबरमहल
Ph: 4244756, 9841344804

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧ Housekeeping ✧ Front Office ✧ Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧ Airfare & Ticketing (Fare Calculation) ✧ Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧ Tour & Travel Mgmt. ✧3/4/5 Star होटलहरूमा तालिम दिइने
✧Abroad Study- UK, USA र Australia
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

## बाटो पत्ता लगाउनुहोस्



## पत्याउनु हुन्छ ?

लासभेगासमा वार्षिक रूपमा आयोजना हुँदै आएको सान्ता क्लजको पोसाक लगाएर दौडने प्रतियोगिता हालै सम्पन्न भयो । ५ किलोमिटरको उक्त दौडको उद्देश्य सान्ता क्लजको पोसाक लगाएर एकै पटक दौडने कीर्तिमान कायम गर्नु थियो । यो पोसाक लगाएर एकै पटक १२ हजार ९ सय ६५ जना दौडिएको कीर्तिमान छ ।




हामीले पिउँदै आएको कोकाकोला कालो रंगको देखिए पनि यसको वास्तविक रंग भने हरियो हुन्छ ।



चिप्लेकीराको जिब्रोमा १४ हजार १ सय ७५ वटा दाँत हुन्छन् । ती दाँतहरू १ सय ३५ लाइनमा मिलेर रहेका हुन्छन् ।






पेरिसको तुइलेरिस गार्डेनमा सञ्चालनमा आएको रेष्टुराँले आकाशमा खाना खाने प्रबन्ध मिलाएको छ । क्रेनको सहयोगले ग्राहकलाई आकाशमा लगेर खाना खुवाइन्छ ।

## भन्न सक्नुहुन्छ ?

रमा र राधा नातेदार हुन् । रमाका बुबाले राधाकी आमाका मामाकी एकमात्र छोरीकी एकमात्र फुपूका छोराकी बहिनीसँग विवाह गरेका हुन् । के तपाई भन्न सक्नुहुन्छ- रमा र राधाबीचको नाता के होला ?

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | ३ | | ४ |
| | ■ | ५ | | | ६ | | | ■ | |
| | ■ | ७ | | | | ८ | | ■ | |
| | ■ | | ९ | | | | | ■ | |
| १० | | | | ११ | | १२ | | | |
| | १३ | | | | १४ | | | | १५ |
| १६ | | १७ | | | | १८ | | १९ | |
| | | २० | | २१ | | २२ | | | |
| | | ■ | ■ | | | ■ | ■ | | |
| २३ | | | २४ | | २५ | | | | |

**दायाँ**

१. मानवशास्त्र अंग्रेजीमा (५)
२. औषधीयुक्त पेयजल (५)
३. एउटा धातुमाथि चढाइएको अर्को धातु (३)
५. दिन लायक, दातव्य (२)
६. विष्णु वा कृष्णको अर्को नाम (३)
७. साहित्यको एक विधा (४)
९. लथालिङ्ग, छताछुल्ल (४)
१०. एक नदी (३)
११. एक दलहन (२)
१२. दुलाहालाई दुलहीले लगाइदिने माला (४)
१३. प्रभाव (३)
१४. मानिसका लागि योग्य (४)
१७. पूरा नभएको, खण्डित (३)
१८. पशुपतिको उत्तरमुख (४)
२०. रहलपहल, संचित गरिएको (३)
२२. एक प्रकारको वनस्पति (४)
२३. जुम्ल्याहा (३)
२४. नुन (३)

**तल**

१. मानो नछुट्टिएको परिवार (४)
२. मूर्तिमा प्राण प्रतिष्ठा गर्ने विधि (४)
३. नाटक मञ्चमा लगाइने पर्दा (४)
४. औंसी वा पूर्णिमाको मध्यकाल (४)
५. उकालो सकिने ठाउँ (४)
६. प्राचीनकालमा हुने व्यापार-सम्झौतासम्बन्धी कागज (५)
८. नयाँ पात, पालुवा (३)
९. कपालिक सम्प्रदाय, डरलाग्दो (३)
१०. पिंडालुको बोट (३)
११. स्तनधारी चरा (३)
१२. वनमा बस्ने काम (४)
१३. सबैभन्दा ठूलो सर्प (४)
१४. लिच्छविकालीन एक दरबार (४)
१५. हनुमान (५)
१६. सबैको प्यारो, जनप्रिय (४)
१७. संस्कृतिमा बाखो (२)
१९. गौतम बुद्धका काका छोरा (४)
२१. रक्त विकारका कारण शरीरमा देखिने दाग (३)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



# गल्फमा स्वर्ण जित्ने तयारी



● **राजु घिसिङ**

काठमाडौं- ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा प्रतिस्पर्धा गर्ने चार नेपाली गल्फ खेलाडीको एउटै लक्ष्य छ, स्वर्णपदक जित्ने। दक्षिण एसियाली खेलकुदमा पहिलोपल्ट गल्फ समावेश गरिएको हो। गल्फमा महिलाको स्पर्धा भने समेटिएको छैन।

ढाकामा नेपालको चुनौती रूपक आचार्य, टासी घले, टासी छिरिङ र विष्णु शर्माले प्रस्तुत गर्नेछन्। तीन दिन पालैपालो गोकर्ण गल्फ कोर्स, आर्मी अफिसर्स गल्फ कोर्स र रोयल नेपाल गल्फ कोर्समा छनोटका खेल भएका थिए। त्यसमा शीर्ष चार स्थानमा रहँदै उनीहरूले दुई महिनापछि हुने ढाका यात्रा निश्चित गरेका हुन्।

सागमा एमेच्योर गल्फ खेलाडीहरूले दुई-दुई स्वर्ण, रजत र काश्यपदकका लागि प्रतिस्पर्धा गर्नेछन्। पुरुषको मात्र व्यक्तिगत र टिम स्पर्धामा खेल हुनेछ। छनोट खेल ५४ होलमा खेलाइएको थियो। नेपाली नम्बर एक एमेच्योर रूपकले १७ ओभर २ सय २८ स्कोर गरेर पहिलो स्थान हासिल गरेका थिए। उमेरले निकै पाका र अनुभवी खेलाडी टासी घलेले २२ ओभर २ सय ३३ को कार्ड बनाएर दोस्रो भएका थिए। तेस्रो स्थानमा रहेका टासी छिरिङले २९ ओभर २ सय ४० स्कोर गरे।

अन्तिम दिन राम्रो स्कोर गरेका छिरिङ पहिलो दिन १५ र दोस्रो दिन आठौं स्थानमा रहेका थिए। जम्मा ३१ ओभर २ सय ४२ स्कोर गर्दै चौथो स्थान हासिल गरेर विष्णुले अन्तर्राष्ट्रिय प्रतियोगिताको ढोका खोलेका हुन्। सागबाट २३ वर्षे खेलाडीले अन्तर्राष्ट्रिय गल्फमा डेब्यु गर्नेछन्। 'प्रतिस्पर्धात्मक खेलमा सहभागी भएको पहिलो खेलमै सफलता हात लागेकोमा निकै खुसी लागेको छ', रोयल नेपाल गल्फ क्लब (आरएनजीसी) का विष्णुले भने।

सागको छनोट चरण पार गर्ने विष्णु एक्लो वरियताविहीन नेपाली एमेच्योर गल्फर हुन्। नेपाल गल्फ संघ (एनजीए) को वरियतामा रूपक पहिलो, टासी तेस्रो र छिरिङ चौथो स्थानका खेलाडी हुन्। दोस्रो वरियताका वान्चेन धोन्डुप व्यावसायिक व्यस्तताले छनोटमा उपस्थित हुन सकेनन्।

वरियता प्राप्त तीनै खेलाडीसँग अन्तर्राष्ट्रिय प्रतियोगिताको राम्रो अनुभव छ।

एनजीएका महासचिवसमेत रहेका ५२ वर्षे घलेले सर्वाधिक १७ अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छन्। त्यस्तै २६ वर्षे रूपकले ८ र छिरिङले ५ प्रतियोगिताको अनुभव बटुलेका छन्। उनीहरूको अनुभवले ढाकाको गल्फ कोर्समा पक्कै पनि फाइदा पुग्नेछ। उनीहरूले व्यक्तिगत र टिम अर्थात् दुवै स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्।

'स्वर्णपदक जित्ने लक्ष्यसाथ हामी खेल्नेछौं', यो वर्ष एसियाका ४ प्रतिष्ठित एमेच्योर प्रतियोगिता खेलेका रूपकले भने, 'प्रशिक्षण गर्नका लागि हामीसँग पर्याप्त समय छ। निरन्तर र राम्रो अभ्यास गरेर हामी खेल निखार्न जुटेका छौं।' दुई नमुरा कपको अनुभव सँगालेका ३१ वर्षे छिरिङले पनि सफलता चुम्नका लागि खेल्ने बताए।

गोकर्णमा २००६ मा भएको नवौं सार्क गल्फ च्याम्पियनसिपको टिम स्पर्धामा नेपालले रजतपदक जितेको थियो। अन्तर्राष्ट्रिय गल्फमा त्यो नेपालको एकमात्र सफलता वा पदक हो। 'त्यो उपलब्धि सागमा स्वर्ण जितेर तोड्ने प्रयास गर्नेछौं', टासीले भने। तीन वर्षअघिको कीर्तिमान भङ्ग गर्ने चुनौतीबाट उनीहरू गुज्रनेछन्।

## ५ प्रश्न





गत साता पोखरामा सम्पन्न सूर्य नेपाल वेस्टर्न ओपन गल्फको उपाधि रवि खड्काले जिते। रोयल नेपाल गल्फ क्लब (आरएनजीसी) का व्यावसायिक खेलाडीको यो लगातार दोस्रो उपाधि हो। साढे सात महिनाअघि काठमाडौंमा ३३ वर्षे उनले गल्फर पाइलट्स एनपीजीए क्लासिक जितेका थिए। खड्का नेपाल प्रोफेसनल गल्फर्स एसोसिएसन (एनपीजीए) को वरियतामा तेस्रो नम्बरमा छन्।

**वेस्टर्न ओपनको उपाधि यात्रा कस्तो रह्यो ?**

निकै कठिन, शिवराम श्रेष्ठ र मैले निर्धारित ५४ होलको खेल १५-१५ ओभरको बराबरीमा टुंग्यायौं। त्यसपछि मलाई उपाधि जित्न प्ले-अफ कुर्नुपर्‍यो। प्ले-अफको दोस्रो होलमा शिवरामको सेकेन्ड सट सीमाबाहिर गएपछि मेरो जित पक्का भएको थियो।

**समग्रमा तीन दिनको खेल कस्तो रह्यो ?**

हिमालयन गल्फ कोर्समा कम स्कोर गर्न निकै गाह्रो हुन्छ। कोर्सको संरचना भिन्न शैलीको भएकाले उकाली-ओराली पार गर्दै उत्कृष्ट गल्फ खेल्न जुनसुकै खेलाडीलाई पनि गाह्रो हुन्छ।

**भविष्यको योजना के छ ?**

खेल जित्न भाग्यको पनि साथ चाहिन्छ। भाग्यमानी रहे चाँडै तेस्रो प्रतियोगिता जित्नेछु। उपाधि यात्रामा ह्याट्रिक गर्ने चाहना छ।

**गल्फ खेलेर बाँच्न सकिन्छ त ?**

गत वर्षदेखि व्यावसायिक प्रतियोगिताको श्रृंखला 'सूर्य नेपाल गल्फ टुर' सुरु भएको छ। एनपीजीएले व्यावसायिक खेलाडीका लागि राम्रो अवसर सिर्जना गरिरहेको छ। त्यसैले राम्रो खेल्ने व्यावसायिक गल्फ खेलाडी नेपालमै खेलेर जीवनयापन गर्न सक्छन्।

**गल्फमा कसरी लाग्नुभयो ?**

एयरपोर्टको रोयल नेपाल गल्फ कोर्स घर (सिनामंगल) नजिक पर्छ। सानैदेखि साथीहरूसँग गल्फ कोर्समा खेलाडीको बल टिप्ने 'बल ब्वाय' बन्न जान्थ्यौं। बल ब्वायबाट क्याडी ब्वाय हुँदै एमेच्योर खेलाडी बनें। अहिले व्यावसायिक गल्फर भएको छु।

# सागका लागि आर्चरीको तयारी



**शिव शर्मा**

पोखरा- धनुवाण लिएर अचुक निशाना लगाउन आर्चरीका खेलाडीहरू खप्पिस नहुने कुरै भएन। परम्परागत रूपमा तीर हान्ने खेलका रूपमा चिनिएको आर्चरी खेल पछिल्लो क्रममा व्यावसायिक रूपमा अघि बढेको छ।

बारम्बार भैरहने प्रतियोगिताहरूले यसको आकर्षण बढेको हो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा नेपालले पनि प्रवेश पाएपछि यो खेलमा आउन चाहनेहरूको संख्या पनि बढ्न थालेको छ। पोखराकी शान्ति शेरचन महिला खेलाडीमा अब्बल मानिन्छन्। आर्चरीकी राष्ट्रिय खेलाडी शान्ति पाँचौं राष्ट्रिय खेलकुदमा रिकप धुन र टिमतर्फ प्रथम बनेकी थिइन्। पेसाले ब्युटिसियन भए पनि उनी आफ्नो बढी समय आर्चरी खेलमा खर्च गर्छिन्। हरेक बिहान र बेलुका धनु वाण लिएर आर्चरी खेलमा तल्लीन हुने शान्तिले भनिन्, आर्चरी खेलबाट अन्तर्राष्ट्रिय पदक जित्ने अभिलाषा छ। त्यसैगरी राज्यलक्ष्मी जोशीले पनि पोखराबाटै यो खेलमा ख्याति कमाएकी छिन्।

यतिबेला आर्चरीका यी महिला तथा पुरुष खेलाडीहरू बंगलादेशको ढाकामा हुन गैरहेको ११ औं दक्षिण एसियाली खेलकुदका लागि तम्तयार छन्। भदौ २० देखि पोखरा रंगशालामा प्रशिक्षणमा बसेका खेलाडीहरूमध्ये साग खेलकुदका लागि छनौट भएको छ। पुरुषतर्फ जित मोक्तान, प्रेमप्रसाद पुन, रमेश भट्टचन र असिम शेरचन छनौट भएका छन्। उनीहरू ७० मिटरको दूरी तथा ७ सय २० अंकका आधारमा उत्कृष्ट छानिएका हुन। छानिएका खेलाडीमध्ये प्रेमप्रसाद पुनले २००८ को दक्षिण एसियाली आर्चरीमा स्वर्ण पदक जितेका थिए। त्यस्तै उनले तीन वर्षअघि ढाकामा भएको अन्तर्राष्ट्रिय खेलमा आफ्नो टिमलाई कांस्य पदक दिलाएका थिए।

महिलातर्फ शान्ति शेरचन, राज्यलक्ष्मी जोशी, मीना दुरा र राधिका लामा छानिएका छन्। उनीहरू ५० र ३० मिटरको दूरी तथा ७ सय २० अंकका आधारमा छानिएका हुन्। किशोरकुमार गुरुङ, योगेन्द्र शेरचन तथा हरिध्वज तुलाचनले उनीहरूलाई प्रशिक्षण दिएका थिए। छानिएका पुरुष खेलाडीहरूलाई काठमाडौं र महिलाहरूलाई पोखरामा बन्द प्रशिक्षणमा राखिएको छ। पहिलो पटक आधुनिक आर्चरीसहित दक्षिण एसियाली खेलमा नेपालबाट महिलाहरूले सहभागिता जनाउँदै छन्।

माघ १५ देखि ढाकामा हुने दक्षिण एसियाली खेलमा नेपालले आर्चरीबाट पदकको आशा राखेको प्रशिक्षक किशोर कुमार गुरुङले बताए।

# खेलकुद महोत्सवमा ब्राइट फ्युचर प्रथम



विराटनगर- मोरङ प्याब्सनले विराटनगरमा चौथो खेलकुद महोत्सव सम्पन्न गरेको छ। तीन दिनसम्म चलेको खेलकुद महोत्सवमा मोरङका ६५ निजी विद्यालयका ९ सय विद्यार्थी खेलाडीका रूपमा सहभागी थिए। निजी विद्यालयस्तरीय खेलकुद महोत्सवमा मृगौलिया सलकपुरको ब्राइट फ्युचर बोर्डिङ स्कुल प्रथम भएको छ।

महोत्सवमा सहभागी भएर पदक पाउने धेरैजसो विद्यार्थी ग्रामीण भेगका छन्। सहरका विद्यालयमा अध्ययनरत विद्यार्थीको तुलनामा गाउँका विद्यार्थीको प्रस्तुति उत्कृष्ट थियो। ब्राइट फ्युचर मृगौलियाले ७ स्वर्ण, ३ रजत र ३ कांस्यसहित ३० अंकका साथ उपाधि जितेको छ। दुलारीस्थित माउन्ट मकालु बोर्डिङले १ स्वर्ण, ४ रजत र ६ कांस्यका साथ १७ अंक बटुल्दै दोस्रो भएको छ। पहिलो र दोस्रो दुवै ग्रामीण भेगका विद्यालय हुन्। त्यस्तै विराटनगरको मदर टेरेसाले ३ स्वर्ण, ३ रजत र १ कांस्य गरी १६ अंक ल्याएर तेस्रो भएको छ भने विराटनगरकै कोसी विद्यामन्दिरले ३ स्वर्णसहित ९ अंक बटुल्दै सान्त्वना पुरस्कार पाएको छ। १ सय मिटर र २ सय मिटर दौड तथा लङजम्पमा गरी तीन विधामा स्वर्ण ल्याउने कोसी विद्यामन्दिरकी जेवा खान महोत्सवकी उत्कृष्ट छात्रा घोषित भइन्। उनले प्याब्सनको चौथो खेल महोत्सवसम्ममा ११ वटा स्वर्ण जितिसकेकी छन्। त्यस्तै महोत्सवमा २ स्वर्ण ल्याउने सगरमाथा सेकेन्डरी बोर्डिङ विराटनगरका सचिन खवास उत्कृष्ट छात्र खेलाडी घोषित भए।

महोत्सवमा एथ्लेटिक्सका विभिन्न खेल तथा छात्र-छात्राका भलिबल प्रतियोगिता गराइएको थियो। प्रतियोगितामा स्टार उच्च मा.वि.ले १-१ स्वर्ण र कांस्य तथा २ रजत, गोदावरी बेलबारीले १-१ स्वर्ण र कांस्य तथा २ रजत, अन्नपुर्ण पथरीले २ स्वर्ण र १ रजत, सेन्टजोसेफ विराटनगरले १-१ स्वर्ण, कांस्य र रजत पदक प्राप्त गरे। त्यस्तै शिशु शिक्षा सदन राजघाटले २-२ कांस्य र रजत, जुपिटर स्कुल दुलारीले १-१ स्वर्ण, कांस्य र रजत, माउन्ट मकालु रंगेलीले १-१ स्वर्ण र कांस्य, नमुना विद्यामन्दिर विराटनगरले २ कांस्य, वाल्मीकि पथरीले १ स्वर्ण र १ रजत पाए। भानु मेमोयिल रंगेलीले १ स्वर्ण, एभरेस्ट विराटनगरले १-१ कांस्य र रजत, रेडस्टार पथरीले १ कास्य र २ रजत, मुनलाइट झुर्कियाले १ स्वर्ण, अरुणोदय शनिश्चरेले १ कांस्य, शिक्षादीप विराटनगरले १ कांस्य, बूढानीलकण्ठ विराटनगरले २ रजत, डीएभी विराटनगर, बीकेभीएम विराटनगर र इडेन विराटनगरले १-१ कांस्य तथा मार्ट्स विराटनगरले १ रजत पाए।

**-कमल रिमाल**





## विश्वकप फाइनल ड्र

# जर्मनी ग्रुप अफ डेथमा, ब्राजिल पनि कठिन समूहमा

**समूह ए**

**जून ११ द.अफ्रिकाविरुद्ध मेक्सिको**
**जून ११ उरुग्वेविरुद्ध फ्रान्स**
**जून १६ दक्षिण अफ्रिकाविरुद्ध उरुग्वे**
**जून १७ फ्रान्सविरुद्ध मेक्सिको**
**जून २२ मेक्सिकोविरुद्ध उरुग्वे**
**जून २२ फ्रान्सविरुद्ध द. अफ्रिका**

आयोजक दक्षिण अफ्रिका समूह 'ए' मा पर्ने निश्चित भएपछि फुटबलका विश्लेषकहरूको ध्यान उद्घाटन खेल कसले कोविरुद्ध खेल्छ भन्ने कुरामा केन्द्रित थियो। गोलाप्रथामा बफाना-बफानाको उपाधि पाएको दक्षिण अफ्रिकाको पहिलो खेल मेक्सिको विरुद्ध हुने भएपछि दक्षिण अफ्रिका दबाबमा पर्ने देखिएको छ। यो समूहबाट आयोजक दक्षिण अफ्रिकालाई दोस्रो चरणमा प्रवेश गर्न कठिन हुने देखिन्छ। यो समूहमा दुई पटकको विश्वकप विजेता उरुग्वे, सन् १९९८ को विजेता र सन् २००६ को उपविजेता फ्रान्स पनि छ। पाँच पटक विश्वकपमा सहभागिता गरिसकेको मेक्सिको पनि तुलनात्मक रूपमा आयोजकभन्दा अनुभवी देखिन्छ।

**समूह बी**

**जून १२ अर्जेन्टिनाविरुद्ध नाइजेरिया**
**जून १२ दक्षिण कोरियाविरुद्ध ग्रीस**
**जून १७ ग्रीसविरुद्ध नाइजेरिया**
**जून १७ अर्जेन्टिनाविरुद्ध द. कोरिया**
**जून २२ नाइजेरियाविरुद्ध द.कोरिया**
**जुन २२ ग्रिसविरुद्ध अर्जेन्टिना**

यो समूहमा परेका टिमहरूको इतिहास हेर्ने हो भने अर्जेन्टिनाले दुई पटक विश्वकप जितेका कारण बलियो देखिन्छ, तर अर्जेन्टिनाले दक्षिण अमेरिकी महादेशवाट १९ औं विश्वकपका लागि सिट सुरक्षित गर्न गरेको संघर्ष हेर्दा दोस्रो चरण पार गर्न कठिन पनि देखिन्छ। फुटबलका विश्लेषकहरू म्याराडोनाको प्रशिक्षणमा उत्रिएका खेलाडीहरूबीच राम्रो तालमेल मिल्यो भने अर्जेन्टिनालाई दोस्रो चरणमा प्रवेश गर्न कठिन नहुने बताउँछन्। विश्वकपमा नाइजेरियाविरुद्ध दुई पटक प्रतिस्पर्धा गर्दा अर्जेन्टिनाले आफ्नो पक्षमा जित हात पारेको थियो, तर ९४ को विश्वकपमा एकै समूहमा परेको नाइजेरियाले ग्रीसलाई पराजित गर्दै समूहको पहिलो स्थान हात पारेर दोस्रो चरण प्रवेश गरेको थियो। सन् २००२ को आयोजक दक्षिण कोरियाले आयोजक हुँदा पाएको सफलता अन्य विश्वकपमा पाउन सकेको छैन। समूह विभाजनलाई हेर्दा दक्षिण कोरियालाई दोस्रो चरण पुग्न कठिन देखिन्छ।

**समूह सी**

**जून १२ इङ्ल्यान्डविरुद्ध अमेरिका**
**जून १३ अल्जेरियाविरुद्ध स्लोभेनिया**
**जून १८ स्लोभेनियाविरुद्ध अमेरिका**
**जून १८ इङ्ल्यान्डविरुद्ध अल्जेरिया**
**जून २३ स्लोभेनियाविरुद्ध इङ्ल्यान्ड**
**जून २३ अमेरिकाविरुद्ध अल्जेरिया**

दर्शकका कारण चर्चाका आइरहने इङ्ल्यान्ड समूह सीमा परेका कारण यो समूहको खेल दर्शकदीर्घामा बसेर हेर्दा रोमाञ्चक हुनेछ। १३ पटक विश्वकपको फाइनलमा उत्रिएको इङ्ल्यान्ड यो समूहमा अनुभवी टिम मानिन्छ। सन् १९९० को विश्वकपलाई सम्भनेहरू यो विश्वकपमा पनि मौका परेमा अमेरिकाले पराजित गर्छ कि भन्छन्। यो समूहमा इङ्ल्यान्डका अन्य प्रतिस्पर्धीहरूसँग हुने सबै खेल रोमाञ्चक हुने अनुमान गरेका छन्। यो समूहका खेलहरूमध्ये सर्वाधिक रोमाञ्चक भने इङ्ल्यान्ड र अमेरिकाको खेल नै हुने देखिन्छ। दोस्रो पटक विश्वकपको फाइनलमा उत्रिएको स्लोभेनिया र तेस्रो पटक उत्रिएको अल्जेरियाले इङ्ल्यान्ड र अमेरिकालाई चुनौती दिनेछन्।

**समूह डी**

**जून १३ जर्मनीविरुद्ध अस्ट्रेलिया**
**जून १३ सर्बियाविरुद्ध घाना**
**जून १८ जर्मनीविरुद्ध सर्बिया**
**जून १९ घानाविरुद्ध अस्ट्रेलिया**
**जून २३ घानाविरुद्ध जर्मनी**
**जून २३ अस्ट्रेलियाविरुद्ध सर्बिया**

आगामी विश्वकपको ग्रुप अफ डेथका रूपमा समूह 'डी' देखिन्छ। ब्राजिलपछि सर्वाधिक पटक विश्पकप जित्ने राष्ट्र जर्मनी रहेको यो समूहमा सबै बलिया राष्ट्रहरू छन्। अस्ट्रेलिया, घाना र सर्बियाले छनौट चरणमा आफ्नो समूहमा शीर्ष स्थान हासिल गरेर विश्वकपको टिकट पाएका कारण उनीहरू बलिया टिम मानिन्छन्। यस्तो अवस्थामा जर्मनीले आफ्नो साख जोगाउन संघर्ष गर्नुपर्ने देखिन्छ। जर्मनी र अस्ट्रेलियाबीच १९७४ को विश्वकपमा प्रतिस्पर्धा भएको थियो। उक्त प्रतियोगितामा जर्मनीले सफलता हात पारेको थियो। यो समूहमा रहेका घाना र अस्ट्रेलियाबीच हुने खेलले दोस्रो चरणमा पुग्ने टिमको खाका कोर्नेछ।

**समूह ई**

**जून १४ नेदरल्यान्डविरुद्ध डेनमार्क**
**जून १४ जापानविरुद्ध क्यामरुन**
**जून १९ नेदरल्यान्डविरुद्ध जापान**
**जून १९ क्यामरुनविरुद्ध डेनमार्क**
**जून २४ डेनमार्कविरुद्ध जापान**
**जून २४ क्यामरुनविरुद्ध नेदरल्यान्ड**

समूह 'डी' लाई ग्रुप अफ डेथका रूपमा हेरिए पनि समूह 'ई' सर्वाधिक प्रतिस्पर्धा हुने समूहका रूपमा देखिएको छ। यो समूहमा युरोपियन क्षेत्रका बलिया प्रतिस्पर्धीहरू नेदरल्यान्ड र डेनमार्क छन् भने एसियाका तर्फबाट जापान र अफ्रिकी महादेशको बलियो टिम क्यामरुन छ। यो समूहबाट नेदरल्यान्ड र क्यामरुन दोस्रो चरणमा जाने देखिए पनि नेदरल्यान्ड र डेनमार्कबीच हुने खेल प्रतिस्पर्धात्मक हुने छ। योबाहेक नेदरल्यान्ड र क्यामरुनबीच हुने खेलले दोस्रो चरणमा पुग्ने टिमको खाका कोर्ने भएका कारण यो खेल यो समूहकै सर्वाधिक प्रतिस्पर्धात्मक हुनेछ।

**समूह एफ**

**जून १४ इटालीविरुद्ध पराग्वे**
**जून १५ न्युजिल्यान्डविरुद्ध स्लोभाकिया**
**जून २० स्लोभाकियाविरुद्ध पराग्वे**
**जून २० इटालीविरुद्ध न्यूजिल्यान्ड**
**जून २४ स्लोभाकियाविरुद्ध इटाली**
**जून २४ पराग्वेविरुद्ध न्यूजिल्यान्ड**

यो समूहमा इटाली शीर्ष वरियताक्रममा रहेका कारण दोस्रो चरणमा प्रवेश गर्ने सम्भावना बलियो छ। विश्वकपको पूर्वविजेता समेत रहेको इटालीको समूहमा पराग्वे र स्लोभाकिया पनि परेपछि इटालीले आफूलाई दोस्रो चरणमा प्रवेश गराउन निकै मेहनत गर्नुपर्ने भएको छ। पराग्वे दक्षिण अमेरिकी क्षेत्रबाट तेस्रो भएर आए पनि उसंग विश्वकपको अनुभव छ र स्लोभाकिया युरोपियन समूह ३ को विजेता भएर आएका कारण बलियो देखिन्छ। यो समूहमा रहेको न्यूजिल्यान्ड तुलनात्मक रूपमा कमजोर भए पनि उसको दाउ कुनै पनि टिमलाई सकेसम्म पराजित गर्नु वा बराबरीमा खेल समाप्त गर्नु नै हुन्छ। न्युजिल्यान्डको यो योजनाले दोस्रो चरणमा प्रवेश गर्ने टिमको खाकामा परिवर्तन आउने देखिन्छ।

**समूह जी**

**जून १५ आइभोरिकोस्टविरुद्ध पोर्चुगल**
**जून १५ ब्राजिलविरुद्ध उत्तर कोरिया**
**जून २० ब्राजिलविरुद्ध आइभोरिकोस्ट**
**जून २१ पोर्चुगलविरुद्ध उत्तर कोरिया**
**जून २५ पोर्चुगलविरुद्ध ब्राजिल**
**जून २५ उ.कोरियाविरुद्ध आइभोरिकोस्ट**

कतिपय फुटबलका विश्लेषकहरूले यो समूहलाई पनि ग्रुप अफ डेथको संज्ञा दिएका छन् भने केही विश्लेषकहरूले यसलाई कठिन समूहका रूपमा लिएका छन्। विश्वकप फुटबलमा लगातार सहभागिता जनाएको र सर्वाधिक पटक विश्वकप जितेको ब्राजिल रहेको कारण पनि यो समूह अन्य समूहको तुलनामा दर्शकको बढी ध्यान रहने समूहका रूपमा रहेको छ। यो समूहमा युरोपियन फुटबलको पावरहाउसका रूपमा रहेको पोर्चुगल र अफ्रिकी फुटबल पावर हाउस आइभोरिकोस्ट रहेका कारण यो समूहका प्रत्येक खेल रोमाञ्चक हुनेछन्। यो समूहमा सबैभन्दा कमजोर उत्तरकोरियालाई आँकिएको छ, तर उसले दोस्रो चरणमा जाने समीकरण परिवर्तन गर्न सक्ने देखिन्छ।

**समूह एच**

**जून १६ होन्डुरसविरुद्ध चिली**
**जून १६ स्पेनविरुद्ध स्वीजरल्यान्ड**
**जून २१ चिलीविरुद्ध स्वीजरल्यान्ड**
**जून २१ स्पेनविरुद्ध होन्डुरस**
**जून २५ चिलीविरुद्ध स्पेन**
**जून २५ स्वीजरल्यान्डविरुद्ध होन्डुरस**

यो समूहमा बलियो प्रतिद्वन्द्वीका रूपमा स्पेन देखा परे पनि होन्डुरस र चिलीले बलियो चुनौती दिने देखिन्छ। हालै नाइजेरियामा सम्पन्न भएको १७ वर्षमुनिको फिफा विश्वकपमा स्वीजरल्यान्डले सफलता पाएर उमेर समूहको प्रतियोगिताको उपाधि युरोपियन क्षेत्रमा भित्र्याएपछि स्वीजरल्यान्ड पनि बलियो देखिएको छ। युरोपियन क्षेत्रको समूह ५ को विजेता हुने क्रममा स्पेनले आफूले खेलेका १० खेलमै सफलता हात पारेर फाइनलको स्थान सुरक्षित गरेको थियो। यसैगरी दक्षिण अमेरिकी क्षेत्रबाट आएको चिली समूहको उपविजेता भएर सिट सुरक्षित गरेका कारण बलियो नै छ। योबाहेक उत्तर अमेरिकी क्षेत्रबाट आएको होन्डुरस तेस्रो भएर फाइनलको यात्रा गर्न सफल भएको हो। यो समूहबाट युरोपियन राष्ट्र दोस्रो चरणमा जाने सम्भावना बढी भए पनि चिली र होन्डुरसबीच हुने खेलले समूहको खाका परिवर्तन गर्न सक्ने देखिन्छ।


साप्ताहिक Classified Advertisement

**रोजगार**

US Organization कोलागि Basic Computer जानेका १३ कर्मचारी मासिक ११,५००, २०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल

जर्मनी, फ्रान्स, नेदरल्याण्डको लागि Aupair girls बचत ४० देखि ५०,०००, ९७४१०५६८८६, ९८०३३८६७१२, ४२४५७६१

नयाँ अफिसकोलागि विभिन्न पदमा कर्मचारी कलंकी ९८४१३८५०११

अफिसको लागि कर्मचारी ९७४११४६७२१

अगरबत्ती खेलौना बनाउनेमा रोजगार १०,०००, काम घरैमा ९७४११४८०५४ गौशाला

**तालिम**

१००% ट्रायल ग्यारेन्टी कार, मोटर साइकल, स्कुटर सिकाइन्छ, ०१-५०००५०४, ९८४१६७२७०४

सस्तोमा solar बाट CFL बाल्न ९८०८३२५०१८

संगित शास्त्र प्रशिक्षण ४२७२३८१, ९८४१२०५५७८, ९८०८४०५२७३, ९८०३१९३६७९

महिलाहरुको लागि घरमा बसीबसी ८०००, कमाउने अवसर निशुल्क ब्युटिसियन तालिम रोजगारको अवसरसाथै विदेश जानेहरुकोलागि स्पेशल कक्षा सञ्चालन भइरहेकोछ। (LWBTC) 9721456849

**उपचार**

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

रक्सी चुरोट छुटाउन यौनशक्ति बढाउन मोटोपना घटाउन बढाउन उचाई बढाउन ९८४९३६८१११

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

# आयोजक महादेशका महारथी

**• विश्वकप फुटबलमा अफ्रिका •**

सन् २०१० को विश्वकप फुटबल प्रतियोगिता अफ्रिकी महादेशमा आयोजना गर्ने मनस्थिति अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)ले राखेपछि नै अफ्रिकी राष्ट्रहरूबीच आयोजनाका लागि प्रतिस्पर्धा प्रारम्भ भएको थियो। अफ्रिकाका पाँच राष्ट्रले आयोजना गर्ने दाबेदारी गरे पनि अन्तिम चरणमा दक्षिण अफ्रिका र मोरक्कोबीच कडा प्रतिस्पर्धा भएको थियो। मोरक्कोले आयोजनाको दाबेदारीमा पराजित हुनु त पर्‍यो नै, उसले अफ्रिकी महादेशका तर्फबाट फाइनलको टिकटसमेत सुरक्षित गर्न सकेन। यो दुर्गति भोग्नेमा मोरक्को मात्र होइन, आयोजनाको दाबेदारी गर्ने सबै राष्ट्र इजिप्ट, ट्युनिसिया र लिबियासमेत रहे। यही कारणले पनि अफ्रिकी महादेशमा भएको छनौट चरणका खेलहरू रोमाञ्चक एवं कौतूहलतापूर्ण रह्यो।



## अल्जेरिया

सन् १९९० को अफ्रिकी नेसन्स कप जितेको अल्जेरियाले अफ्रिकी महादेशका तर्फबाट अन्तिम समयमा इजिप्टविरुद्ध सफलता हात पार्दा मैदानभित्र खेलाडीहरूले कठोर प्रतिस्पर्धा गर्नुपरेको थियो भने मैदानबाहिर दर्शकहरूले प्रतिद्वन्द्वीसँग भिडन्त नै गर्नुपरेको थियो। सन् १९८२ मा स्पेनले आयोजना गरेको विश्वकपको फाइनलमा पहिलो पटक प्रवेश पाएको अल्जेरिया सन् १९८६ को विश्वकपपछि पहिलो पटक फाइनलमा प्रवेश गर्न सफल भएको हो। तेस्रो पटक विश्वकपको फाइनल चरणमा उत्रिएको अल्जेरियाले फाइनलमा भने पहिलो चरण पार गर्न सकेको छैन। अल्जेरिया फाइनल ड्रमा समूह 'सी' मा परेको छ। अल्जेरियासहित यो समूहमा इङ्ल्यान्ड, अमेरिका र स्लोभेनिया छन्।

## क्यामरुन

अफ्रिकी महादेशको तेस्रो चरणमा समूह ए विजेता भएर फाइनलको सिट सुरक्षित गरेको क्यामरुन विश्वकपमा अनुभवी मानिन्छ। पहिलो पटक सन् १९८२ को विश्वकप फाइनलमा उत्रिएको क्यामरुनले त्यसको ८ वर्षपछि सन् १९९० को विश्वकप फाइनलमा प्रवेश पाएको थियो। त्यसबेला रोजर मिल्लाको प्रदर्शनका बलमा क्यामरुन क्वाटरफाइनलसम्म पुग्यो। त्यसपछिका तीनवटा विश्वकपमा क्यामरुन पहिलो चरण पार गर्न असफल रह्यो। सन् २००६ को विश्वकपको फाइनल यात्रा गर्न असफल क्यामरुन यसपटक समूह 'ई' मा परेको छ। क्यामरुनसहित यो समूहमा नेदरल्यान्ड, जापान र डेनमार्क छन्।

## नाइजेरिया

सुपर इगलको उपनाम पाएको नाइजेरियाले अफ्रिकी महादेशको तेस्रो चरणमा समूह बी विजेता भएर विश्वकप फाइनलको सिट सुरक्षित गरेको हो। सन् १९९० र ९४ मा भएको अफ्रिकी नेसन्स कपको उपाधि जितेको नाइजेरियाले विश्वकपमा दोस्रो चरण पार गर्न सकेको छैन। सन् १९९४ को विश्वकप फुटबलमा पहिलो पटक प्रवेश पाएको नाइजेरिया दोस्रो चरणमा प्रवेश गर्न सफल भएको थियो। त्यसको चार वर्षपछि नाइजेरिया दोस्रो चरणमा प्रवेश गर्न सफल भएको थियो। सन् २००२ को विश्वकपमा नाइजेरिया पहिलो चरणबाटै घर फर्किएको थियो भने सन् २००६ मा छनौट हुन सकेन। चौथो पटक विश्वकप फाइनल चरणमा छनौट भएको नाइजेरिया समूह 'बी' मा परेको छ। यो समूहमा नाइजेरियासहित अर्जेन्टिना, दक्षिण कोरिया र ग्रीस छन्।

## घाना

सन् २००६ मा जर्मनीले आयोजना गरेको विश्वकपमा पहिलो पटक प्रतिस्पर्धा गरेको घानाले चार पटक अफ्रिकी नेसन्स कप जितिसकेको थियो। उक्त विश्वकपमा घानाले संयुक्त राज्य अमेरिकालाई १ का विरुद्ध २ गोलले र युरोपीयन राष्ट्र चेक रिपब्लिकलाई शून्यका विरुद्ध २ गोलले पराजित गर्नुबाहेक खासै उपलब्धि हात पार्न सकेन। यही सफलताबाट दोस्रो चरणमा प्रवेश पाएको घाना ब्राजिलसँग शून्यका विरुद्ध ३ गोलले पराजित भएर घर फर्किएको थियो। घाना फाइनल ड्रमा समूह 'डी' मा परेको छ। ब्ल्याक स्टारको उपनाम पाएको घानाको यो समूहमा जर्मनी, अस्ट्रेलिया र सर्बिया छन्।

## आइभोरिकोस्ट

अफ्रिकी राष्ट्रहरूको समूह 'ई' मा परेको आइभोरिकोस्टले आफूले खेलेका १२ वटै खेलमा पराजित हुनुपरेन। तेस्रो चरणमा समूह 'इ' विजेता भएर दोस्रो पटक विश्वकप फाइनलको सिट सुरक्षित गरेको आइभोरिकोस्टले यसअघि सन् २००६ मा भएको विश्वकपमा पहिलो पटक प्रवेश पाएको थियो। उक्त विश्वकपमा आइभोरिकोस्टले सर्बिया एन्ड मोन्टेनिग्रोलाई पराजित गर्नुबाहेक कुनै उपलब्धि हात पारेन। पहिलो चरणबाटै घर फर्किएको आइभोरिकोस्ट यसपटक अफ्रिकी क्षेत्रबाट बलियो प्रतिद्वन्द्वीका रूपमा देखा परेको छ। विश्वकपमा समूह 'जी' मा परेको आइभोरिकोस्टको यो समूहमा ब्राजिल, पोर्चुगल र उत्तर कोरिया छन्।

## दक्षिण अफ्रिका

दक्षिण अफ्रिका यसपटक आयोजकका नाताले फाइनल चरणमा प्रवेश गरेको हो। दक्षिण अफ्रिकाले प्रतिबन्ध फुकुवा भएपछि सन् १९९८ मा फ्रान्सले आयोजना गरेको विश्वकपमा पहिलो पटक प्रवेश पाएको थियो। उक्त प्रतियोगितामा दक्षिण अफ्रिका एक खेलमा पनि सफलता नपाई घर फर्किएको थियो। यसको लगत्तै दक्षिण कोरिया र जापानले संयुक्त रूपमा आयोजना गरेको विश्वकप फुटबलमा पुनः प्रवेश पायो। उक्त विश्वकपमा दक्षिण अफ्रिकाले स्लोभेनियालाई पराजित गर्नुबाहेक अन्य सफलता हात पार्न सकेन। आयोजकको नाताले समूह 'ए' मा परेको दक्षिण अफ्रिकाको समूहमा मेक्सिको, उरुग्वे र फ्रान्स छन्।




# यसरी आयोजना हुँदैछ केटिभी एवार्ड





अघिल्लो वर्ष केटिभी एवार्डबाट पुरस्कृत नायक भुवन केसी तथा नायिका रञ्जना शर्मा ।

• कृष्ण भट्टराई

काठमाडौं– आगामी बुधबार साँझ चार बजेपछि राजधानीको सोल्टी होटलको परिसरमा नेपाली चलचित्रकर्मीहरूको आगमन प्रारम्भ हुनेछ । होटलको लबीमा बिछ्याइने हलिउड शैलीको 'रेड कार्पेट' ले नेपाली चलचित्र क्षेत्रका सेलिब्रेटी तथा कलाकारहरूलाई स्वागत गरिरहेको हुनेछ । चार बजेदेखि नै रेड कार्पेटमार्फत अघि बढ्ने कलाकारहरूको हाउभाउलाई कान्तिपुर टेलिभिजनको प्रत्यक्ष प्रसारण हेर्ने दर्शकले पनि नियाल्ने अवसर पाउनेछन् । हलिउडमा ओस्कारलगायतका एवार्ड वितरण गर्ने समारोह प्रारम्भ हुनुभन्दा अघि सेलिब्रेटीहरूलाई रेड कार्पेटमा स्वागत गर्ने पुरानो परम्परा छ । सोल्टी होटलको लबीमा 'रेड कार्पेट' बिछ्याउनु अस्वाभाविक पनि हुनेछैन, किनभने नेपाली चलचित्र क्षेत्रकै सबैभन्दा बृहत् सम्मान समारोह 'केटिभी चलचित्र एवार्ड-२०६६' को रमझम त्यही 'रेड कार्पेट' बाट प्रारम्भ हुनेछ । चलचित्रका नायक-नायिका, गायक-गायिका, निर्देशकलगायत अन्य सबै कलाकारलाई करिब आधा घण्टासम्म 'रेड कार्पेट' ले स्वागत गरेपछि मात्र साँझ ४:३० बजेपछि 'केटिभी एवार्ड-२०६६' वितरण गर्ने कार्यक्रम प्रारम्भ हुनेछ ।

नेपाल चलचित्र प्राविधिक संघले दोस्रो पटक आयोजना गर्न लागेको केटिभी एवार्ड-२०६६ मा वर्ष-२०६५ मा प्रदर्शन भएका चलचित्रहरूमध्येबाट सर्वोत्कृष्ट चलचित्र, कलाकार तथा प्राविधिकहरूलाई एवार्ड प्रदान गरिनेछ । कार्यक्रमलाई रोमाञ्चक तथा मनोरञ्जक बनाउन आयोजकहरू विगत दुई सातादेखि तयारीमा व्यस्त छन् । आयोजकमध्येका एक मनोज केसी भन्छन्– 'लगभग सबै तयारी पूरा भैसकेको छ । हामीलगायत सम्पूर्ण नेपाली चलचित्रकर्मी आगामी बुधबारको पर्खाइमा छन् ।'

एवार्ड वितरण समारोह करिब तीन घण्टा लामो हुनेछ । नेपाली चलचित्र क्षेत्रका परिचित अनुहारहरूले उद्घोषण गर्ने उक्त कार्यक्रममा यसपटक लोकप्रिय नायक-नायिकाहरूको नृत्य तथा सांस्कृतिक कार्यक्रम हेर्न पाइनेछ । सर्वोत्कृष्ट मेकअप आर्टिस्टबाट प्रारम्भ हुने एवार्ड वितरणको क्रम सर्वोत्कृष्ट चलचित्रको घोषणा हुँदासम्म जारी रहनेछ ।

अघिल्लो वर्षको एवार्ड वितरण समारोहको तुलनामा यसवर्षको समारोहलाई आकर्षक बनाउन झन्डै एक दर्जन चर्चित नायिकाहरूले आकर्षक नृत्य प्रस्तुत गर्दैछन् । समारोहको प्रारम्भमा नायिका झरना थापाले एउटा शास्त्रीय धुनमा शास्त्रीय नृत्य प्रदर्शन गर्नेछिन् ।

एवार्ड वितरणका लागि उद्घोषकले चलचित्र क्षेत्रका नयाँदेखि पुराना कलाकारहरूको जोडीलाई पालैपालो स्टेजमा बोलाउनेछन् । एवार्ड हस्तान्तरण गर्न स्टेजमा पुग्ने कलाकारले सम्बन्धित विधाको मनोनयन सँची प्रोजेक्टरमार्फत प्रस्तुत गर्नेछन् । त्यसपछि आयोजकमार्फत प्राप्त शिलबन्दी खाम खोलेर विजेताको नाम घोषणा गर्नेछन् ।

एवार्ड समारोहमा 'एक्सक्लुसिभ' प्रस्तुतिका रूपमा नायकद्वय राजेश हमाल तथा राजबल्लभ कोइरालालाई प्रस्तुत गरिनेछ । उनीहरूले दुई भिन्न कवितामा अभिनय गरेर उपस्थित दर्शकलाई मनोरञ्जन दिनेछन् । राजेश हमालले चलचित्र गीतकार बाबुराम दाहालद्वारा रचित राजेश हमालकै जीवनगाथामा आधारित कवितामा अभिनय गर्नेछन् भने राजबल्लभले भूपाल राईको युद्ध तथा शान्तिमा आधारित कवितामा अभिनय गर्नेछन् ।

कार्यक्रमलाई संगीतमय बनाउने जिम्मा गायक राजेशपायल राई, आनन्द कार्की, गायिका अञ्जु पन्त तथा मल्लिका कार्कीलाई प्रदान गरिएको छ । कार्यक्रममा राजेश र अञ्जु तथा आनन्द र मल्लिकाले युगल गीत प्रस्तुत गर्ने सम्भावना छ । एवार्डका लागि मनोनीत 'सागरसरि चोखो माया...' गाउन राजेश र अञ्जु स्टेजमा पुगेको केही समयपछि मात्र आनन्द र मल्लिकाले आफ्ना गीत सुनाउनेछन् ।

एवार्ड वितरण समारोहको अर्को प्रस्तुतिका रूपमा नायक-नायिकाहरूको सामूहिक नृत्य प्रस्तुत गरिनेछ । युना उप्रेती, रेजिना उप्रेती, नन्दिता केसी, रञ्जना शर्मा, शुभेच्छा थापा आदि नायिकाहरूले सामूहिक नृत्य प्रस्तुत गर्नेछन् । 'थिम' मा आधारित उक्त सामूहिक नृत्यमार्फत नायिकाहरूले एउटा समयचक्रलाई प्रतिविम्बित गर्नेछन् । नृत्यको अन्त्यमा उनीहरूले हामी सबै नेपाली हौं भन्ने भावना प्रस्तुत गर्नेछन् । नायक विरेन श्रेष्ठ तथा नायिका अरुणिमा लम्सालको चलचित्र 'मिस्टर मंगले' को 'रंगा रोई...' गीतको युगल नृत्यले पनि दर्शकको मन जित्न सक्ने अनुमान गरिएको छ । सोही समारोहमा नायिका उषा पौडेलको एकल आधुनिक नृत्य पनि समावेश गरिएको छ । समारोहमा यसपटक सर्वाधिक ३४ विधामा विभिन्न चलचित्रकर्मी तथा चलचित्रलाई पुरस्कृत गरिनेछ, जसमा लाइफ टाइम एचिभ्मेन्ट एवार्ड पनि समावेश छ ।

यसैबीच 'केटिभी चलचित्र एवार्ड-२०६६' का सबै विधामा मनोनीत हुने चलचित्रकर्मीहरूलाई आज शुक्रबार साँझ पुलिस हेल्थ क्लबमा आयोजना गरिने एउटा समारोहमा प्रमाणपत्र तथा टोकन अफ लभ प्रदान गरिनेछ ।

## नायक-नायिकासँगै दर्शक झुमे

पोखरा–पोखरामा गत साता सकिएको राष्ट्रिय औद्योगिक व्यापार मेलामा भएको सांस्कृतिक कार्यक्रममा नायक नायिका दिलीप रायमाझी र झरना थापाले दर्शकलाई फरक स्वाद दिए । नायक-नायिकाले एक स्वरमा भने, 'नमस्ते लभ्लीपोखरा ।' पप गायक अनिल सिंहको घुमेर नाचौन गीतमा तालमा ताल मिलाउँदै नाचेका उनीहरूसँगै दर्शक झुमे ।

यति धेरै दर्शकमाझ कार्यक्रम प्रस्तुत गरेको पहिलो हो, नायक रायमाझीले भने, 'चिसो मौसममा पोखरेली दर्शकमाझ प्रस्तुत हुन पाउँदा रमाइलो अनुभूति भएको छ ।' हतारमा आएका उनीहरू एउटा गीत मात्रै गाएर कार्यक्रम स्थलबाट बाहिरिए । नायक-नायिकको आकर्षण सेलाउन नपाउँदै गायिका अञ्जु पन्तलाई पाएपछि दर्शक झनै रोमाञ्चित बन्न पुगे ।



खुम्जुङ होटेल तालिम बागबजारमा
कुक/वेटर/हाउसकिपिङ्ग/बारमेन/बेकरी लगायत सम्पूर्ण होटल तालिमहरुमा भर्ना धमाधम लिईदैछ । प्राक्टिकल ५ स्टार लेवलको होटलमा गराइने. चाइनिज, इण्डियन र कन्टिनेन्टल खानाहरुका लागि रेष्टुरेन्ट र बारको पनि सुविधा भएको साथै होष्टेलको पनि व्यवस्था छ ।
Hotel Khumjung Pvt. Ltd.
हेड अफिस चक्रपथ महाराजगज (नारायण गोपाल चोक)
Ph 4016194, 4016111
सिटि अफिस: बागबजार पि.के कलेज अगाडि यति प्लाजा भित्र, प्यासिफिक विल्डिङ्ग
PH 016226791, 9841578724

Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पानी ट्याङ्की): Tel: 4483414
New Baneshwor Chowk (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adwait Marg (Bagbazar): Tel: 4232866
Lagankhel (Bus Park): Tel: 5004018

रोजगारकै लागि तालिम–विशेष छुटमा
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
१५ दिनमा नै फोटोग्राफी भिडियोग्राफी तालिम सिकाइने
Digital Video-Editing & Animation
World Wide Valid Certificate नेपालको नं. 1 Study Center
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

फोटोग्राफी/भिडियोग्राफी/उद्घोषण
Hurry UP
❊ फोटो/भिडियो एडिटिङ ❊ ग्राफिक डिजाईन,
❊ फोटो/भिडियो प्रत्रकारिता ❊ फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
English Language सिकाईदैछ।
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साझा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, kolasktm@yahoo.com, 4216291

फ्रि ! फ्रि !! फ्रि !!!
Waiter तालिम
१५ जनालाई मात्र
दैनिक भत्ता समेत
☞ उत्कृष्ट 10 जनालाई रोजगारी ।
☞ विदेश जानलाई मान्यता प्राप्त ।
सिभिल नेशनल एकेडेमी
नयाँ बानेश्वर चोक, नयाँ बानेश्वर डिपार्टमेन्ट स्टोर अगाडि
PH: 4780228, 9841381416

होटल तालीम
छुट्ता (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

३ महिनामा ४" उचाइ बढाउने
♦केश झर्न तुरन्तै रोकी उमार्ने
♦१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

Why to pay more !!!
IELTS
@
Rs.2500/- only
free 5 books, CDs & GROUP DISCOUNT
EDUCATIONAL AND CAREER DEVELOPMENT CENTRE
Putalisadak (opp. to NIB), kathmandu
Tel.: 4212374, 9841 427634

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
10th Year of Establishment
South Asia Tourism HRD Program मा आधारित तालिम
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक
(अन्तर्राष्ट्रिय सभा केन्द्रको पानी ट्यांकीको पश्चिम)
✆ ४४७२५५३/४४७५११३
Affiliated to CTEVT
Member HAN REBAN ATHTIN

ग्लोवलको तालिम 5★मा
* Hotel Mgmt./ F&B Management
* Kitchen Mgmt. / Fast food cooking
* House wife cooking
* Pastry & Bakery arts/ Carving
* F&B Service & Bar
* House-Keeping/ Front office Mgmt.
* In service course for Cook/Chef
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
☎ 4484098, 2134544
नयाँबानेश्वर मिनभवन शान्तिनगर गेट संगै

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल ।**